# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नाटककार बालकृष्ण सम (१९५९-२०३८) नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । समले कविता, कथा, निबन्ध, नाटक, एकाङ्की, चित्रकला र दर्शनजस्ता विभिन्न विधामा कलम चलाए तापनि समको मुख्य प्रसिद्धि प्राप्तिको विधा नाटक नै हो । सम पूर्वीय वियोगान्त अवधारणालाई चिरेर पाश्चात्य दुःखान्त नाट्य चेतनालाई अवलम्बन गर्ने प्रथम आधुनिक नाटककार हुन् ।

समले ऐतिहासिक, पौराणिक, रामाजिक, सुखान्त र दुःखान्त प्रवृत्तिका नाटकहरू लेखेका छन् । समको नाट्ययात्रा **मिलीनद** (१९७७) नाटकबाट सुरु भएको हो । समले एकाङ्की, पुर्णाङ्की, सयोगान्त र वियोगान्त नाटकहरू पद्य र गद्य शैलीमा रचना गरेका छन् । उनका **मुटुको व्यथा** (१९८६), **ध्रुव** (१९८६), **मुकुन्द इन्दिरा** (१९९४), **प्रह्लाद** (१९९५), **प्रेमपिण्ड** (२००९), **अमरसिंह** (२०१०), **भीमसेनको अन्त्य** (२०१२-१३), **तानसेनको झरी** (२०२६), **स्वास्नी मान्छे** (२०३३) आदि नाटक रहेका छन् भने एकाङ्कीहरू **बोक्सी** (१९९९), **भनेर** (२०१०), **नालापानी** (२०२०), **रणदुल्लभ** (२०२०), **बिरामी र कुरुवा** (२०२७), आदि प्रकाशित भएका छन् । समका नाट्य क्षेत्रसँग सम्बन्धित रहेर स्नातकोत्तर, दर्शनाचार्य तथा विधावारीधी तहमा पनि प्रसस्त मात्रामा शोध-अनुसन्धान भएका छन् । यो हुँदाहुँदै पनि उनको **भीमसेनको अन्त्य** नाटकमा द्वन्द्वको खोजी प्रस्तुत हुन सकेको छैन । त्यसैले 'भीमसेनको अन्त्य' नाटकको कथानक, चरित्र वा पात्र र परिवेशमा द्वन्द्वको खोजीसम्बन्धी शोधकार्य गरिएको छ ।

## १.२ समस्याकथन

बालकृष्ण समद्वारा लिखित **भीमसेनको अन्त्य** नाटकमा द्वन्द्व खोजीको लागि सबै भन्दा पहिले नाटक भित्र के कसरी द्वन्द्वको उपस्थिति रहन्छ भन्ने विषयमा प्रस्ट हुन आवश्यक छ । त्यसपछि **भीमसेनको अन्त्य** नाटकमा द्वन्द्वको खोजी गर्नु अर्को महत्त्वपूर्ण

कार्य हो । यिनै कुरालाई ध्यानमा राखि शोधकार्य सम्पन्न गर्नका लागि निम्न लिखित शोध समस्या प्रस्तुत गरिएको छ ।

१. **भीमसेनको अन्त्य** नाटकको कथानक र परिवेशमा केकस्तो द्वन्द्व रहेको छ ?
२. **भीमसेनको अन्त्य** नाटकका चरित्रका बिचमा केकस्तो द्वन्द्व रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

**भीमसेनको अन्त्य** नाटक द्वन्द्व विधानमा केन्द्रित रहेको छ । समस्या कथनमा उल्लेख गरिएको समस्याहरूको समाधान गर्नु नै यो शोधकार्यको मुख्य उद्देश्य रहेको छ । तसर्थ यसको प्रमुख उद्देश्य निम्न अनुसार केन्द्रित रहेको छ ।

१. **भीमसनेको अन्त्य** नाटकको कथानक र परिवेशमा रहेको द्वन्द्वको निरूपण गर्नु;
२. **भीमसनेको अन्त्य** नाटकका चरित्रमा रहेको द्वन्द्वको खोजी गर्नु;

## १.४ पूर्वकार्यको समीक्षा

नाटककार बालकृष्ण समले उल्लेखनीय योगदान पुऱ्याएका छन् । बालकृष्ण समका प्रशस्त मात्रामा समालोचना, शोधपत्र, शोधप्रबन्ध लेखन भएका छन् । समालोचकहरूले विभिन्न समयमा गरेका टिकाटिप्पणीलाई समेट्ने प्रयास गरेका छन् । बालकृष्ण समको पूर्वमा भएका सामान्य चर्चा र टिप्पणीलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

छन्दविनोद दाहाल (२०४२) ले "समको ऐतिहासिक नाटकको अध्ययन" शीर्षकको शोधपत्रमा समका ऐतिहासिक नाटकहरूको अध्ययन गर्ने सन्दर्भमा **भीमसेनको अन्त्य** नाटकको चर्चा गरेका छन् । यसमा उनले 'भीमसेनको अन्त्य' ऐतिहासिक समय र स्थानको बयान गरेका छन् भनि उल्लेख गरेका छन् ।

केशवप्रसाद उपाध्याय (२०५२) ले वि.सं. २००० देखि सम राष्ट्रिय इतिहासका महत्त्वपूर्ण घटना र महिमाशाली व्यक्तित्वहरू प्रति आकर्षिक हुँदै गएकाले वि.सं. २०१२-१३ मा इतिहासलाई नाट्य रूपमा गर्ने इच्छाको प्रतिफल स्वरूप **भीमसेनको अन्त्य** नाटक लेखेका हुन् भनेका छन् ।

ईश्वरकुमार श्रेष्ठ (२०५६) ले **भीमसेनको अन्त्य** नाटक ऐतिहासिक सुन्दर या कलात्मक प्रकाशनका साथसाथै स्वराष्ट्रप्रेम, स्वाजातिप्रेम र मानवीय स्वअस्मिता प्रेमका सशक्त नमुना प्रस्तुत गर्न सफल छ भनेका छन् ।

कर्णबहादुर कार्की (२०५९) ले "**भीमसेनको अन्त्य** नाटकको कृतिपरक अध्ययन" शीर्षकको शोपधत्रमा भीमसेनको अन्त्य हनुमानढोका दरवारको कोठा, चोटा, एकदेव वैद्यको घर, भीमसेनलाई थुनामा राखिएको कोठामा घटित घटनामा आधारित ऐतिहासिक दुःखान्त नाटक वि.सं. १८९४ देखि १८९६ सम्मका अवधिमा षड्यन्त्र, विश्वासघात, छलफलको मुख्य प्रस्तुति भनेका छन् ।

ताना शर्मा (२०६२) ले सम र समका कृतिमा **भीमसेनको अन्त्य** नाटकका पहिला चार अङ्कहरु १८९४ सालसित सम्बद्ध छन् र पछिल्ला चार अङ्कहरु १८९६ सालमा दरबारमा षड्यन्त्रमा घतित घटनामा आधारित छन् भनि उल्लेख गरेका छन् ।

देवीप्रसाद सुवेदी (२०६४) ले समको सुखान्त नाट्यकारिता शीर्षकको पुस्तकमा बालकृष्ण समका सुखान्त नाट्य कृति र सोको प्रवृत्तिको चर्चा गरेका छन् । सुवेदीले प्रस्तुत पुस्तकमा बालकृष्ण समको जन्म हुनु केही समय पूर्वदेखि उनको मृत्यु सम्मका सन्दर्भलाई जीवनी व्यक्तित्व र कृतित्वको तहमा प्रस्ट्याउने काम गरेका छन् । सुवेदीले बालकृष्ण समबाट लिखित **भीमसेनको अन्त्य** नाटकको चर्चा नगरेको पनि उनको अध्ययनबाट बालकृष्ण समको नाट्य रचना सन्दर्भ र सोको प्रभाव 'भीमसेनको अन्त्य' नाटकमा के कसरी परेको छ भन्ने कुरा स्पष्ट पारेका छन् ।

केशवप्रसाद उपाध्याय (२०६५) ले **भीमसेनको अन्त्य** प्रख्यात ऐतिहासिक घटनामा आधारित दुःखान्त नाटक हो, यसमा प्रधानमन्त्री भीमसेन थापाले जीवनका अन्तिम कालमा भोग्नु परेका दुःख र दुःखान्त प्रस्तुत छ । नाटकको शीर्षकमै दुःखान्तलाई बुझाउने अन्त्य शब्दको प्रयोगले शीर्षकबाट अभिधात्मक रूपमा नै यो दुःखान्त नाट्यकृति हो भन्ने कुरा प्राप्त हुन्छ भनि भनेका छन् ।

आशा कुमारी गुरुङ्ग (२०७३) ले "**भीमसेनको अन्त्य** नाटकमा परिवेश विधान" शीर्षकको शोधपत्रमा **भीमसेनको अन्त्य** नाटक वि.सं. १८९४ देखि १८९६ सम्मका अवधिमा

हनुमानढोका देरवारको कोठा, चोटा, एकदेव वैद्यको घर भीमसेनलाई राखिएको कोठामा घटेको घटनालाई ऐतिहासिक नाटकको स्थान र वातारणको बयान गरेकी छन् ।

माथिका पूर्वकार्यको अध्ययनबाट **भीमसेनको अन्त्य** नाटकमा द्वन्द्वको बारेमा विभिन्न सन्दर्भमा चर्चा-परिचर्चा गर्दै उनको व्यक्तित्वको अनेक पाटा र नाटकीय प्रवृत्तिका बारेमा विभिन्न लेखक, समालोचक, समीक्षकहरूले आ-आफ्नो उद्देश्यअनुरूप चर्चा गरेका छन् । मूल रूपमा पात्रका बीचमा आन्तरिक तथा बाह्य द्वन्द्व रहे पनि यसका साथै कथानक र परिवेशको पनि द्वन्द्वको उपस्थिति रहेको कुरा माथिको अध्ययनबाट थाहा पाउन सकिन्छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधपत्रको शीर्षक **भीमसेनको अन्त्य** नाटकको द्वन्द्वविधान आफैमा औचित्यपूर्ण छ । आधुनिक नाटककार बालकृष्ण समद्वारा रचित 'भीमसेनको अन्त्य' नाटकमा कथानक, चरित्र, परिवेशमा द्वन्द्वको अध्ययन तथा विश्लेषण गरिएको छ । समका नाट्य कृतिहरूको जे जति अध्ययन-अनुसन्धान विश्लेषण भएका छन् ती मध्ये भीमसेनको अन्त्य नाटकमा द्वन्द्वविधान विषयमा छुट्टै अध्ययन नभएकाले द्वन्द्व विधानको विश्लेषण गर्नु नै यस शोधको औचित्य र महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध नाटककार बालकृष्ण समको **भीमसेनको अन्त्य** नाटकको द्वन्द्व विधानको अध्ययन विश्लेषणसँग सम्बन्धित भएकाले नाटकको द्वन्द्व विधानमा मात्र सिमित गरिएको छ । द्वन्द्व विधानबाहेक अन्य तत्त्वहरूका आधारमा नाटकको विश्लेषण गरिएको छैन । यो यसको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि तलका शोधविधि तथा सामाग्री सङ्कलन विधिको प्रयोग गरिएको छ ।

### १.७.१ सामाग्रीसङ्कलन विधि

प्रस्तुत शोध मूलत : पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । यसको अतिरिक्त विषयवस्तुसँग सम्बन्धित रचना, समिक्षा, पत्रपत्रिका आदिलाई सहायक सामाग्रीका रूपमा लिइन्छ । आवश्यकतानुसार शोध शीर्षकसँग सम्बन्धित व्यक्तित्त्व, विशेषज्ञ आदिको प्रयोग गरिएको छ ।

### १.७.२ सामाग्री विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोध कार्य सम्पन्न गर्न आधुनिक नाट्य सिद्धान्तलाई मुख्य आधार मानिएको छ । सैद्धान्तिक आधारका रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पूर्वकार्यको अध्ययन वा पूर्व प्रकाशित विविध पुस्तक तथा सैद्धान्तिक ग्रन्थहरूको अध्ययन गरि सैद्धान्तिक आधारहरू निर्धारण गरिएको छ । नाटकमा द्वन्द्वको उपस्थिति गर्नका लागि द्वन्द्वसम्बन्धि पूर्वीय र पाश्चात्य मान्यतालाई अध्ययन तथा विश्लेषणको मूल आधार मानिएको छ । जसमा कथानकमा द्वन्द्व, पात्रमा द्वन्द्व र परिवेशमा द्वन्द्वका आधारमा सम्पूर्ण व्याख्या र विश्लेषण गरिएको छ ।

### १.८ शोत्रपको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुसङ्गठित रूपमा पूरा गर्नका लागि विभिन्न परिच्छेद, शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस शोध पत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : द्वन्द्वको सैद्धान्तिक स्वरूप

तेस्रो परिच्छेद : **भीमसेनको अन्त्य** नाटकको कथानक, चरित्र र परिवेशमा द्वन्द्व विधान

चौथो परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# द्वन्द्वको सैद्धान्तिक स्वरूप

## २.१ द्वन्द्वको परिचय

द्वन्द्व संस्कृत शब्द हो । 'द्वि' शब्दको द्वित्व भएर द्वन्द्व शब्द बन्दछ । द्वन्द्व शब्दको प्रयोग विभिन्न अर्थमा भाषा, साहित्य, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र आदि क्षेत्रमा भएको पाइन्छ । द्वन्द्वको अर्थ, जन्तुयुग (मनुष्य, युगल पनि), स्त्री-पुरुष, भाले-पोथी, दुई वस्तुको जोडा, दुई विरोधी अवस्थामा गुणको जोडा (जस्तै - सुख, दुःख, शीत-उष्ण), झगडा, लडाइँ, कलह, युद्ध, कुस्ती, सन्देह, अनिश्चित हो । नेपाली शब्द सागरमा द्वन्द्व शब्दको अर्थ यसरी प्रस्तुत गर्न सकिन्छ । शास्त्र अनुसार उभय पदार्थ समान हुने अनेक वस्तुको समाहार बनाउने समास ज्यादै अप्ठेरो खालको रोग परस्पर दुई विरोधी तत्त्वको जोडा, दुई व्यक्तिको झगडा, संघर्ष, द्वन्द्वयद्ध, मल्लयुद्ध, घम्साघम्सी, बाझाबाझ, कलह, जोइपोई, लोग्नेस्वास्नी, दाजुभाई, साथीभाई, दुई चीजको जोडा, युगल जोडी, भन्ने हुन्छ ।

कुनै पनि बस्तुको जोडा, युग्म, युगल आदि बीचको, धर्म, संस्कृति, वातावरण, लोग्ने-स्वास्नी आदि बीचको दुई भिन्न बीचारलाई वा कुस्ती आदिलाई नै द्वन्द्व भनिन्छ । माथिका अनुसार द्वन्द्व भनेको दुई विपरीत अवस्था, गुण, प्राणी, वस्तु, विचार, भावना वा धारणा बीच हुने झगडा, कलह, संघर्ष, सन्देह, दोधार हो । सामान्य बोलीचालीको भाषामा द्वन्द्व भन्नाले झगडा, मनमुटाव, वैरभाव, दुस्मनी, लडाइँ आदि बुझिन्छ (कोइराला २०६६ : पृ. ८) । अमर कोशमा द्वन्द्व भनेर लोग्नेस्वास्नीका नाम भनिएको छ । यसैगरी द्वन्द्वका विषयमा विविध मान्यता र मतहरू पाइन्छन् । चराचरको समग्र तत्त्वमा वस्तुमा जीवनमा अथवा कुनै पनि स्थितिको निर्माण हुनमा द्वन्द्वको नै कारक तत्त्व देखिन्छ । सुरुमा पृथ्वीको रचना वा त्यसपछि प्राणीहरूको रचना सबै द्वन्द्वबाट नै भएको पाइन्छ ।

देवता र दैत्य बीचको घमासान युद्ध पनि द्वन्द्वको ज्वलन्त प्रतिक्रिया हो । भौतिक पदार्थमा हेगेल आदिले द्वन्द्व रहनछ भनेका छन् । अब मानिसमा रहने द्वन्द्वलाई कुरा गर्दा मानिसभित्र र बाहिर देखा पर्ने असन्तुष्ट, वैमनस्य, ईर्ष्या, क्रोध, अहङ्कार, क्षुधा, झगडा, देष, हत्या, वितृष्णा, वैमष्मम्य, असन्तोष, युद्ध, त्याग, मृत्यु आदि सबै द्वन्द्व कै उपज

हुनसक्छ । यसरी नै आकाश, पृथ्वी, जल, वायु र तेजजस्ता पञ्चमहाभूत सत्त्व रज र तम जस्ता त्रिगुण र प्राणीको इन्द्रियहरू सबै द्वन्द्वमय छन् । हाम्रो शरीर रातदिन द्वन्द्वमा परिणत हुन् । यसरी के भन्न सकिन्छ भने द्वन्द्वविना कुनै पनि दृश्य वा अदृश्य पदार्थको निर्माण हुँदैन र अस्तित्त्ववान पनि बन्दैन । धार्मिक दृष्टिले हेर्दा प्रकृति र पुरुष, आत्मा र परमात्माको जोडा नै संसार हो । सामाजिक तथा सांस्कृतिक तहबाट द्वन्द्वलाई केलाउने हो भने दुई भिन्न संस्कृति तथा दुई सामाजिक स्तर (हुने खाने र हुँदा खाने) बीच द्वन्द्वको स्थिति सिर्जना हुने गर्दछ । दुई विपरीत स्वभाव वा प्रकृतिका पात्रलाई विपरीत शक्तिका रूपमा राखिन्छ । एकातिर पुरै समाज र अर्कातिर एक्लो व्यक्तिलाई दुई विपरीत शक्तिका रूपमा देखाइन्छ । द्वन्द्वको परिभाषा तथा अर्थ निरपेक्ष रूपमा नभई सापेक्ष रूपमा हुने देखिन्छ । एउटै पात्रका मनमा अनुकूल र प्रतिकूल भाव वा विचार रहने गर्दछ । द्वन्द्वको सिर्जना वस्तुका स्वभावबाटै हुन्छ । नाटकको अस्तित्त्व द्वन्द्वविना कल्पना गर्न पनि सकिदैन । द्वन्द्व परस्पर विरोधी विचारका बीचमा सङ्घर्ष हुने गर्दछ । कुनै पनि व्यक्ति निश्चित गन्तव्यमा पुग्नको लागि उद्देश्य वा कथामा अवरोध खडा गर्न विरोधी विचारका क्रियाकलापहरू सक्रिय हुन थाल्दछन् र दुवै थरी व्यक्ति वा समूहका विचारका मतभेदहरू सक्रिय हुन थाल्दछन् र द्वन्द्वको सिर्जना हुन्छ । कलाचिन्तनका सन्दर्भमा पनि द्वन्द्व प्रमुख कारक तत्त्वका रूपमा रहन्छ ।

## २.२ द्वन्द्वको परिभाषा

द्वन्द्वको परिभाषा दार्शनिक आधारमा पूर्वीय र पाश्चात्य मान्यता अनुसार परिभाषित गरेको पाइन्छ ।

### २.२.१ पूर्वीय दर्शनमा द्वन्द्व

पूर्वीय विद्वानहरूले द्वन्द्वको परिभाषा दर्शन, पुराण, साहित्य आदिमा गरेको पाइन्छ । पूर्वीय दर्शनमा जगत्को सृष्टि कसरी भयो भन्ने सम्बन्धमा अनेक मत देखिन्छन् । कसैले ब्रह्माबाट सृष्टि भएको भन्छन् । सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता महेश्वर हुन भन्ने किंवदन्ती छ । उपनिषत् वा श्रुतिहरूका अनुसार सृष्टि हुनुभन्दा पहिले केवल एक मात्र नारायण थिए । अरु कोही थिएन र केही थिएन । उनले एक्लै बस्न रुचाएनन् । उनले धेरै रुपमा प्रजासहितको होऊँ भनेर इच्छा गरे । ती ईश्वरलाई सृष्टि गर्ने प्रबल इच्छा

भयो । उनल समस्ट लोकहरुको सृष्टि गरे । आफू स्वयम् त्यसैमा प्रविष्ट भए (पन्त, २०६२ : पृ. ४) । कपिलमुनिद्वारा निर्मित साङ्ख्य दर्शनमा प्रकृति र पुरुषको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । पुरुष उदाशीन भएर द्रस्ता मात्र रहन्छ । प्रकृति क्रियाशील र हस्तपादीत अङ्ग भएर पनि अन्धो (अचेतन), ज्ञानशून्य हुँदा अरुको सहायता नपाई कुनै कार्य गर्न सक्ने क्षमता हुँदैन । तसर्थ प्रकृतिको काँधमा पुरुष बसेर दुवैको सहयोगबाट यावत् कार्य सम्पादन हुने गर्छ । ब्रह्माण्डमा समस्त दृश्यमान र अदृश्यमान जे जति पदार्थ छन्, ती सबैको प्रकृतिबाटै संरचना हुन्छ । श्वासोच्छ्वास हुनु, वृद्धि हुनु, चेतन्ययुक्त हुनु, सन्तानोत्पादन गर्नु आदि प्राणीहरूका प्रमुख लक्षण हुन् । यी लक्षण नै प्रकृति र पुरुषबीच हुने गर्दछ । श्रीमद् भागवत् पुराणमा समुद्र मन्थन सम्बन्धी कथा लेखेको पाइन्छ । सृष्टिको प्रारम्भमा देवता र दानव मिलेर मन्दाराचाल पर्वतलाई मदानी, वासुकी नागलाई नेती बनाई समुन्द्रलाई मन्थन गर्दा त्यहाँबाट चौध प्रकारका पदार्थ वा वस्तु निस्केको पाइन्छ ।

वैशेषिक दर्शनमा पनि द्वन्द्वात्मकता खोज्न सकिन्छ । यस दर्शनले संसारका वस्तुहरूलाई पदार्थ मान्दछ । पद्मपुराणले सृष्टि प्रक्रियामा विष्णु भगवानसँगको मिथकलाई प्रस्तुत गरेको पाइन्छ । विष्णुले मधुकैटभ नामक दानवसँग पाँच हजार वर्षसम्म लडेको र अन्त्यमा मधुकैटभलाई बाचा बन्धनमा पारेर बध गरेको कथा रहेको छ । योगदर्शनमा द्वन्द्वात्मकता पाइन्छ । योगको अर्थ जोड्नु हो । जोड्नलाई दुई भिन्न वस्तु चाहिन्छ । मानिसमा साधक व्यक्तित्व र कामक व्यक्तित्वबीच द्वन्द्व हुन्छ । प्रयत्न वा अभ्यासका माध्यमबाट इन्द्रियहरूलाई वंशमा पारिन्छ । मीमांसा दर्शनमा पनि द्वन्द्वात्मकता पाइन्छ । मीमांसाको अर्थ कुनै पनि समस्याको समाधान गर्नु हो । यस दर्शनले वस्तुवाद वा वहुलवादलाई मान्दछ ।

नेपाली शब्द सागरमा द्वन्द्व शब्दको अर्थ उभय पदार्थ समान हुने अनेक वस्तुको समाहार बनाउने समास, ज्यादै अप्ठेरो खालको रोग, परस्पर दुई विरोधी तत्त्वको जोडा, दुई व्यक्तिको झगडा सङ्घर्ष, द्वन्द्वयुद्ध, महलयुद्ध, घम्साघम्सी, बाझाबाझ, कलह, जोइपोइ, लोग्नेस्वास्नी, दाजुभाई, साथीभाइ, दुइ चीजको जोडा, युगल जोडी, दुःख, तकलीफ दोधार संयम भन्ने हुन्छ । नेपाली वृहत शब्दकोशमा द्वन्द्व शब्दका नौवटा अर्थ लगाइएको छ । (१) कुनै दुई वस्तुको जोडा, युग्म, युगल (२) लोग्ने स्वास्नी दम्पत्ति (३) परस्पर दुई विरोधी तत्त्वको जोडा (४) दुई व्यक्ति बीचको झगडा द्वन्द्वयुद्ध, मध्ययुद्ध, कुस्ताकुस्ती (५) कलह,

सङ्घर्ष, उत्पात (६) समाजमा अनेक पदहरूको समुदाय अर्थ बुझाउने एक भेद (७) अल्झो झनझट (८) कष्ट, दुःख (९) द्विविधा संशय भन्ने हुन्छ । अद्वैत मतले आफूमा सबै र सबैमा आफू अथवा ब्रह्म र जीवको एकतालाई मान्दछन् भने यस मतमा दुई पदार्थ हुन्छ । वेदान्त शास्त्रका विभिन्न विद्वानहरूले कुनै न कुनै प्रकारको दैतता वा उभयतालाई स्वीकारेको पाइन्छ । विश्वब्रह्माण्डमा जे जति पदार्थ दृष्टिगोचर हुन्छन्, तिमा जुन अनेकता, भिन्नता, विलक्षणता र विचित्रता देखिन्छ । ती सबै वेद पदार्थ हुन् ।

### २.२.२ पाश्चात्य दर्शनमा द्वन्द्व

पश्चिमी जगत्मा द्वन्द्व सम्बन्धी विभिन्न किसिमले परिभाषा गरेको पाइन्छ । 'द्वन्द्वबाट' ग्रीक शब्द 'डाइलेगो' बाट निष्पन्न भएको हो । यसको अर्थ छलफल गर्नु, वादविवाद गर्नु हो । कुनै पनि वस्तु संसारमा समान वा उस्तै भइरहँदैन । त्यो प्रतिक्षण परिवर्तन भइरहन्छ । आज अस्ताएको सूर्य भन्दा भोलि बिहान उदाएको सूर्य भिन्न हुन्छ । उनका विचारमा वस्तु कुनै बेला सत् र कुनै बेला असत् हुँदैन । सत् र असत् दुवै समान रूपमा सत्य हुन् । प्राचीन ग्रीक दार्शनिकहरूको विचार के थियो भन्ने विचारहरू बीच द्वन्द्व अर्थात् वादविवाद हुनु नै सत्य सम्म पुग्ने राम्रो बाटो हो । उनीहरू द्वन्द्वबादलाई तर्कवितर्कबाट सत्यको स्थापना गर्ने, छलफलबाट सत्यको परिक्षा गर्ने एउटा साधन ठान्दथे (श्रेष्ठ, २०५३, पृ. ३) । ग्रीक साहित्यका चर्चित दार्शनिक सुकरात, उनका चेलो प्लेटो र प्लेटोको पनि चलो अरस्तु बीचको डायलगले विश्वमा नयाँ आयाम थपेको पाइन्छ । कुनै पनि विषयमा रहेर दुई वा दुईभन्दा बढी व्यक्ति, समुह बीच हुने वाक्युद्ध नै द्वन्द्व हो । द्वन्द्ववादको  आधिकारिक चर्चा गर्ने व्यक्ति इ.पू पाँचौ शताब्दीका दार्शनिक हेराक्लाइटस हुन् । उनको दर्शनमा संसारमा परिघटना सम्बन्धी कुरामा द्वन्द्वात्मक दृष्टिकोण रहेको पाइन्छ । यिनले सङ्घर्ष विरोध, अभाव र निषेधलाई महत्त्व दिएका छन् । उनका विचारमा सङ्घर्ष नै जीवन हो । सङ्घर्षको अभाव मृत्यु हो । सङ्घर्ष, अभाव, निषेध आदिले नै जीवनलाई गति प्रदान गर्दछन् ।

अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरीका अनुसार द्वन्द्व भनेको त्यस्तो परिस्थिति हो जहाँ विपरीत विचार, धारणा र भावना मध्ये कुनलाई छान्ने भन्ने हुन्छ । भार्गव स्टरयान्डर इलेस्ट्रेटेडमा द्वन्द्वको अर्थ युद्ध, विरोध, झगडा र कलह रहेको पाइन्छ । हेगेलपछि द्वन्द्वलाई अर्थप्रणालीका आधारमा उत्पादन तत्त्वसँग सम्बन्धित गराएर अध्ययन गर्ने अर्को व्यक्ति कार्ल

मार्क्स हुन् । यी विद्वानबाट हुने खाने र हुँदा खाने वर्ग बीचको आपसी द्वन्द्वबाट नै सामाजिक स्तरको निर्धारण हुने कुरा प्रस्तुत गरेका छ । हेराक्लाइटसपछि द्वन्द्ववादलाई व्यवस्थित र एकीकृत रूप दिने काम जमर्न दार्शनिक हेगेलबाट भएको हो । उनले ईश्वरीय सत्तामा रहेर पनि भौतिक जगत्को विकास हुन्छ भनेका छन् । उनले कुनै पनि वस्तु वा चिजको निचोड वाद, संवाद र प्रतिवादको स्वरूपमा विकास हुने तथ्यलाई अगाडि सारेका छन् । दुई विरोधी वस्तुहरूका बीचमा सङ्घर्ष भएर एकता हुँदा नयाँ स्वभाव, गुण, विचार, परिस्थितिको विकास हुन्छ भन्ने मान्यता यस अन्तर्गत पर्दछ । द्वन्द्ववादले सृष्टिको मूल तत्त्व पदार्थ हो, त्यही दपार्थ नै चरम सत्य, बुद्धि, विचार, चेतना अर्थात् आत्मा चाहिँ पदार्थबाट प्रस्तुत रुप हो भन्ने मान्दछ तर पदार्थमय जगत्को परिवर्तन द्वन्द्वमय सङ्घर्षमय छ भन्ने पनि स्वीकार्दछ (अधिकारी, २०५६ : ३१२) । अर्थ प्रणालीसँग सम्बद्ध द्वन्द्वले मानवीय समाजको हितका लागि काम गर्नु र सबैमा समानता हुनुपर्दछ भन्ने मान्यता रहेको छ । द्वन्द्वको मनोवैज्ञानिक आधारमा विवेचना गर्दा खास गरी मनोविज्ञानका जन्मदाता सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित प्रवृत्ति, मन, दमन, कुण्ठा र अन्तर्द्वन्द्वको आदि सिद्धान्तको आड लिनुपर्ने हुन्छ । मानिसको चेतना र अचेतन मनका कारण आन्तरिक द्वन्द्व उत्पन्न हुने गर्छ ।

एडलरले व्यक्तिलाई मानसिक र जैविक रूपमा मात्र नहेरेर सामाजिक रूपमा पनि हेर्नु पर्ने बताएका छन् । यी तीनवटा मध्ये कुनै एकको अभावमा व्यक्तिको व्यक्तित्त्व पूर्ण हुन सक्दैन । यिनले हीनताको भावना, क्षतिपूर्तिको सिद्धान्त, प्रतिष्ठा र सङ्घर्ष विषयलाई महत्त्व दिएको पाइन्छ । जसले गर्दा व्यक्तिमा द्वन्द्व उत्पन्न गराउने कुरालाई व्यक्त गरेका छन् । प्रकृतिमा द्वन्द्वको आवश्यकता देखिन्छ । नाट्य कृतिमा द्वन्द्व अनिवार्य हुन्छ किनभने विपरीत भावलाई एकीकृत गर्ने काम नाटकमा हुन्छ । सबै द्वन्द्व सकारात्मक र नकारात्मक हुँदैन । सभ्यता, प्रगति तथा विकासका लागि गरिएका द्वन्द्व सकारात्मक हुन्छन् भने कुनै विषयलाई मानवीय तथा मानववेत्तर भौतिक तथा प्राकृतिक वस्तुमाथिको द्वन्द्व नकारात्मक हुन्छ । द्वन्द्व भनेको दुई परस्पर विरोधी तत्त्वहरूको सम्बन्ध वा जोडा, दुई व्यक्ति बीचको झगडा, कलह, सङ्घर्ष हो । समाजशास्त्रीहरूले द्वन्द्वबाटै मानव विकासको हरेक चरण अगाडि बढ्छ भनेका छन् । द्वन्द्व विनाको समाजको परिकल्पना गर्न सकिँदैन । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, पर्यावरणीय आदि क्षेत्रमा द्वन्द्व भइरहेको हुन्छ । तर सबै भन्दा ठूलो द्वन्द्व मानिसको आन्तरिक र बाह्य स्वभावमा हुने गर्दछ । आन्तरिक रूपमा मनोवैज्ञानिक द्वन्द्व हुन्छ भने बाह्य रूपमा सामाजिक द्वन्द्व हुन्छ ।

## २.३ साहित्यमा द्वन्द्व

दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीचको अनमेल वा विरोधलाई द्वन्द्व भनिन्छ । द्वन्द्व भाषा, साहित्य, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र आदि क्षेत्रमा हुने गर्दछ ।

साहित्य शब्दको अर्थ व्युत्पत्तिगत आधारमा खोज्नु भन्ने हुन्छ । सहित शब्दबाट साहित्य शब्दको निर्माण भएको हो । सहितको अर्थ मेल वा संयोजन भन्ने हुन्छ । त्यसलाई नै साहित्य भनिन्छ वा द्वन्द्वको अभिव्यक्ति नै साहित्य हो । मूलत : गद्य र पद्य वा श्रव्य र दृश्य साहित्यिक अभिव्यक्तिका दुई रूप हुन् । गद्य र पद्य दुवैको परिपुरक र निषेधात्मक सम्बन्ध हुने भएकाले यी दुई बीच द्वन्द्व भइरहन्छ । त्यसैले साहित्य गतिशिल, परीवर्तनशील र विकासशील भइरहन्छ । साहित्यमा द्वन्द्वको चर्चा विभिन्न किसिमबाट गर्न सकिन्छ जस्तै शब्द र अर्थको संयोजन, विषय र रूपको समन्वय, साहित्य सिर्जनाको कारक आदिबाट गर्न सकिन्छ । साहित्यमा द्वन्द्वलाई पूर्वीय द्वन्द्व र पाश्चात्य द्वन्द्व गरी प्रष्ट पार्न सकिन्छ ।

### २.३.१ पूर्वीय साहित्यमा द्वन्द्व

कुनै पनि साहित्यमा विषय र रूपको विपरीत र परिपूरक सम्बन्ध हुन्छ । यस्तो सम्बन्धलाई नै द्वन्द्वात्मक भनिन्छ । पूर्वीय साहित्यमा सर्वप्रथम काव्य शब्दको प्रयोग भएको पाइन्छ । त्यस शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति भरतमुनि हुन् । यिनले काव्य शब्दको ठाउँमा साहित्य शब्दको प्रयोग साहित्य-मीमांसा नामक ग्रन्थमा गरेका छन् । यसमा काव्य भन्दा साहित्यलाई महत्त्व दिइएका छन् । यस शब्दलाई व्यापक र विस्तार गर्ने काम विभिन्न विद्वानहरूले गरेको पाइन्छ । विश्वनाथको (इस्वीको चौधौं शताब्दी) को 'साहित्यदर्पण' मा साहित्य शब्दको प्रयोग व्यापक र स्थापित भएको छ । कुनै पनि काव्य वा साहित्यलाई निश्चित रूपमा परिभाषित गर्न सकिदैन । तैपनि पूर्वीय विद्वानहरूले काव्य वा साहित्यलाई जसरी चिनाउने वा परिभाषित गर्ने प्रयास गरेका छन्, ती परिभाषाभित्र द्वन्द्व पानीमा चिनीझैं घोलिएर रहेको पाइन्छ (कोइराला, २०६६ : ५१) ।

पूर्वीय साहित्य वा काव्यचिन्तन-परम्परामा विषय र रूपको द्वन्द्वात्मकता र समन्वयात्मकता सम्बन्धी व्यापक, विस्तृत र गम्भीर विवेचना भएको पाइन्छ । पूर्वीय साहित्यलाई महत्त्व दिएर काव्यलाई चिनाउने विद्वान्हरू मध्ये भामह (इस्वीको छैटौं

शताब्दी) ले 'काव्यालङ्कार' नामक कृतिमा शब्द र अर्थको संयोजन वा मेल नै काव्य हो भनेका छन् । यिनका गद्य र पद्य दुई भेद हुन् । त्यस पछि अर्का विद्वान दण्डी (इस्वीको सातौं शताब्दी) ले 'काव्यादर्श' मा अर्थ विभूषित पद समुह नै काव्य हो भनेका छन् । त्यस्तै गरी अर्का विद्वान मम्मट (इस्वीको एघारौं शताब्दी) ले पनि आफ्नो कृति 'काव्यप्रकाशन' दोषरहित, गुणसहित, अलङ्काररहित शब्द र अर्थ नै काव्य हो भनेका छन् । पूर्वीय साहित्यमा काव्यलाई दुई भागमा विभाजन गरेको पाइन्छ । रसवादी र अलङ्कारवादी जसलाई विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमको तर्क दिने काम गरेका छन् । भरत, मम्मट, विश्वनाथ, जगन्नाथ आदिले काव्यात्माका रूपमा रसलाई महत्त्व दिएका छ भने आनन्दवर्धन, अभिनवगुप्ता आदिले ध्वनीलाई महत्त्व दिएका छन् । भामह, रुद्रट, दण्डी, जयदेव आदिले अलङ्कारलाई महत्त्व दिएका छन् । बृहत्तम महाकाव्यहरू 'रामायण' र महाभारतमा प्रसस्त मात्रामा द्वन्द्व भएको पाइन्छ । त्यसैले पूर्वीय साहित्यमा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### २.३.२ पाश्चात्य साहित्यमा द्वन्द्व

पाश्चात्य साहित्यमा पनि द्वन्द्वलाई उत्तिकै महत्त्व दिइएको पाइन्छ । द्वन्द्वलाई शब्द र अर्थको संयोजक, विषय र रूपको समन्वयक, साहित्य सिर्जनाको कारक, साहित्य-संरचक तत्त्व आदिको पाश्चात्य साहित्यमा विवेचना गरेको पाइन्छ । पाश्चात्य साहित्यमा विषयवस्तु र रूपको अन्तर सम्बन्धको बारेमा महत्त्व दिइएको पाइन्छ । प्लेटोले साहित्यको विषयवस्तुलाई महत्त्व दिएका छन् भने अरिस्टोटलले पनि विषयवस्तुलाई नै महत्त्व दिएको पाइन्छ । परिष्कारवादी, नवपरिष्कारवादीहरूले रूपलाई महत्त्व दिएका छन् । स्वच्छन्दतावादले भने बाह्य रूपलाई भन्दा विषयवस्तुलाई बढी महत्त्व दिएको हुनाले पाश्चात्य साहित्यमा 'कला कलाका लागि' भन्ने कलावादी आन्दोलन सुरु गरेका छन् । त्यसपछि रूपपरक, नयाँ समालोचना, संरचनावादी समालोचना आदिले भने विषयलाई भन्दा रूपलाई महत्त्व दिइएका छन् ।

शब्द र अर्थको संयोजनका सन्दर्भमा पाश्चात्य साहित्यका चिन्तकहरूले गम्भीर रूपमा चर्चा गरेका छन् । कलरिजले शब्द (भाषा) वस्तुको प्रतीक (सङ्केत) भई नामाङ्कन गर्ने अर्थसंरचना मात्र नरही स्वयम् सजीव वस्तु वा विचार हुन्छ भनेका छन् । यस क्रममा शब्द र वस्तुका बीचको विपरीततालाई समाप्त पारी, पूर्ण एकत्त्व प्रदान गरी प्रतीकात्मक सम्पर्कसुत्रद्वारा वस्तु र आत्मा जोडिने अनि शब्द स्वयम् सजीव वस्तु विचार हुने कुरा

गरेका छन् (त्रिपाठी, २०५८ : पृ. २२२) अरिस्टोटलले माध्यमका आधारमा कलाको विभेद गर्दै भाषालाई काव्यको माध्यम मानेका छन् । भाषाका विविध अङ्गको चर्चा गर्दै शब्दलाई प्रचलित, अपरिचित अथवा लाक्षणिक, आलङ्कारिक, नवनिर्मित, व्याकुचित, सङ्कुचित या परिवर्तित आदि अनेक भेदमा वर्गीकरण गरेर अर्थसँगको सम्बन्ध भिन्नभिन्नै हुन्छ भनेका छन् (नगेन्द्र सन् १९५७, पृ. ५७) ।

पाश्चात्य साहित्यमा द्वन्द्वलाई साहित्य सिर्जनाको कारकतत्त्वका रूपमा मूलत : मनोवैज्ञानिकहरूले स्वीकारेका छन् तर त्यस भन्दा पहिले पनि त्यहाँ द्वन्द्व साहित्य सिर्जनाको कारक थियो भन्ने थुप्रै प्रसङ्गहरू भेट्न सकिन्छ । गुरुचेला सोक्रेटस र प्लेटो कलालाई उन्मादी क्षणको रचना मान्थे । उनीहरूले कलासाहित्य प्रतिको दृष्टिकोण नकारात्मक थियो । प्लेटोले कवि भावावेगमा आउँछ र कलाको रचना गर्छ भनेका छन् । उनका विचारमा साहित्य आवेगप्रधान हुने हुनाले यसबाट बुद्धि र विवेक कमजोर हुन्छ । बुद्धिविवेक कमजोर भएपछि यसले समाजलाई नैतिकताबाट विमुख गराउन सक्छ (त्रिपाठी, २०५८ : पृ. २८) । अरिस्टोटलले प्लेटोका यी विचारलाई खण्डन गरेर के भनेका छन् भने कला प्रकृतिको अनुकरण हो । यसमा मानवीय आवेगको मात्र नभई, विवेकको पनि प्रयोग हुन्छ । त्यसैले प्रकृतिको अनुकरणले प्रकृतिको वास्तविक स्वरूपलाई मात्र नदेखाएर त्यसभन्दा अझ सुसम्पन्न र परिपूर्ण आदर्श रूपलाई पनि देखाउँछ ।

कलरिजले भावना र विवेकको सन्तुलन नै साहत्यि हो र यी दुवैलाई सन्तुलित पार्ने कार्य कल्पनाले गर्दछ । उनका विचारमा कल्पनाशक्तिले परस्पर विरोधी अथवा विपरीत गुणहरूको सामञ्जस्य वा सन्तुलनमा आफूलाई व्यक्त गर्दछ (पृ. २०१) । क्रोचेको विचारमा सहजानुभूति र तार्किक ज्ञानको द्वन्द्वबाट कलामा साहित्यको सिर्जना हुन्छ । उनका विचारमा कला मूलत : सहजानुभूति नै हो तर पनि यसमा तार्किक ज्ञान सहजानुभूतिको अङ्गीभूत भएर रहेको हुन्छ (पृ. २३८) ।

आइ.ए. रिचर्डस्को मूल्य सिद्धान्तले मनोवैज्ञानिकहरूले साहित्य सिर्जनाको कारक द्वन्द्व हो भनेका कुरालाई प्रमाणित गरिदिएको छ । रिचर्डसका विचारमा बढी भन्दा बढी महत्त्वपूर्ण बढी भन्दा बढी एषणाको सन्तुष्टि नै मूल्य हो (पूर्ववत् पृ. ३७२) । यिनको मूल्य सिद्धान्तले सर्जकको भन्दा पाठक वा श्रोताको मानसिक सङ्घर्षलाई सन्तुलित पार्ने कुरालाई स्पष्ट पारेको छ । यसरी द्वन्द्व साहित्यसिर्जनाको मात्र कारक नभएर साहित्यिक कृतिपठनबाट

हुने आनन्दलाई उत्कर्षित बनाउने तत्त्वका रूपमा देखिन्छ । इलियटको समन्वित संवेदनाको सिद्धान्तले पनि साहित्य सिर्जनाको कारक द्वन्द्व हो भन्ने कुरालाई सङ्केत गरेको देखिन्छ । इलियटका विचारमा उत्तम साहित्यक कृति समन्वित संवेदनाको प्राप्ति हो । चिन्तन र संवेगको समन्वितता अथवा चिन्तन अनुभूतिमय र अनुभूति चिन्तनमय बन्न सक्नु नै समन्वित संवेदना हो (पृ. ३९०) ।

प्राचीन र आधुनिक दुवै साहित्य सिद्धान्तले पाश्चात्य साहित्यमा द्वन्द्वलाई साहित्यको संरचक तत्त्वका रूपमा स्वीकारेका छन् । जुनसुकै साहित्यिक विधामा कृतिको लागि द्वन्द्वलाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ । द्वन्द्वलाई महत्त्व दिएर आधुनिक साहित्य सिद्धान्तले अनिवार्य रूपमा कार्य गरेको पाइन्छ । नाटक, आख्यान र कविताका प्राय : ठूला र बृहत रूप आदिमा द्वन्द्व अनिवार्य हुन्छ । कुनै पनि आख्यानात्मक कृतिका कथानक भित्रको कार्यव्यापारबाट विकसित भएको, विपरीत चरित्र र शक्तिका बीचमा हुने सङ्घर्ष वा विरोधलाई द्वन्द्व भनिन्छ । त्यसैले द्वन्द्व साहित्यको संरचक तत्त्व हो ।

### २.३.३ **नाटकमा द्वन्द्व**

रङ्गमञ्चमा प्रदर्शनका लागि तयार पारिएको काव्य रचनाको रूपलाई नाटक भनिन्छ । यसमा अभिनेताले चरित्रको भूमिका निर्वाह गर्ने, तोकिएका कार्यको प्रदर्शन गर्ने र लिखित संवाद बोल्ने जस्ता कार्यहरू गरिन्छ । भाषिक रूपका दृष्टिले साहित्य गद्य र पद्यको द्वन्द्वात्मकतामा मूर्त र गतिशीलता पाउन सकिन्छ भने विषय प्रस्तुतिका दृष्टिले यो मूल : अनुकरणात्मक, कथानात्मक र गेयात्मक आदिका आधारमा परिवर्तनशील हुन्छ । कविता वा गीत गेयात्मकता, आख्यानात्मक, कथानात्मक र नाटक अनुकरणात्मक वा अभिनयात्मकता हुन्छ । अरिस्टोटलले कार्यको अनुकृतिलाई त्रासदी (नाटक) भनेका छन् । उनका विचारमा नाटकमा कार्यको समाख्यान वा वर्णन नभएर प्रदर्शन हुन्छ । हडसनका विचारमा पुराना महाकाव्य वाचन गर्नका लागि लेखिन्थ्यो, आधुनिक उपन्यास पढ्नका लागि लेखिन्छ भने नाटकको रचना कुनै चरित्रलाई अभिनेताद्वारा अनुकरण गरेर प्रदर्शन गर्नका लागि गरिन्छ (हड्सन, सन् २००२ : १८८) । उपन्यास र महाकाव्य कोठाभित्र एक्लै बसेर पढ्न सकिन्छ तर नाटकमा त्यस्ता कुराहरू राख्न मिल्दैन, किनभने नाटकमा हजारौं दर्शकका अगाडि प्रदर्शन गर्न मिल्ने कुराहरू मात्र राख्न सकिन्छ भने उपन्यास र महाकाव्यलाई पाठकले जति दिन लगाएर, जसरी पनि पढ्न सक्छ । तर नाटक प्रदर्शन गरिने भएकाले यसलाई खास

समय सीमामा सक्नुपर्ने हुन्छ । नाकटलाई दर्शकले बढीमा तीन घण्टा सम्म ध्यान दिएर चाखमानी हेर्न सक्छन् भने नाटककारले नाटकको रचना महाकाव्यकार र उपन्यासकारले जस्तै स्वतन्त्र भएर गर्न सक्दैनन् । नाटक प्रदर्शनका लागि लेखिने साहित्यिक कृति हो । भने यसमा अभिनेताहरूले पात्र वा चरित्रका कार्यको अभिनय गर्दछ र दर्शकहरूले त्यो अभिनय हेरेर आनन्दित हुन्छन् । नाटकको रचना सङ्गमञ्च र दर्शकलाई महत्त्व दिएर गरिन्छ भने महाकाव्य र उपन्यासको रचना भावना, कल्पनामा बग्ने र वर्णन चमत्कारले श्रोता वा पाठकलाई प्रभावित पार्ने किसिमको हुन्छ ।

मानव जीवनको सुरुवातसँगै द्वन्द्वको पनि सुरुवा भएको पाइन्छ । नाटकको कथानक एउटा निश्चित बिन्दुबाट प्रारम्भ भएर निष्कर्षमा पुग्नका लागि द्वन्द्वको आवश्यकता पर्दछ । नाटककारले रङ्मञ्चमा कुनै समस्यालाई घटना र चरित्रका माध्यमबाट प्रस्तुत गर्ने गर्दछ । रङ्गमञ्चमा विभिन्न किसिमका चरित्रहरू देखापर्दछन् । उनीहरूको दृष्टिकोण एक अर्कासँग मिल्दैन । उनीहरूबीच एक आपसमा द्वन्द्व सुरु हुन्छ र नाटकले त्यही द्वन्द्वलाई प्राथमिकता दिएको हुन्छ । चरित्रले रङ्गमञ्चमा विपरीत दृष्टिकोणलाई अगाडि सारेको देखी दर्शकले चरित्रका दृष्टिकोणमा आफ्ना दृष्टिकोण मिलाउँछन् । द्वन्द्व भावात्मक, वैचारिक, भौतिक र अवस्थागत आदि प्रकारको हुन्छ । दर्शक तिनै द्वन्द्वलाई हेर्छन् वा सुन्छन् । द्वन्द्व प्रदर्शनको यही प्रक्रियाले गर्दा नै नाटक अन्य साहित्यक विधा भन्दा महत्त्वपूर्ण भएको हो किनकि दर्शकलाई तीन घण्टासम्म एकै ठाउँमा राख्न सक्छ । आधुनिक अङ्ग्रेजी साहित्यका महान् नाटककार जर्ज वर्नाडले भन्छन् नाटक संयोगान्त होस् कि वियोगान्त अथवा जीवन जस्तै आफैमा कुनै अन्त्य नै नभएको होस् तर द्वन्द्व अनिवार्य हुन्छ ।

सबै प्रकारका नाटकमा द्वन्द्व पनि फरक किसिमका हुन्छन् । पुराना आदर्शवादी र स्वच्छन्दतावादी नाटकमा देखाइने द्वन्द्व हार्दिकता वा भावनात्मकता, नैतिकतासँग सम्बन्धीत हुन्छ भने आधुनिक यथार्थवादी, प्रयोगवादी र उत्तरआधुनिक नाटकमा देखाइने द्वन्द्व विचार वा बुद्धि पक्षसँग सम्बन्धीत हुन्छ । यसरी नाटकबाट पनि मानवीय नैतिकता, आदर्श, मनोवैज्ञानिक, सामाजिक, वैचारिक, बौद्धिक, दार्शनिक, आदि कुराको ज्ञान पाउन सकिन्छ । त्यसैले नाटकले दर्शकलाई आनन्दित दिने मात्र नभएर बौद्धिक ज्ञान समेत दिने गर्दछ । यिनै कुरालाई आत्मसाथ गर्दै तल पूर्वीय, पाश्चात्य र नेपाली नाटकमा द्वन्द्वको बारेमा प्रस्तुत गरिएको छ ।

### २.३.३.१ पूर्वीय नाटकमा द्वन्द्व

पूर्वीय नाटकमा पनि प्रसस्त मात्रामा द्वन्द्व भएको पाइन्छ । द्वन्द्व आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छ । पूर्वीय नाटकमा द्वन्द्वको महत्त्व तथा औचित्यलाई नाटकमा पात्रका आधारमा हेर्न सकिन्छ । पात्रको आन्तरिक मनमा घट्ने उतार-चढावले आन्तरिक द्वन्द्व उत्पन्न हुन्छ भने बाह्य भौतिक जगत्मा घट्ने उतार चढावले बाह्य द्वन्द्व उत्पन्न हुन्छ । नायक नायिका र अन्य चरित्रहरूको विरोधपूर्ण मनोवृत्तिबाट सिर्जित सङ्घर्ष नै द्वन्द्व हो । कुनै पनि नाटकको वस्तुविन्यास र चरित्र सम्बद्ध नभई कथावस्तु अगाडि बढ्न सक्दैन । त्यसैले कथावस्तुलाई अगाडि बढाउन र त्यसमा उत्ससुक्ता प्रदान गर्नका लागि पनि द्वन्द्वको आवश्यकता पर्दछ ।

पूर्वीय नाट्य शास्त्रले नायकको धीरोदात्त, धीरललित, धीरप्रशान्त र धीरोद्धत गरी चार प्रकारका भेद उल्लेख गरेका छन् भने नायिकाको स्वकीया, परकीया र सामान्य गरी तीन भेद रहेका छन् । यिनै नायक र नायिकाको भेदअनुसार उनीहरूमा निहित गुणकै कारण नाटकमा कथावस्तुले निश्चित गति प्रदान गर्दछ । पूर्वीय नाट्य परम्परामा दुःखान्त नाटकलाई महत्त्व नदिए पनि अहिले यसलाई महत्त्व दिएर जीवनलाई जीवन्त बनाई भावक वा दर्शक समक्ष नाटककारको विचारलाई सम्प्रेषण गराउने महत्त्वपूर्ण अवयवका रूपमा द्वन्द्वलाई लिने गरिन्छ । किनभने द्वन्द्व बिना कुनै पनि नाटकको कल्पना समेत गर्न सकिंदैन ।

पूर्वीय नाट्यचार्य भरतमुनिले नाटकलाई पाँचौं वेदका रूपमा मानेका छन् भने यसै वेदमा रहेर कथावस्तुलाई घटनाको अन्तिम मोडसम्म पुऱ्याउने तत्त्वका रूपमा पात्रलाई लिएका छन् । नाटकको मुख्य पात्र र फल प्राप्त कर्ता नायक हो । कर्ता र नायक ती धातुबाट बनेको हो । ती धातुको अर्थ लैजानु भन्ने हुन्छ । नायकले कथावस्तुलाई विकास र विस्तार गर्दै फलागम वा फल प्राप्ति सम्म लैजान्छ । नायक नाटकको यस्तो केन्द्रबिन्दु हो, जसको वरिपरि सिङ्गो नाटकीय कार्य व्यापार निर्भर रहन्छ । नायकको चरित्र सम्बन्धमा धनञ्जयले नामकमा विनयशील, मृदुभाषी, त्यागी, चतुर, लोकरञ्जक, वाक्पटु, कुलीन, स्थिर, तरुण, उत्साही, वीर, धार्मिक हुनु पर्छ भनेका छन् (पोखरेल, २०६२ : ६२) । पात्रविनाको कथावस्तुको कल्पना गर्न सकिंदैन । कथावस्तुलाई नाटकीय स्वरूप दिन संवादको आवश्यकता पर्दछ । भाषाशैली संवादलाई मूत रूप दिने तत्त्व हो भने संवाद नाटकको चरित्रलाई कथावस्तु सम्म पुऱ्याउने तत्त्व हो । भाषाशैली, संवाद, चरित्र र

कथावस्तुलाई एक अर्कामा जोड्दै भावक वा दर्शकमा उत्सुकता प्रदान गर्ने र नाटकलाई आरम्भबाट अन्त्य सम्म पुऱ्याउने मुख्य भूमिका निर्वाह गर्ने प्रमुख तत्त्व द्वन्द्व हो ।

### २.३.३.२ **पाश्चात्य नाटकमा द्वन्द्व**

पूर्वीय नाटकमा जस्तै पाश्चात्य नाटकमा पनि द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । पाश्चात्य नाट्यक्षेत्रमा नाटकसम्बन्धी चर्चा गर्ने काम अरस्तुले गरेका छन् । उनले काव्यशास्त्र नामक पुस्तकमा महाकाव्यको सैद्धान्तिक चर्चा गर्ने क्रममा नायक तथा कथावस्तुको चर्चा गरेका छन् । उनका अनुसार नायकको चरित्र भद्र हुनुपर्छ र भद्र चरित्रले दर्शक प्रभावित हुन्छन् । पात्रलाई गतिशील बनाउँदै कथावस्तुलाई आरम्भ, विकास हुँदै ह्रासको अवस्थामा पुऱ्याउन द्वन्द्वको विशेष महत्त्व रहेको हुन्छ । पाश्चात्य नाट्यशास्त्रमा पनि नायकलाई विशेष महत्त्व दिइएको छ । सिङ्गो नाट्यकला नै नायकमा निर्भर रहन्छ । नायक गुणसम्पन्न भएन भने कथावस्तुको विकास हुँदैन ।

नायक नाटकको आरम्भदेखि ह्रास अवस्थासम्मका लागि क्रियाशील हुन्छ । अरिस्टोटलले दुःखान्तका ६ वटा तत्त्वहरू प्रस्तुत गरेका छन् । उनले ती ६ तत्त्वमध्ये कथावस्तुलाई महत्त्वका साथ हेरेका छन् । यस क्रममा उनले कथावस्तुलाई अगाडि बढाउन कार्यान्विति, पूर्णता, सम्भाव्यता सहज विकास, कुतुहलता र साधारणीकरण (त्रिपाठी, २०५८ : ५३) जस्ता तत्त्वको आवश्यकता रहने कुरा उल्लेख गरेका छन् । कुतुहलताले भावक वा दर्शकलाई नाटकप्रति चासो देखाउँछ भने कथावस्तुमा कुतुहलता उत्पन्न गराउने मुख्य तत्त्व द्वन्द्व हो ।

नाटकलाई दुःखान्त अवस्थामा पुऱ्याउने सिलसिलामा अनुकूल र प्रतिकूल पात्र बीच ठूलो द्वन्द्व हुन्छ । आफूले चाहेको वस्तुको प्राप्तिका लागि नायक र खलनायक बीचको द्वन्द्व बाह्य हुन्छ भने पात्रका बीच आफ्नै कारणलाई लिएर मानसिक रुपमा उत्पन्न हुने द्वन्द्व आन्तरिक हुन्छ । यसरी पात्रमा बाह्य वा आन्तरिक कारणबाट उत्पन्न हुने द्वन्द्वले कथावस्तुलाई चरम अवस्थामा पुऱ्याउने काम गर्दछ । दोस्रो विश्वयुद्धको समाप्तिसँगै देखा परेको विसङ्गति वा प्रयोगवादी नाटकमा द्वन्द्वको प्रयोग गरिएको छ । त्यसैले अरिस्टोटलदेखि आधुनिक पाश्चात्य नाटकमा द्वन्द्वलाई विशेष महत्त्व दिएको छ । शेक्सपियरका नाटकमा पनि अनुकूल र प्रतिकूल पात्रका बीच पनि द्वन्द्व पाउन सकिन्छ ।

इब्सनका नाटकमा पात्रको भौतिक जगत् तथा मनोजगत् बीचको द्वन्द्व पाउन सकिन्छ । अरस्तुतले नाटकमा कथानक तथा पात्रका माध्यमबाट द्वन्द्वको आवश्यकतालाई प्रत्यक्ष रूपमा देखाएका छन् । परम्परागत मान्यता अनुसार पाश्चात्य नाटकको अन्त्य दुःखान्त रूपमा हुनुपर्छ भन्ने रहेको पाइन्छ ।

### २.३.३.३ नेपाली नाटकमा द्वन्द्व

पूर्वीय तथा पाश्चात्य नाटकमा झैं नेपाली नाटकमा पनि द्वन्द्वको विशेष महत्त्व पाउन सकिन्छ । माध्यमिक कालीन नाटकहरू अनुवाद रूपान्तरणबाट विकसित भएको पाइन्छ । वि.सं. १९८६ सालमा 'मुटुको व्यथा' नाटक लेखन पछि नेपाली नाटकमा आधुनिकता सुरुवात भएको पाइन्छ । पाश्चात्य नाट्यशास्त्रमा जस्तै नेपाली नाटकमा पनि द्वन्द्व भएको छ । परिष्कारवादी शैलीशिल्पमा नाटक लेख्ने बालकृष्ण सम र भीमनिधि तिवारी जस्ता नाटककारका नाटकमा आन्तरिक र बाह्य द्वन्द्व समान रूपमा प्रयोग भएता पनि बाह्य द्वन्द्वको प्रयोग बढी भएको पाइन्छ । नेपाली नाटक साहित्यमा द्वन्द्वको प्रयोगमा नवीनताको सुरुवात् विजय मल्ल, गोविन्द बहादुर मल्ल गोठाले जस्ता मनोवैज्ञानिक नाटककारहरूले गरेको पाइन्छ । सिग्मण्ड फ्रायडको मनोविश्लेषणवादमा आधारित भएर मल्ला बन्धु द्वयका नाटकमा आन्तरिक द्वन्द्व प्रयोग भएको पाइन्छ । नाटक सफल हुनका लागि आन्तरिक द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । नेपाली नाटकमा स्वच्छन्दतावादी धारामा रहेर नाटक लेख्ने काम गोपालप्रसाद रिमालद्वारा भएको पाइन्छ । विशेष गरी बालकृष्ण समको नाटकमा पाउन सकिन्छ । नाटकमा मानवीय संवेग, प्रणय र व्यक्तिका व्यक्तिगत समस्या र सामाजिक समस्याका बीचमा द्वन्द्वको सिर्जना भएको पाइन्छ ।

नेपाली साहित्यमा यथार्थवादी नाटक लेखन सूरुवात भए पछि सामाजिक संरचना, सांस्कृतिक पक्ष, परम्परावादी सोच र चिन्तनप्रति आधुनिक चिन्तनका बीच द्वन्द्वको स्थापना भएको छ । नेपाली साहित्यको इतिहासमा प्रगतिवादी नाटकको लेखन सुरुवात २००६ सालपछि भएको पाइन्छ । पारिजातका नाटकहरूमा पनि आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग भएको पाइन्छ । उत्तरआधुनिक नाटकमा आधुनिक नाटकीय प्रविधिको प्रयोगले नयाँ नयाँ कुराको विकास भएको पाइन्छ । जस्तै : स्वैरकल्पना, अनाटक, डायस्पोरिक नाटक, कथानकहीन नाटक जस्ता नाटकमा बढी जोड दिएको पाइन्छ ।

## २.४ द्वन्द्वका प्रकार

कुनै पनि साहित्यमा कथावस्तुलाई अगाडि बढाउन द्वन्द्वलाई महत्त्वपूर्ण भूमिकाको रूपमा लिन सकिन्छ । पूर्वीय तथा पाश्चात्य दुवै क्षेत्रमा द्वन्द्वलाई नाटकको अनिवार्य तत्त्वको रूपमा लिने गरिन्छ । द्वन्द्व निरार्थकका लागि मात्र नभएर निश्चित उद्देश्य प्राप्तिका लागि हुनुपर्छ । द्वन्द्वको सिर्जना गर्दा स्वभाविकता र काल्पनिकतामा बढी ध्यान दिनुपर्ने हुन्छ । नाटकको बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व अझ प्रभावकारी हुन्छ । द्वन्द्व विनाको नाटक तरकारीमा नुन नभएको जस्तो खल्लो हुन्छ । नाटक सुखान्त वा दुःखान्त, ठूलो वा सानो जस्तो किसिमको भए पनि त्यसमा द्वन्द्वको आवश्यकता पर्दछ । कथालाई आरम्भबाट विकासको उत्कर्षमा पुऱ्याई ह्रासको अवस्थामा पुऱ्याउने काम द्वन्द्वले गर्दछ । द्वन्द्व आन्तरिक र बाह्य गरी दुई प्रकारका छन् । द्वन्द्व विशेष गरी नायक र नायिका, नायक र खलनायकमा हुन्छ ।

### २.४.१ आन्तरिक द्वन्द्व

एउटै व्यक्तिको अन्तर्मनमा हुने संघर्ष वा एउटै पात्रको अनुकूल र प्रतिकूल भाव वा विचारका बीचमा हुने संघर्षलाई आन्तरिक द्वन्द्व भनिन्छ । जटिल परिस्थितिमा मानवको अन्तर्मनमा द्विविधा सिर्जना हुन्छ त्यसपछि आन्तरिक द्वन्द्वको सिर्जना हुन्छ । कुनै पनि मान्छेको मनमा अन्तरद्वन्द्वको अवस्था समान किसिमका दुई वस्तुमध्ये कुनलाई त्याग्ने र कुनलाई अपनाउने भन्ने अवस्थामा पनि आन्तरिक द्वन्द्वको सिर्जना हुन्छ । आन्तरिक द्वन्द्वको प्रयोग साहित्य रचनामा प्राचीन कालदेखिनै हुँदै आएको देखिन्छ । जस्तै : महाभारतको कुरुक्षेत्रमा पुगेपछि अर्जुन युद्ध नगर्ने निर्णयमा पुग्छन् । उनमा आफ्नो धर्मबीच अन्तर्द्वन्द्वको सिर्जना हुन्छ । अन्तरद्वन्द्व एउटा व्यक्तिको लागि मानसिक उल्झनको स्थिति हो, जसमा उसलाई दुई वा दुई भन्दा बढी प्रतिद्वन्द्वी (परस्पर विरोधी वा भिन्न) इच्छा, आवश्यकता, लक्ष्य वा विकल्पहरू मध्ये कुनै एउटाको पूर्ति वा छनोट गर्नमा कठिनाई पैदा हुन्छ र व्यक्तिले के गर्ने के नगर्ने छुट्याउन सक्दैन । यस्तो संकटको मानसिक स्थितिमा व्यक्ति एक प्रकारले तनावग्रस्त देखिन्छ । यसको मूल कारण यो हुन्छ कि व्यक्तिले दुईवटा इच्छा क र ख मध्ये कुनै एउटाको छनोट गर्नुपर्छ । मानिलिउँ व्यक्तिले ‘क’ लाई छान्यो । अब उसको ‘ख’ लाई त्याग्नुपर्छ । यहाँ मानसिक संकट यो देखिन्छ कि ‘क’ र ‘ख’ दुवै एकै समान आकर्षक भएका कारणले व्यक्तिले ‘ख’ को त्याग पनि गर्न चाहँदैन । परिणामस्वरूप व्यक्ति

अन्तर्द्वन्द्वको सिकार हुन पुग्दछ (भण्डारी, २०५८ : ६६) । फ्रायडले मानव मनलाई तीन खण्डमा विभाजन गरेका छ, चेतन, अचेतन र अवचेतन । चेतन मनलाई अचेतन र अवचेतन मनले पटक-पटक हस्तक्षेप गर्ने गर्दछ र शारीरिक संरचना चेतन मनले अन्य दुई जसलाई फ्रायडले ३३ प्रतिशत र ६६ प्रतिशत वर्गीकरण गरेका छन् । परिस्थिति कस्तो छ भने ३३ प्रतिशतले ६६ प्रतिशतलाई नियन्त्रण गर्नुपर्नेछ । चेतन मनले सामान्य परिस्थितिमा नियन्त्रण गर्छ पनि । जब अचेतन र अवचेतन मन हावी हुन थाल्दछ र चेतन मनले काम गर्न सक्दैन र अचेतन वा अवचेतन मनले मानवलाई नियन्त्रण गर्दछ र दुर्घटनामा पुऱ्याउँछ, त्यसपछि आन्तरिक द्वन्द्व सम्बन्ध अचेतन र अवचेतनमा हुन्छ ।

आन्तरिक द्वन्द्व भनेको दुई फरक फरक विकल्पहरू मध्येको द्विविधा हो । यो एउटै व्यक्तिमा मात्र नभएर अन्य व्यक्तिमा पनि हुन सक्छ । नाटकमा अन्तर्द्वन्द्वले सङ्घर्ष पैदा गर्दछ । पात्रको आन्तरिक द्वन्द्वकै सापेक्षतामा अन्य नाटकीय तत्त्व घटीत हुन्छ । स्वच्छन्दतावादी नाटकमा प्रेमका कारण आन्तरिक द्वन्द्व सिर्जना हुने गर्दछ भने समाजवादी नाटकमा आर्थिक, सामाजिक पक्ष र वर्गीय पक्ष बीच आन्तरिक द्वन्द्व हुन्छ । आन्तरिक द्वन्द्व पात्रको मानसिक आधारमा रहन्छ भने बाह्य द्वन्द्व सामाजिक परिवेशमा आधारीत हुन्छ । आन्तरिक द्वन्द्वले दर्शक वा पाठको उत्सुक्ता बढाउने काम गर्दछ । आन्तरिक द्वन्द्व नाटकको मौन संवाद, एकालापसँग सम्बन्धित हुन्छ । कतिपय पात्रहरू आन्तरिक द्वन्द्वकै कारण पागलपनकै स्थितिसम्म पुग्ने गरेको देखिन्छ । कुनै पनि वस्तु वा चिजको अपेक्षाको बीच अवरोध उत्पन्न हुँदा आन्तरिक द्वन्द्व हुन्छ ।

### २.४.२ बाह्य द्वन्द्व

बाह्य द्वन्द्व दुई व्यक्ति बीचको भौतिक रूपमा हुने परस्पर विरोधी शक्तिको टकाराव हो । यो द्वन्द्व विशेष गरी व्यक्ति व्यक्ति बीच, व्यक्ति र समाज बीच, व्यक्ति र परिवेश बीच हुने गर्दछ । साहित्यका सन्दर्भमा द्वन्द्वलाई नाटकको अनिवार्य तत्त्वका रूपमा लिइन्छ । द्वन्द्व नै नाटकको संरचना तयार पार्ने तत्त्व हो । बाह्य द्वन्द्व नाटकको बाह्य क्रियाकलापसँग सम्बन्धित हुन्छ । यसले प्रमुख सहभागी र अन्य सहभागी एवम् बाहिरी शक्ति र परिवेशमा सङ्घर्ष बाह्य द्वन्द्वलाई वर्गीय द्वन्द्व भनिन्छ । (थापा, २०६५, पृ. ६२) द्वन्द्वको सम्बन्ध राजनीतिशास्त्र, समाजशास्त्र, साहित्यशास्त्र, भूगोलशास्त्र, अर्थशास्त्र जस्ता अनेक दर्शकसँग हुने गर्दछ । केशवप्रसाद उपाध्यायका अनुसार "द्वन्द्वलाई परम्परा विरोधी शक्तिहरू बीच हुने

टक्कर भन्नु बढी उचित हुन्छ किनभने द्वन्द्व व्यक्ति वा व्यक्ति समूहका बीच अथवा व्यक्ति र समाजका बीच अथवा व्यक्ति र भाग्यका बीच ......सदवृत्ति र असदवृत्तिका साथ ......... कतिपय सन्दर्भमा सत्त्वृत्तिकै बीच पनि हुन्छ" (उपाध्याय, २०५० : ६१) । विशेष गरी बाह्य द्वन्द्व नाटकको प्रमुख पात्रको केन्द्रियतामा घटित हुने गर्छ । प्रमुख पात्रले कहिले जटिल परिस्थितिसँग, कहिले नायिकासँग त कहिले समाजका अन्य तत्त्वहरूसँग द्वन्द्व गर्नुपर्ने स्थितिको सिर्जना हुन्छ ।

परम्परागत नाटकमा नायक द्वन्द्वमा पर्ने र अनिवार्य रूपमा विजय प्राप्त गर्ने परिकल्पना गरिन्थ्यो भने आधुनिक नाटकमा द्वन्द्वबाट पात्रले सफलता प्राप्त गर्दछ भन्ने हुँदैन । पात्रले आफूलाई गतिशील, जीवन्त र स्वाभाविक सावित गर्नका लागि द्वन्द्व गर्ने गर्दछ । बाह्य द्वन्द्वलाई मनोद्वन्द्व बाहेक वैध र अवैध प्रेम, घृणा, सामाजिक शक्ति र प्राकृतिक शक्ति बीचको द्वन्द्वको रूपमा चिनिन्छ ।

नाटकमा जति धेरै सङ्घर्षलाई स्थान दियो त्यसले पात्रको कार्यव्यापारलाई उक्तिकै जीवन्त बनाउने काम गर्दछ । नाटकमा नायकले द्वन्द्वका क्रममा सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा विजय प्राप्त गर्नु पर्दछ । नायकले अन्य परिस्थितिसँग गरेको द्वन्द्वको अवस्था हेरी नाटकीय कथानकको क्रियाव्यापार निष्कर्षमा पुग्ने गर्दछ । भीमसेनको अन्त्य नाटकमा राजेन्द्रले भीमसेन थापा प्रति गरेको व्यवहारबाट बाह्य द्वन्द्वको विकास भएको पाइन्छ । द्वन्द्व भनेको कुनै व्यक्तिले व्यक्ति वा बाह्य जगत्मा देखिने दुई विपरीत विचार, अवस्था, व्यवस्था, मान्यता, प्रवृत्तिकाबीच हुने द्वन्द्व बाह्य द्वन्द्व हो । बाह्य द्वन्द्वलाई वर्गीय द्वन्द्व पनि भनिन्छ ।

## २.५ निष्कर्ष

दुई वा दुई भन्दा बढी व्यक्ति, विपरीतवस्तु, परिस्थिति, अवस्था, गुण, भावना, विचार आदिमा हुने विरोध वा सङ्घर्ष नै द्वन्द्व हो । द्वन्द्व कुनै पनि व्यक्ति वा वस्तुको स्वभावबाट उत्पन्न हुने झगडा, कलह, मनमुटाव, वैरभाव, दुस्मनी, लडाई आदि हो । द्वन्द्वविना नाटकको कल्पना समेत गर्न सकिँदैन । आन्तरिक र बाह्यमा द्वन्द्वको आवश्यकता पर्दछ । द्वन्द्वसम्बन्धी पूर्वीय मान्यता अनुसार आकाश, पृथ्वी, जल, वायु र तेज पञ्चमहाभूत सत्त्व, रज र तम जस्ता त्रिगुण र प्राणीको इन्द्रियहरू सबैमा एक आपसमा द्वन्द्व हुन्छ । द्वन्द्व नायक

र नायिकाको मनोवृत्ति र भौतिक जगत्का बीच हुने गर्दछ । कुनै पनि निश्चित गन्तव्यमा पुग्ने विषयवस्तुको उद्देश्य वा कथामा अवरोध खडा गर्न विरोधी विचारका क्रियाकलापहरू सक्रिय हुन थाल्दछन् र दुई किसिमका व्यक्ति समुह वा विचारका मतभेदहरू सक्रिय हुन्छ र द्वन्द्वको सिर्जना हुन्छ ।

नाट्यकृतिमा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । द्वन्द्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । सत् र असत् पात्रको परम्परा विचारको बाहिरी झगडा, दुस्मनी, मनमुटाव, बाह्य द्वन्द्व हो भने पात्रहरू बीचको हुँडलो, घातप्रतिघात आदिलाई आन्तरिक द्वन्द्व भनिन्छ । द्वन्द्व निरर्थक द्वन्द्वका लागि मात्र नभएर निश्चित उद्देश्य प्राप्तिका लागि हुनुपर्दछ । द्वन्द्वको सिर्जना गर्दा स्वभाविकता र कल्पनात्मकतामा बढी ध्यान दिनुपर्छ किनभने नाटकका दर्शक र कृतिका पाठकलाई शुरुदेखि अन्तिमसम्म आकर्षित गराउनु पर्दछ । पूर्वीय तथा पाश्चात्य साहित्यमा द्वन्द्वलाई शब्द र अर्थको रूपमा लिने गरिन्छ । व्यक्तिको अन्तरमनबाट उत्पन्न हुने आन्तरिक द्वन्द्व र भौतिक जगतबाट उत्पन्न हुने बाह्य द्वन्द्वले नाटकको कथावस्तुलाई आरम्भबाट फलागमसम्म पुऱ्याउने काम गर्दछ । नाटककारले भाषाशैलीका माध्यमबाट पात्रलाई संवाद गराउने र कथावस्तुलाई निश्चित उद्देश्यसम्म पुऱ्याउने काम गर्दछ । कथावस्तुलाई कौतुहलता प्रदान गर्नका लागि नाटकमा द्वन्द्वको आवश्यकता पर्दछ ।

# तेस्रो परिच्छेद

## 'भीमसेनको अन्त्य' नाटकको कथानक, चरित्र र परिवेशमा द्वन्द्वविधान

### ३.१ विषयपरिचय

**भीमसेनको अन्त्य** (२०१२) ऐतिहासिक दुःखान्त नाटक हो । यसलाई आठ अङ्कमा विभाजित पद्यात्मक नाटकका रूपमा लिइन्छ । समको यसभन्दा अगाडिका दुःखान्त नाटकहरूको कथानकको विषय नेपाली समाज र स्वैरकल्पनामा आधारित थियो तर अहिले भने यस्तो कथानक नभएर नेपाली इतिहासको घटनामा आधारित रहेको पाइन्छ । **भीमसेनको अन्त्य** २०१२ सालमा छापिएर पनि बाहिर आउन नसकेको र २०२८ सालमा साझा प्रकाशनले पहिलो पटक प्रकाशित गरेको थाहा पाइन्छ (शर्मा, २०३९, पृ. २४३) । यसको विषय नेपाली भारदारहरूबीचको राजनीतिक कलह र दुश्मनीका कारण उत्पन्न भएको हो । यो नेपाली दरबारका शक्तिशाली भारदार पाँडे र थापा खलकबीचको राजनीतिक झगडालाई विषय बनाइएको पाइन्छ । यसमा थापा खलकका भीमसेन थापालाई अनुकूल र पाँडे खलकका रणजङ्ग र कुलराजलाई प्रतिकूल शक्तिको रूपमा विभाजित गरिएको छ । यस नाटकमा समले भीमसेन थापाको जीवनमा १८९४ देखि १८९६ सालसम्ममा हनुमान ढोका दरबारको राजनीतिक घटनालाई आधार बनाएर नाटकको रचना गरेको पाइन्छ । भीसेनको चरित्रको बारेमा भने नेपाली इतिहासकारले एउटै धारणा नभएर विभिन्न किसिमको भएको पाइन्छ तर समले ऐतिहासिक तथ्यकै आधारमा भीमसेनको दुःखान्त चरित्रलाई कथानक बनाएर प्रस्तुत गरेका छन् । यसमा पाँडेहरूले भीमसने थापाप्रति गरेको कुरूपतालाई देखाइएको छ । भीमसेन थापालाई चारित्रिक र राजनीतिक रूपमा पतन गराउन रचेको षड्यन्त्र सफल भएको छ । जसले गर्दा यो नाटक दुःखान्त भएको हो । **भीमसेनको अन्त्य** नाटकभित्र कथानक, चरित्र र परिवेशमा आधारित द्वन्द्वविधानको विश्लेषण गरिएको छ ।

### ३.२ कथानकमा द्वन्द्व

यस नाटकको कथानक दृश्यमा विभाजित नगरी अङ्कमा विभाजित गरिएको छ । पहलिो अङ्कमा विषय द्वन्द्वको आरम्भ गरिएको छ । दोस्रो र तेस्रो अङ्कमा विषय र द्वन्द्वको

विकास गरिएको छ । चौथो, पाँचौ र छैटौं अङ्कमा विषय र द्वन्द्व चरमोत्कर्षमा पुगेको छ । सातौं अङ्कमा संघर्षह्रास भएको पाइन्छ भने आठौं अङ्कमा विषय वा द्वन्द्वको अवसान भएको छ । यहाँ सबै अङ्कमा आधारित भई 'भीमसेनको अन्त्य' नाटकको कथानकमा द्वन्द्वविधानको खोजी गरिएको छ ।

यस नाटकको कथानकको आरम्भ पहिलो अङ्क वि.सं. १८९४ श्रावण ९ गते हनुमानढोका राजदरबारभित्र माथिल्लो तल्लाबाट सुरु हुन्छ । यो कोठामा विभिन्न प्रकारका चित्र र देवताका मूर्तिहरूले सजाइएको छ । यो कोठमा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको चित्र पनि टांगिएको छ । रणजङ्ग र कुलराज राजारानीको दर्शनको लागि माथिल्लो तल्लातिर उक्लन्छन् । कुलराजले क्रोध भएर रणजङ्गसँग भीमसेनले सक्ने भए हाम्रो छाला काडेर टांगिसक्थ्यो होला, दाउ लाग्यो भने हामी पनि भीमसेनलाई भुइँमा ढालेर घोक्रोको रगत पिउनु हुन्थ्यो भन्दछन् । रणजङ्गले कुलराजलाई किन दुःशासन भएर महाभारतको प्रतिहिंसा गर्छस् भन्दा कलुराज झन् क्रोध भएर सुशासन भई त्यसको छातीमा रिङ्गेटी खेलन हुन्थ्यो भन्दछन् । रणजङ्गले कुलराजलाई यो तेरो घर होइन दरबार हो, जे पायो त्यही नभन भित्ताको पनि कान हुन्छ सुस्तरी बोल भनि सम्झाउँछन् । कुलराज झन् जोसिलो स्वरमा रणजङ्गसँग यहाँ अगति परेका हाम्रै बाबाज्यूहरूका शिर काटेर थामैपिच्छे राखिएको छ, उनीहरूको कानबाट थामका बुट्टा, टाउको माथि पृथ्वी राखे पनि नहल्लने तपाईका पिता दामोदरको शिर निदाल थेग्ने थाम हो, यहाँ खम्बा फोन भनि काजी नरसिंह लुकेर कुरा सुनिरहेका छन्, तपाईका दाजुहरू रणकेशर र जगकेशर यहीँ छन्, उनीहरूलाई तार्नको लागि रक्तपात नै गर्नुपर्छ, त्यसैको पर्खाइमा बसेका छन् भन्छ । रणजङ्ग कुलराजलाई सम्झाउँदै शत्रुलाईलामखुट्टे जस्तो गरेर भाग्न दिनु हुँदैन, त्यसलाई सतर्क भएर मुट्ठी कसेर मार्नु पर्छ । त्यसैले अगाडि नै हल्ला गरेर भाग्न दिनु हुँदैन भन्छन् ।

कुलराजले जगत्नैनीलाई तिमी त सुनकी पुतली जस्तै भइछौ; कान्छा साहेबको शुभ पास्नीमा शिर पाउ पाएर भन्दछन् । जगत्नैनीलाई हामी जेठी महारानीलाई दर्शन गर्न आएका हौं महारानी कता होइबक्सीन्छ भन्दछन् । जगत्नैनी खबर गर्न भित्र जान्छे । उनीहरूले चित्री द्वारेले पनि कपालमा लगाउने सुनका पाता, कुचीनको चोलो र ताशको जामा पाई फुरुङ्ग भई अन्तरिक्षमा उडेकी छ, खुट्टा भुइँमा छैन भन्छन् । उनीहरूले जेठी महारानी साम्राज्यलक्ष्मी देवी आइपुगेपछि दुवै जना उनलाई दर्शन गर्दछन् । महारानी

तिमीहरू कतिबेर कुर्‍यौ, यहाँ तिमीहरूलाई पास्नीको मौका पारी डाकेकी हुँ, मौका खोजी रहेकी नै थिए आज यही कान्छा साहेबको पास्नीले डाकेकी तर उसलाई सन्चो छैन, भीमेले पनि आज चौसल्ला पाउने रे भन्छिन् । रणजङ्ग भीमसेनलाई त्यही चौसल्लामा निसासियोस्, बेह्रियोस् र पुरियोस् भनेर रिस पोख्दछन् ? हाम्रो पनि त दिन आउला भनि विन्ति चढाउँछन् । रानीले तिम्रो निम्ति सबै विन्ति गरेकी छु भन्छिन् । कुलराज उसो भए पाँडेको पनि दीर्घायु हुने भयो भन्छ भने रणजङ्ग हाम्रो पनि भाग्य खुल्ने भयो भनि खुसी हुन्छन् । रानीले अहिले त्यसो नभन म एउटी भएकी भए पो त आफूले एउटा काम गर्न लाग्यो त्यो काम विगार्ने अनेक छन् । दुईको युद्धमा आफ्नो मान्छे पनि चाहिँदो रहेछ भन्छिन् ।

रणजङ्ग जस्तो सुकै महामारी र आपत्ति, झरी वा हुरी चलोस् प्रचण्ड घामले पोलोस् म हजुरकै दास तत्पर छु भनि भक्ति प्रकट गर्दछन् । रानी मुख्त्यार भर्‍याङमा उक्लँदै गरेको आवाज आएको थाहा पाएपछि भित्र पस्छिन् । रणजङ्ग र कुलराजले भीमसेनलाई सलाम गर्दछन् । आयुष्मान अनि तिमीहरूले दर्शन पायौ भनि सोध्छन् । उनीहरूले दर्शन पाएका छैनौं भनि दुवै पक्ष नबोलि केही बेरसम्म चुपचाप बसिरहन्छन् । भीमसेनले आज पानी पर्छ कि जस्तो छ  भन्छन् । कुलराज भीमसेनलाई त्यस्तै छ दखिन कालै भएर आएको छ भन्छन् (सम, २०५७ :   पृ ७) । सबै जना चुपचाप लागिरहेको बेलामा जगत्नैनी आएर पाल्नु भएछ त मुख्तियार पनि भन्दै भित्र खबर गर्न जान्छे । रणजङ्ग भीमसेनसँग चौसला बकस पाउने भन्ने सुनेको थिए भन्छन् । भीमसेन कहाँ सुन्यौं, बुढो सेवक नै हो यो बक्सिनै नहुने पनि कहाँ होला, अब त कति वर्ष नै बाचिएला र भन्दछन् । राणजङ्ग सधैंभरी कोही टिक्ने होइन, मर्नुपर्छ एक दिन, धक्याएर अरूलाई हिड्नेहरू नै अघि पुग्दछन्, भित्ता लागि बाटो छाडिदिनेहरू पछि पर्छन् । हजारौंको पछि पर्दा खुसी हुने, हजारौंको अघि लाग्दा रुन्छन् भनि भीमसेनलाई व्यङ्ग्य गर्दछन् (पृ. ८) ।

भीमसेन मर्न डराउनेहरू खुम्चेर पछि बस्छन्, जो सत्यलाई प्राण सम्झिन्छ, त्यो आगो छुनुपरे पनि अरुलाई उछिनेर भुङ्ग्राभित्र घुस्दछ भनि रणजङ्गलाई भन्दछन् । रणजङ्गले जलेर आगो हुनुपरे पनि दुई चार घडी होस्, उज्यालो हुन छाडेर भए पनि मुडुलो शिर अन्ध खाडलमा रोजेर भए पनि भुइँमा ओछ्याई, त्यही माटो ओटी त्यही माटोमा गुडुल्की परेर भए पनि भित्तो लाग्दैन कहिल्यै पनि भनि भीमसेनलाई सुनाउँछन् । यसरी कुरा गर्ने क्रममा जगत्नैनी आएर महाराजधिराजको सवारी हुँदैछ भनि सुचना दिन्छे । राजारानीसँगै आएका

छन्, उनीहरूलाई सबैले दर्शन गर्दछन् । राजेन्द्रले भीमसेनलाई तँलाई लौ आज उत्सवमा म यो चोसल्ला दिन्छु भनि ओढाइ दिन्छन् । भीमसेनले राजारानीलाई दाम राखि दर्शन गर्दछन् । यो मेरा निम्ति ठूलो कुरा हो, सरकारको नुन खाएको धेरै भइसक्यो, देशका लागि भने जस्तो केही प्रगति गर्न नसकी बुढो भइसके, बेलायतमा माथवरलाई राजदुत बनाएर पठाउँला भन्दा अंग्रेजले शङ्का गरेर फर्कायो, उनले बाध्य भएर जागिर छोडे, उनका ठाउँमा रणदललाई राखियो जे हुनुपर्छ सरकारकै इच्छाअनुसार हुन्छ भन्छन् ।

भीमसेनले राजालाई मेरा विरुद्धमा सरकारसमक्ष के के सुनाएका छन् भनि सोध्छन् । राजाले भीमसेनलाई पहिला म सानो छँदाको कुरा बेग्लै थियो, अब म ठूलो भएकाले देशको उत्तरदायित्व मेरै हुन्छ, तँ मेरो हुकुम मान्दछस् भन्छन् । म तेरै काखमा हर्किए तँहीले राजकाजको काम गरेको पनि तेत्तीस वर्ष भयो, जिजुबाबुज्युले तँलाई पत्याएर प्रधानमन्त्री बनाएर राजकाज सुम्पिनु भएको हो, हाम्रा जिजुमामुज्युको पाउमा साथ रही देशलाई लडाइँबाट बचाइस्, बुटोल जस्ता भुभागलाई सङ्ग्रामबाट बचाई अंग्रेजहरूबाट फिर्ता लिइस्, तँ स्वदेशका लागि लड्ने बीरभन्दा सानो होइनस् भनि यसो भन्छन् :

तँ ता धरहरा वीरहरूमा, भुसियाहरू
देख्छु जिस्क्याउँदै भुक्दै खेद्छन् यताउति,
सोभ्रो बाटो लिई हिँड्छस तँचाहि गजराज भैँ (पृ. ११)

कान्छीरानी राज्यलक्ष्मीले भीमसेन तिमीलाई महाराजधिराजले बिर्सिबक्सेको छैन भनि सम्भ्राउँछिन् । राजाले फेरी भीमसेनको प्रशंसा गर्दै तैँले राजभक्ति दर्शाएर हनुमान् ढोका सुनको बनाइस्, चाँदतोडाले पल्टन सिँगारि मनमा जुन छाइदिस् अनि बादशाही बाजाले नुन थपिदिइस्, त्रिहत्तर सालमा फैलिएको बिफरबाट बुबाको स्वर्ग भयो, त्यसबेला म दुई वर्षको थिए, म डराएर तेरो ठूलो काखमा आनन्दले बस्थे, त्यो काख सुवर्णको सिहासनको भन्दा प्यारो लाग्यो, तेरो विशाल मुखमा आशा, धैर्य र साहस म पाउथे विभिन्न सङ्कटमा पनि तैंले राजा रैती भार आफ्नो काँधमा लिएको सम्भ्रदा त्यो मेरो छाती च्यातिन्छ, यो संसार बैगुनी छ, हिजोको क्षण आज नै बिर्सिन्छ, मीठो खायो यता लाग्यो, राम्रो लायो उता पुग्यो आफ्नो कर्तव्य बिर्सिन्छ, मलिनो भई कान्छी महारानीले तेरा सारा गुन सम्भ्राइ र यो चौसल्ला तँलाई दिएको हुनता तेत्तीस वर्ष काम गरि तेत्तीस राज्य नै दिए पनि तँलाई त्यो थोरै हुन्छ भनि प्रंशसा गर्दछन् । यसैक्रममा साम्राज्यलक्ष्मीको प्रवेश हुन्छ । उनकै पछि जगत्नैनीलाई

दुई वटा तखाल बोकाएर आउँछिन् भीमसेन उनीलाई पनि रुपियाँ राखेर दर्शन गर्दछन् । रानीले रणजङ्गलाई के बिन्ति गऱ्यो भनि सोध्दा केही गरेका छैनौ भन्छन् । राज्यलक्ष्मी हिँडेपछि राजासँग रणजङ्गलाई यिनका बाबु योग्य थिए तर कसका कारणले काटिए म जान्दिनँ, उनले भोटेसँग युद्ध गरि ब्रह्मपुत्रमा खाँडो पखालेका थिए, अंग्रेजसँग पनि मित्रता बढाएकै थिए तर जस पाउने अरु भए, उनका छोरा रणजङ्गले कसरी आफ्नो जिविका गर्छन् भनि राजालाई विन्ति गर्दछिन् । रणजङ्ग र कुलराजको सर्वस्व फिर्ता गरी कुलराजलाई करदार बनाउँछन् । भीमसेनले राजासँग चौसल्ला बकस पाएपछि शत्रुहरू भपिएका छन्, नाम, दाम, कमाउनु भनेको वैरत्वको खाल्टो खन्नु हो, त्यसैले म चीनको राजदुत भएर जान पाउँ त्यहाँ गएर राज्यमा केही परिवर्तन गर्न सक्छु कि भन्छन् तर राजाले मान्दैनन् । तँ गएपछि राज्य कसले समाल्छ भन्दछन् । राजेन्द्रले भीमसेनलाई तेरो चित्त दुखेको छ कि, तेरो काम हलुका पार्न काम अरुलाई बाडेको मात्र हो, राजेन्द्रले भीमसेनलाई ठूलो छोरो हुर्क्यो, कान्छो बिरामी छ, त्यसलाई हेरचाह गर्नुपर्छ औषधि व्यवस्था मिलाइदे, निको भएपछि तँ चीन जाने कुरामा विचार गरौंला भन्दछन् ।

यहाँ पहिलो अङ्कका यिनै घटना र क्रियाकलापबाट द्वन्द्वको आरम्भ भएको छ । भीमसेनसँग दुस्मनीको बदला लिन दाउ हेरी बसेका रणजङ्ग र कुलराजसँग कान्छा राजकुमारको पास्नीको अवसरमा बकस लिन आउँदा भेट हुनु, दुवैपक्ष कटाक्षपूर्ण कुराकानी हुनु, कान्छी रानीको आग्रहमा राजेन्द्रले भीमसेनलाई चौसल्ला वकस दिनु, जेठी रानीका आग्रहमा रणजङ्ग र कुलराजलाई सर्वस्व फिर्ता दिनु, कुलराजले कपरदारी पाउनु, भीमसेनले चीनकोराजदुत हुन पाउँ भनि राजासँग बिन्ति गर्नु, राजाले तेरो अधिकार अरुलाई दिएर हलुका पारेको मात्र हो चित्त नदुखा, तँ गएपछि राज्य सञ्चालन राम्ररी हुँदैन, छोरा बिरामी छ, निको भए पछि चीन पठाउने कुरामा विचार गरौंला भनेर भीमसेनलाई आश्वासन दिनु आदि घटना वा कार्यव्यापारबाट पाँडे र थापा खलकमा द्वन्द्वको आरम्भ भएको पाइन्छ ।

दोस्रो अङ्कमा वि.सं. १९९४ श्रावण १० एकदेवको घरको कोठाबाट सुरु हुन्छ । एकदेव राती बिरामीको सेवा गरेर फर्कि आफ्नी छोरीसँग बिरामी पत्नीको हालखबर सोध्छन् । दुध पिएर छोरीलाई आमालाई गाह्रो भयो भनि भन्नु म सुत्छु भनि सुत्न थाल्दा भीमसेन र भाजुमान आएर उनलाई उठाउँछन् । एकदेवले किन यति रातमा आउनु भएको दरबारमा केही भयो कि भनि सोध्छन् । भाजुमानले एकेदवलाई तपाईले भने जति सारा

औषधी खुवाउँदा पनि छुदैछुदैन राजकुमारलाई झन् बढी हुँदै गएको छ भन्छन् । भीमसेनले एकदेवलाई यो त जीवनमृत्युको भन्दा पनि सबै हाम्रो पक्षको मानहानीको अनि सम्मानको बाजी हाम्रै परिसक्यो, हिँड गएर हेर भन्छन् (पृ. २५) ।

एकदेवले मलाई दरबारले राम्रो दृष्टिले हेर्दैन भन्दा पनि किन मलाई बाध्नु हुन्छ भन्छन् । भीमसेन तैंले तीस वर्ष सम्म राजवैद्य भएर काम गर्दा कहिल्यै जस पाइनस्, राजाले परार तेरो औषधी नखाँदा तँलाई सारै पीर परेको थियो तर अहिले राजा स्वयमले तँलाई बोलाई सल्लाह गर भनेकाले तिमीलाई बोलाउन आएको भन्छन् । भाजुमान धैर्य गर्नु नै सबैभन्दा ठूलो कुरा हो । एकदेव पनि त्यस कुरामा सहमत जनाउँदै धैर्य गरेर नै रणजङ्गहरूले सर्वस्व फिर्ता पाए भन्छन् । यी भीम पो अधैर्य थिए अनेक सङ्कटबाट देश जोगाए पनि अहिले यिनका विरुद्ध चोर र सर्पले घस्रने मौका पाएका छन् भन्छन् । भीमसेनले एकदेवलाई अहिले यहाँ लडाइको भूत लागेको छ म युद्ध गर्दिन, म राजकुमारलाई निको पारि चीन जान्छु अनि सुप्त एसियालाई पनि जोगाई श्री ५ पृथ्वीको स्वप्नलाई सफल पार्छु । यसको उपाय चीनमा नै छ भन्छन् (पृ. २७) भाजुमानले राजारानीसँग चित्त दुखेको भए पनि अरुका दरिद्र घरका छोरालाई जसरी गर्नुहुन्छ त्यस्तै गरी यो बालक राजकुमारलाई पनि जसरी भए पनि बचाउनुहोस भन्दा शिवान्द, द्यौमाजु, गङ्गानाथ आदि मान्दैन तर एकदेव भने प्रधानमन्त्रीको जिद्दीले गर्दा जान्छु भनि आवश्यक औषधी लिएर दरबारतिर जान्छन् । दोस्रो अङ्कको कार्यव्यापार सँधै अपजस पाएका एकदेवलाई भीमसेन जीवनमृत्युभन्दा पनि आफ्नो मानहानि र सम्मानको बाजी परेको छ भनि एकदेवलाई दरबार जान बाध्य बनाएको र निको भएमा आफू चीन जान पाउँछु भन्ने उद्देश्य रहेको छ ।

तेस्रो अङ्क श्रावाण १० गते रातिको समयमा हनुमानकोठाको. राजदरबारको बिरामीको कोठाबाट सुरु हुन्छ । यहाँ जगत्नैनी धाई र चित्री द्वारे बिरामी राजकुमारलाई हम्कने र मुसार्ने काम गरिरहेका छन् । देवेन्द्र बेलाबेलामा मसिनो स्वरले रोएका छन् भने नेपथ्यमा पर रुद्री र महाकाल शनिमृत्युञ्जयछस्तोत्र पाठहरू गरिरहेका छन् । कुलराज र रणजङ्ग एक छेउमा कानेखुसी गरिरहेका छन् । रानीले यो छोराको साह्रै माया लाग्छ भनि रुन्छिन् । रणजङ्गले रानीलाई ओखतीले काम गरिरहेका छन्, धैर्य गरी बस्नु पर्छ भनि सम्झाउँछ । त्यसैबेला राजा र गुरु रङ्गनाथको प्रवेश हुन्छ । अनि राजाले देवेन्द्रलाई हेरी रङ्गनाथलाई हेर्नुहोस् गुरु यसको अवस्था भन्छन् । यसको वास्तविक अवस्था त वैद्यहरू मात्र

थाहा पाउँछन् । तर ईश्वरको इच्छा भयो भने राम्रो हुन्छ भनि त्यहाँबाट हिड्छन् । कुलराजले एकान्तको अवसर पारेर जगत्नैनीलाई नरोऊ, यहाँ मुख्तियार र एकदेव आई ओखती भनि बिख पनि खुवाउन सक्छन् राम्रोसँग हेर भनि झुटो कुरा गर्दछ । जगत्नैनी आत्तिएर महारानीलाई खबर गर्न जान्छु भन्दा कुलराजले विस्तारै बोल यो तर घर होइन राजदरबार हो, यहाँ भित्ताको पनि कान हुन्छ, तिमी र म जेठा महारानी पक्षका हौं, कान्छा साहेबलाई कित ईश्वरले कित एकदेव वैद्यले बचाउन वा मार्न सक्छन्, यहाँ बोल्नु हुँदैन हेरेर बस्नु पर्छ, यो कुलराजले भनेको भनि कसैलाई नभन्नु भन्छन् (पृ.३७) ।

कुलराजले कान्छा साहेबलाई केही भयो भने जेठा महारानीका शत्रु थापाहरूको सत्यनाश र निर्मूल पार्नु पर्छ भनि आक्रोस व्यक्त गर्दछ । भीमसेनहरू आएको थाहा पाएर कुलराज त्यही लुकेर बस्दछ । भीमसेन, एकदेव, भाजुमान आएर बिरामीलाई हेरी जगत्नैनीलाई बिरामीको अवस्था कस्तो छ भनि सोध्दछन् । तीनै जनाले सल्लाह गरी औषधी खुवाउन खोज्दा जगत्नैनीले के हो भनि छेक्छे र यो ओखती खुवाउँदा सङ्का गरी बरु मलाई नै मारिदेउ भन्दै रुदै निक्लन्छे । भीमसेनले चित्रीसँग किन रोएकी भन्दा कले के खुवाउँछ थाहा छैन दुध मात्र खुवाउन जानेकी छ  भन्छे । कुलराज एकदेवले नारी हेरीरहेको बेलामा बाहिर निस्कन्छ तर एकदेव थाहा  पाउँछन् । एकदेव र भाजुमानले बिरामीको अवस्था झन् बिग्रदै गएको कुरा गर्दछन् । जगत्नैनी आएर थाङ्ना फेर्छे अनि भीमसेनले अघि किन रोकी भन्दा पाप र धर्म ईश्वरले जानुन म जान्दिन भन्छे । एकदेवले अर्को ओखती खुवाउने बेला भयो भन्दा भीमसेन घडी हेर्छन् । एकदेवले अंग्रेजी औषधीमा विश्वास गर्ने दरबारियाप्रति व्यङ्ग्य गर्दछन् तर भीमसेनले एकदेवलाई यसरी सम्झाउँछन् ।

ईर्ष्या र द्वेषले गर्दा एकता जुन जातिमा
हुँदैन त्यसको गर्छ निधो अर्कै विजातिले
तिम्रो रसादि जो खान हच्कचाउँछ त्यो बरु
गएर परचक्रीको पानी पिउन पुग्दछ (पृ. ४३) ।

केही समयसम्म यस्तै परिस्थिति रहयो भने हामी दरबारमा ओखती गर्न आउनु पर्दैन, हाम्रा ओखती माटामा मिल्काए हुन्छ, म त काजीलाई नै दोष दिन्छु किनभने विदेशका नक्सा नेपालमा लिएर हाम्रो कलालाई बाघले झैं बाघले निल्यो, विदेशका बोली कम्पुमा फैलिएका साथै विदेशी पोशाक भयो भन्दछन् । भीमसेनले एकदेवलाई आज त चुकिस भने

जीवनमा, म, भाजुमात र नेपाली वैद्यशास्त्र, चक्ने छन् । जसरी साठी वर्ष बिते पनि अबको समय त्यसरी बित्न गाह्रो छ भन्दै चिन्ता व्यक्त गर्दै घडी खल्तीमा राख्दछन् ।

यस अङ्कका घटना र कार्यव्यापारले विषय वा द्वन्द्वलाई विकसित अवस्थामा लैजाने काम गरेको छ । छोरो बिरामी भएर चिन्तित भएका राजारानीलाई रणजङ्ग र रङ्गनाथले विश्वास गराउनु, जगत्नैनीलाई भीमसेनहरू आएर बिख खुवाउँछ भनि कुलराजले झुटो कुरा गर्नु, जगत्नैनी रानीलाई भन जान लाग्दा बिस्तारै बोल भित्ताको पनि कान हुन्छ किनभने हामीहरू जेठा महारानी पक्षका हौं, बिरामीलाई केही भयो भने जेठा महारानीका शत्रु थापा खलकलाई सत्यनाश र निर्मूल पार्नुपर्छ भनि लुकेर कुरा सुन्नु, भीमसेनहरू आएर औषधी खुवाउँन खोज्दा जगत्नैनीले नदिनु र खुवाउँदा रुँदै निस्कनु, भाजुमानले औषधी खुवाएपछि कुलराज बाहिर निस्कनु, बिरामीको अवस्था नाजुक हुँदै गएपछि भीमसेन चिन्तित हुनु । दोस्रो पटक औषधी खुवाएपछि बत्ती निभ्नु जस्ता कार्यव्यापार र घटनाबाट द्वन्द्वको विकास भएको पाइन्छ । यसबाट थापा खलकमा विपत्ति आउने सङ्केत देखिन्छ । यसरी दुवै पक्षमा द्वन्द्व झन् विकसित हुनका साथै करुणा र त्रास पनि झन् बढ्दै गएको देखिन्छ ।

कथानकको चौथो अङ्कमा आइपुग्दा कथाको मध्य भागको प्रारम्भ हुन्छ । यस अङ्कमा हनुमानढोकाको राजदरबारमा श्रावण १२ गते दिउँसको समयमा कान्छा राजकुमार देवेन्द्रको मृत्युले राजदरबार नै शोकमय बनाएको छ । यहाँ राजा आफ्नो छोरालाई गुमाउनु परेकोमा साह्रै चिन्तित भई रूपमालले आँसु पुछिरहेका छन् भने उनको काखमा घोप्टो परेर सुरेन्द्रविक्रम शाह पनि रोइरहेका छन् । त्यहाँ रङ्गनाभ, रणजङ्ग, कुलराजहरू पनि दुःखीत देखिन्छन् । रणजङ्गले मौकाको फाइदा उठाउँदै राजाको हुकुम बमोजिम कलकत्तामा रहेका वकिललाई पठाउन भनि लेखेको चिठी कनकसिंहलाई पढ्न लगाउँछन् । यो पत्रमा भाजुमानले अफिम, धतुरो मिसाएको ओखती राजारानीलाई समेत नसोधी खुवाई कान्छा राजकुमारको मृत्यु भएको हो । अपराधमा भीमसेन थापा, रणवीरसिंह थापा, एकदेव वैद्य, शिवानन्द, भवानीहरूको बाधाविर्ता र धनमानल समेत रोक्का गरी कैद राखीएको कुरा जानकारी गराउँछन् । राजासँग रणजङ्गले यो पत्र भोलि डाँकबाट पठाउँछु भन्दछन् ।

राजाले आफुले फौजी मुख्तीयारको पदवी पाएको जाकारी पत्रमा गराउनु भन्दै गुरु रङ्गनाथसँग गुनासो गर्दै यिनीहरूले फोक्सोमा कहिलै निको नुहने घाउ लगाएका छन् । यिनीहरूलाई दिएको सजाय धेरै वा थोरै के भयो भनि सोध्छन् । रङ्गनाथले के सजाय पाएर

कहिले पाए भनि सोध्दा रणजङ्गले हिजै तोकिएको हो । भीमसेन, रणवीरसिंह र माथवरसिंह थापालाई सर्वस्वहरण र जन्मकैद, यिनीहरूका सोह्र वर्ष माथिका जहान बच्चाहरूलाई एक वर्ष कैद वैद्यहरू मध्ये भाजुमानलाई छाला टाँगी झुन्ड्याउने र अरु वैद्यलाई सर्वस्वहरण, द्रामल, जन्मकैद जस्ता सजाय दिने निर्णय भएको कुरा बताएका छन् । रङ्गनाथले तिनीहरूले साच्चै अपराध गरेका हुनत, सरकार समक्ष सबै कुरा छर्लङ्ग पारे त, राजा सबैका साझा हुन, मैलेत मुद्दाको स्वरूप नै बुझ्न पाइन किन यस्तो हडबडी गरेको, धर्मावतारको न्याय त घाम जस्तै छर्लङ्ग हुनुपर्दछ । यिनीहरूले क्रुर राक्षसले गर्न नसकेको काम पनि कसरी गर्न सके होलान् भनि शङ्का व्यक्त गर्दछन् र यसको साक्षी प्रमाण के छ भनि सोध्दा द्वारे धाईलाई साक्षी हो भनि कुलराजले बोलाई ल्याउँछन् । रङ्गनाथले उनीहरूसँग प्रश्न सोध्दा सही कुरा गर्न खोजे पनि भन्न सक्दैनन् बरु शङ्का पैदा गरिदिन्छन् भने जगत्नैनीले त विष खुवाएको हो भन्छे । राजाले चित्री र जगत्नैनीका कुरा सुनी रिसले चुर भई माथि उक्लन्छन् । यही मौका पारी रणजङ्गले कुलराजसँग रगतको वर्षा हुन बाँकी छ भन्छन् (पृ. ५९) ।

राज्यलक्ष्मीले सबैजना गएपछि रङ्गनाथलाई माथिबाट रोक्न पठाउँछिन् र तल ओर्लन्छिन् । रङ्गनाथले धाईका कुराले राजालाई चिन्तित तुल्याएको छ । सबै मिलेर राजालाई बिन्ति चढाउनु पर्दछ यस्तै परिस्थिति रहयो भने सबैको हानि हुन्छ भन्दछन् । फत्यजङ्गहरू र तिलङ्गाहरू सबै दुविधामा परेर चुप लागेको देखिन्छ, राणजङ्गले हिजै सबैलाई सुनाएछन् । भीमसेनबाट यस्तो कुकर्म हुन्छ भनेर कसैले पत्ताउन सक्दैनन् आज पाँडे र थापाहरू बीच कलह बढेको देखिन्छ । राज्यलक्ष्मीले सबै सत्य तथ्य कुरा लेखेर ल्याउनुहोस् म त्यसको लागि ज्यान दिई लड्न तयार छु भनि दुःख प्रकट गर्दछिन् ।

पाँचौ अङ्कको सुरुवात वि.सं. १८९६ श्रावण ४ गते हनुमानढोकाबाट हुन्छ । हनुमानढोकाको भित्रापट्टी सुनको ढोका बन्द गरिएको छ । त्यहाँ सिपाहीहरू बसिरहेको देखिन्छ । त्यहाँ ढोकाको चिराबाट एक जना सिपाहीले बाहिर चिहाइरहेको छ । एउटा सिपाही नृसिंहको मूर्ति अगाडि बसी रोइरहेको बेला बाहिरबाट भीमसेनलाई छोडाइ पाऊ भन्ने ठूलो खलबल सनिन्छ । यहाँ सिपाहीका अनुसार कोटेश्वरको लिङ्ग हल्लेको हुनाले यहाँ अब उत्पात हुन्छ भनि चिन्तित भई भीमसेन माथि भएको अन्याय सहन नसरी सिपाहीहरू नोकरी छोडेर हिड्न बाध्य हुन्छन् । कुलराजले सिपाहीहरूलाई ढोका तिर हेरी राख्नु गुरूपुरोहित र चौतारिया आए मात्र ढोका खोल्नु तर अरुलाई पस्न नदिनु भन्दछन् । भीमसेन

माथि अन्याय भयो भनेर सिपाहीहरूले जागिर छोड्न खोज्दा रङ्गनाथले सम्झाउँछन् तर सम्झाउँदा पनि नमानेको रङ्गनाथले सिपाहीहरूलाई चिट्ठी लिएर माथवरसिंह समक्ष जान भनि अह्राउँछन् र उनीहरू पनि सहमत भएका छन् । रङ्गनाथले यो चिठी केही गरी हरायो भने पनि सबै मुखैले भन्नु भनि यो चिठीमा भएको कुरा सुनाउँछन् । यो चिठीमा जालसाजी कागत बनाएका, पाँडेहरूले ज्यानमुद्दा उल्टाएर दुई वर्षपछि फेरी भीमसेनहरूलाई पक्राउ गरेका, फिरङ्गीसित मिलेको छ भनि आरोप लगाई चुक्ली अर्जी गरेको सुनिन्छ । आज सबै जोरफोर गरी सजा तोकिने कुरा छ । आफु प्रधानमन्त्री छँदा त पुर्पक्ष गरी सबैलाई जात सर्वस्व फिर्ता भएको थियो । जेठी महारानीले अड्डी रणजङ्गलाई कम्पुको हाली मुहाली हुन दिएको सन्यासी भएकातिम्रा कान्छा छोटा जनरल रणवीरसिंह पनि हिजो आज कता छन् पत्तो छैन । पुष्कर शाहले राजीनामा दिएपछि रणजङ्ग मुख्तीयार भएको केही महिनाभित्रै यत्रो षड्यन्त्र रचेको हो । कान्छी महारानीले जनरल भीमसेन थापा र एकदेव वैद्यहरूलाई बचाउन धेरै प्रयास गरिरहेको पाइन्छ । यसपाली भरेसम्ममा के हुने हो थाहा छैन, नराम्रो परिणाम सम्झेर काम गर्नु कुनै विचार नगरी यता फर्किने काम नगर्नु । यहाँ भीमसेनबाट सिकेको राजभक्तिले गर्दा कुनै तिलङ्गाहरू बोल्न नसकि हिजोसम्ममा चारसय जति तिलङ्गाले जागिर छोडिसकेका छन् भन्दछन् । बाहिरबाट नागरिकहरूले आफ्नो घरमा हजारौं बिरामी सिकिस्त भएकाले एकदेवविना बचाउन नसकने भएकाले उनलाई छोड्न आग्रह गर्दछन् । एकदेवबाट यस्तो अपराध हुन सक्दैन भनि दुःख प्रकट गर्दछन् । कुलराज रिसले क्रोध भई तिनीहरूलाई कुटेर बाहिर निकालीदे भनेको सुनी रङ्गनाथले नकुटी सम्झाएर पठाउन आग्रह गर्दछन् ।

हनुमानढोका दरबारको बैठक कोठाबाट अङ्क ६ सुरु हुन्छ । यहाँ रानीहरू, मुख्तियार, गुरु र भारदारहरू पनि बसेका छन् । राजा क्रोध भई काखमा बच्चा राजा लिई राजा आफै बनि काज चलाउने, जेठी महारानी र मलाई बिताउँला अनि कान्छी महारनी र सुरेन्द्रलाई फकाइफुलाई गरी आफै राजकाज चलाउँला भन्ने पाप मैले देखे भनि यस कागतमा लेखेको कुरा बाँची सुनाउँदै राजाले त्यो कागत कनकसिंहलाई भन्न लगाउँछन् । कनकसिंह कागत हेर्दै भीमसेनले कान्छा साहेबलाई मारेकै हो । यो कुरा हामी सबैलाई थाहा छ । यहाँ भीमेले अह्राउने, एकदेव वैद्यले दिने र भाजुमानले विष खुवाई राजकुमारको ज्यान गएको हो । महाराजधिराजबाट यो पापीले दण्ड पाएन भने सोझा प्रजाले आगामा हाम फाले पनि भयो भनि लेखिएको यो कागत पढी सुनाउँछन् । राजाले सबै जनालाई अब त सुन्यौं नि भन्दा

सबै जनाले सुन्यौं प्रभु भनि जवाफ दिन्छन् । राजा सिंहासनमा बस्दछन् र अरु पनि बस्छन् । राजाले यो सबै कायलनामाका कागत जेठी रानी अगाडि बसेर एक एक गराएकी हुन्, त्यहाँ रणजङ्ग पनि थियो भन्दछन् । रणजङ्गले हेर्नोस् यहाँ ६ जना साक्षी छन् भनी देखाउँछन् । ती ६ जना साक्षीहरूले त्यो भीमसेनले नै हो जाल गरी एकदेवहरूद्वारा विष खुवाएको भन्दछन् । राजा रिसले क्रोध भई जेठी रानीलाई तिमी दण्ड सजाय तोक भन्दछन् । जेठी महारानीले वैद्यलाई चारपाटा मुडेर सर्वस्व गरी देशनिकाला गर्नु, भीमसेनलाई मृत्यु दण्ड भन्न खोज्दा रणजङ्ग रानीको कानमा गई केही कुरा भन्छ । रानीले फेरी अहिले नै ज्यान किन लिनु पऱ्यो जन्मकैद भन्दछिन् । राजा त्यसै गर्नु भनि कनकसिंहलाई सबै सजाय टिप्न पठाउँछन् र कनकसिंहले पनि भनेका सबै सजाय टिप्छन् । राजा उठेर जान लाग्दा रङ्गनाथले हजुरलाई म एउटा विन्ति गर्दछु भनि भीमसेनले यो पत्र देख्न पाए पाएनन्, सजाय तोक भएको त सुन्न पाउनुपर्छ । भीमसेन कायल भएत उनले सरकार अगाडि आएर केही बिन्ति गर्न पाउनु पर्दछ भन्दा राजा र अरु पनि बस्दछन् तर रणजङ्गले जात गएको मान्छेलाई ल्याउनु राम्रो हुँदैन किनभने मुख्तियार भएको मान्छेलाई यहाँ ल्याउनु व्यर्थ छ, मोरेकोलाई मार्नु जस्तै हो । यहाँ आयो भने साराले अपमान गर्दछन् । फिरङ्गीपट्टिका कुरा धेरै छनु, अहिले लहरा तान्दा पहरा गर्जे जस्तै हुन्छ, अहिले ज्यान सजाय माफी दिएर जन्मकैद बक्सियो त्यही नै ठूलो कुरामान्नु पर्छ भन्छन् (पृ. ८०) ।

रङ्गनाथले पुर्पक्ष हुनै पर्छ, भारदारी र महाराजधिराजको अगाडि नै कहाँबाट त्यसको जात गएको छ । यसरी अन्धकारमा बस्न सक्दैनौं भन्दछन् । जेठी महारानी क्रुध भएर कसरी अन्धकार भयो भन्दछिन् भने कान्छी रानीले त्यस कुरा प्रति समर्थन गर्दछिन् । नेपत्थयबाट धेरै जसो भीमसेन र एकदेव यहाँ आउनुपर्छ सरकार भनि कराउँछ अनि रङ्गनाथले पनि अगाडिका राजाले जसरी निसाफ गर्थे, त्यसैगरी नै हजुरले शाहवंशको कीर्तिमा कलङ्कमा टीको लाग्न दिनु हुँदैन, भीमसेनले के भन्छन् सब हामीले सुन्न पाउनु पर्दछ भन्दा नेपथ्यबाट सब जना भीमसेन यहाँ आई बोल्न पाउनु पर्दछ भनि राजासँग बिन्ति गर्दछन् ।

रणजङ्गले सबै जनालाई शान्त भई बस यहाँ किन ल्याउनु पऱ्यो भन्दा राजा त्यो ठूला खलबल भएको थाहापाई बीचमा हात उठाई भीमसेन र एकदेवलाई ल्याहो भनि हुकुम जायर गर्दछन् । रङ्गनाथले पुर्पक्ष गर्दा सजाय बदला वा ज्यानै लिनु पर्ला तर सबैले इन्साफ

पाउँछ । भीमसेनले साच्चै कुकर्म गरेको हो कि उसलाई बन्दनमा पार्न खोजिएको हो सबै कुरा थाहा हुन्छ भन्दछन् । त्यसै क्रममा मुडुला नेल र हतकडी लागेका भीमसेन सभामा प्रवेश  गर्दछन् । राजा, रानी र राजकुमार बाहेक सबै उठ्दछन् । नेल हतकडीमै एकदेवको पनि प्रवेश हुन्छ । भीमसेन दुवै हातले दर्शन गर्दै जय होस् नित्य बडामहाराजधिराजको, दुवै बडामहारानीलाई सौभाग्य भइरहोस्, जय होस् सूर्य झैं हाम्रा युवराजधिराजको नेपाल राज्यको दीप सावधान भई बलोस्, नीचनीच महानीच साम्प्रदायिक बुद्धिका, यहाँ रिसरागका कात्रोलाई पङ्ख बनाउने, यहाँ हजारौं पुतली लड्दै-लड्दै आपसमा मरौं, हामी जस्ता सारा ढुङ्गा नफोरियोस्, यो हाम्रो शान्त विशाल देश कहीलै नटुक्री बाचोस् भनि करुणा व्यक्त गर्दछन् । रणजङ्ग भीसेनलाई हड्सन कहाँ गएर लडाइँमा बाधा पुऱ्याउनु युद्ध गरीरहेका नेपाली जवानलाई हतोत्साहित गरी मार्नु र लडाइँ रोक्नु त्यही हो देशभक्तिको लक्षण भनि आरोप लगाउँछन् । भीमसेनले रणजङ्गका आरोपको खण्डन गर्दै देशलाई कमजोर बनाउने युद्ध भएकोले मात्र रोकेको किनभने राजतन्त्र, देशप्रेम र वीर नेपालहरूको स्वाभिमानको रक्षा गरेको हुँ भनि यसो भन्दछन् :

आगो निभाए छातीको । जानी जानी म फेरि के
दोहोऱ्याऊँ त्यही भूल ? लडूँ, वा अरुलाई नै
लडाई देश यो पोली भस्म पार्न दिऊँ ? बरु
गोलीले दुई सेनाको बीच चूर्ण भइकन
थुप्रेर पनि सङ्ग्राम देशको निम्ति, रोक्तछु,
म आफ्नो मृत्युले शान्तिद्वारा ढुङ्गा जगाउँछु (पृ. ८४) ।

रणजङ्ग साहस नभएको बुढो भएर युद्ध गर्न डराउने भनि भीमसेनलाई व्यङ्ग्य गर्दछन् । भीमसेन शत्रुको शक्ति नबुझी युद्ध गर्ने जवान अन्धो हो भनि आफ्नो तर्क व्यक्त गर्दछन् । रणजङ्ग के थाहा छ मलाई श्री महाराजधिराजले मुख्त्यार बक्सिएको छ । आफ्ना पाप लुकाउन कान्छा साहेबलाई मुक्त पार्नु भएको हो भनि भीमसेनलाई आरोप लगाउँछन् । भीमसेनले यस्ता पापी कुरा कसरी भन्न सक्छौं । राजा भीमसेनलाई तँ त पैले किन यसो गर्दथिस् भन्ने लागेको थियो तर तँ त चिल्लो कालो सर्प पो रहेछस् भन्छन् । भीमसेनले यसको के प्रमाण छ भन्दा राजा मेरी रानीको कोखको घाउ नै प्रमाण बोल्दछ भन्छन् । भीमसेन एकदेवलाई देखाउँदै त्यही घाउ नलागोस् भनि यिनले धेरै उपाय गरे, जानेको जति

सबै विद्या प्रयोग गरे तर सफल हुन भने सकेनन्, शत्रुले हामीलाई बात लगाई त्यस बेलामै सफाइ पनि पाएकै हौं, फेरी कसरी उल्टीयो भनि प्रश्न गर्छन् । राजा धेरै कागतपत्रहरू भेटिए, नमानी नहुने धेरै साक्षी प्रमाणहरू देखिए अनि निश्चय भएर तँ पक्का अपराधी होस् भन्ने ठानेर जन्मकैद तोक्यौं भन्छन् ।

भीमसेनले विनादोष सजाय भयो, पहिले साक्षीहरू किन चुपचाप बसिरहे, यी कागत कसको कल्पवृक्षमा फले भन्दछन् । जेठी महारानी अपराधी धेरै नबोल् साक्षी प्रमाण मै हुँ, एकैचोटी सबै पेश गरौंला भनि दुई वर्ष अघि मैले नै हो तँलाई चुप लाग्न लगाएको भनि गाली गर्दछिन् । भीमसेन महारानी, अलिकति दयासँग बात्सल्य मनमा राखी विचार गरिबक्सियोस्, जसले तीन पुस्ता राजाहरूलाई काखमा खेलायो, यस उमेरमा आई बालहत्या गरि के पाउँथे र म किन बालहत्याको अभियोग लगाएको भनेर आश्चर्य प्रकट गर्दछन् । जेठीमहारानी विरालोले आफ्नै बच्चाहरू मारेर सहजै खान्छ । त्यस्तै मेरा सासुससुरालाई पनि तहिले मराएको रहिछ भनि ठूलो आरोप लगाउँछिन् । भीमसेन दुःखीत भई राजपरिवारका सबै स्वर्गे भएको मेरै करतुतले हो त भनि प्रश्न गर्दछन् (पृ. ८७) । साम्राज्यलक्ष्मी रिसले क्रोध भई तँ कोसँग बाझिरहेको छस् मिति पुऱ्याइदिऊँ, के सम्झी महारानीलाई हेपेर बोल्दछस् भनि गालि गर्दछिन् ।

भीमसेनले आफ्नो मृत्यु चाँडै आहोस् किनभने नरकमा कल्पना गर्न नसकेको यातना पाउला भनि बापवैरी साधेर रणजङ्ग खुसी हुन् म मरेको खुसीमा अटालीमा बत्ती बाली यमपञ्च मनाउनु तर म मरे भने रुने धेरै मानववस्ती पनि छन् । संसारमा गुन मान्ने मान्छे पनि होलान्, मैले हत्या गरे भनेर पत्याउन नसक्ने पनि यही स्वर्ग झै दरबारमा होलान् भन्दछन् । राज्यलक्ष्मी कायलनामका कागत कता गए, महाराजको अघि किन सारिनन् । भीमसेनलाई ती कागतमा सबै तिम्रो सही परेको हो सोध्दछिन् । भीमसेन के कागत, कहाँ सही भनि आश्चर्यमा पर्दछन् । रङ्गनाथले आफ्नो हातको कागत भीमसेनलाई देखाई यो सही तपाईको हो भनि सोध्दछन् । भीमसेनले आँसु पुछी यी मेरा अक्षर होइनन् भनि दुःख मान्दै राजासँग यि किर्ते हुन, म हजुरको दुई पाउ छोएर किरिया खान सक्छु । साङ्लोमा बेह्रिएको यो बुढामाथि निसाफ होस् भनि बिन्ति गर्दछन् ।

राज्यलक्ष्मी रिसाएर कनकसिंहसँग कायलनामाका कागत खै यतातिर ले भन्छिन् । कनकसिंह साम्राज्यलक्ष्मीतिर हेर्छन् । साम्राज्यलक्ष्मी झन् रिसाएर राज्यलक्ष्मीसित के मेरो र

भीमेको मुद्दा छिन्ने तँ नै भइस, के भीमसेनलाई तँ मेरो शिर चढाउछेस् । म तेरी दिदी हुँ, गद्दीनशील छोरीकी आमा हुँ, अझै मेरा दुवै छोरालाई मार्न सकिस् भने मात्र जित्लिस् भनि आरोप लगाउँछिन् । राज्यलक्ष्मी दुवै हातले कान थुनेर राजासँग अन्याय बोलेकोसहिबक्सिने कि केही हुकुम हुने भन्दछिन् । नेपथ्यमा खलबल हुन थाल्छ । राजा दुवै रानीका कुरा सुनेर तिमीहरू नबोल, मलाई एकैछिन् सोच्न देओ, मलाई रिङ्गटा लाग्यो केही बेर शान्ति होस् भन्दछन् । शान्ति भएपछि भीमसेनसित तैले विष दिएको र हामीमाथि कुदृष्टि छ भन्ने साक्षीहरू लहरै उभिएका छन् हेर भन्दछन् । त्यो देखी भीमसेन धर्म होस् भन्दछन् । राज्यलक्ष्मी यी साक्षीहरू लौरो उजाएमा पुच्छर लुकाएर भाग्ने र रोटी हातमा लिई बोलाउँदा पुच्छर नचाएर आउने यिनीहरूलाई भन्दा काठ र ढुङ्गा र माटाका मूर्तिलाई साक्षी बनाउनु राम्रो हुन्छ भन्छिन् । राजा रानीहरूका कुरा सुनि वाक्क भई घरभित्रको झगडा चौबाटामा लगी मान्छेलाई नहसाहो, म बोलाऊँ कि यो सारा भस्म परिदिऊँ भनि हकार्छन् । भीमसेनले राजालाई हजुरले दुवैलाई बराबर गरी आफू बीचको खम्बाजस्तो भई कार्य सञ्चालन गर्दा राम्रो हुन्थ्यो भन्दछन् । नेपथ्यबाट चर्को स्वरमा इबीबाट बनेको यो मुद्दामा थापा र पाँडे थिए इन्साफ गर्ने कान्छी महारानी, गुरुज्यू, फत्यजङ्ग चौतारिया र निष्पक्ष बस्नेतहरूलाई यहाँ किन साक्षी नराखिबक्सेको भनि कराउँछ (पृ. ९०) ।

भीमसेनले राजालाई सबै प्रजा पुत्रसमान हुनुपर्दथ्यो, पाँडे कसरी खास र थापा कसरी कुखास भो, साङग्रो मन भएको भए नेपाल यसरी जम्ने थिएन, सबै जाति एक थिए भन्छन् । रणजङ्गलाई आज तिमी मुख्तियार भै यही विशाल नेपाल साम्प्रदायिक भावले हुक्रायाउँछौं, हतियारलाई आफ्नो अङ्गहरू ठान्छौं, पछि तिको मोहडा तिम्रो पुर्परोतिर फर्किनेछ भन्छन् । साम्राज्यलक्ष्मी ज्यादै रिसाएको रुन्चे स्वरले भीमसेनलाई निकाली देओ, यो मुद्दा छिन्ने मै हुँ, यसलाई यहाँ मलाई गाली गराउन ल्याएको हो । हाम्रो मुख लागेर बोल्न नडराउने यो के हो भनी कराउँछिन् । भीमसेन म जान्छु, अरुको मतिमा लागि महाराजधिराजले आज ममाथि अन्याय गरिबक्सियो भने एक दिन मेरा निम्ति रुनु पर्ला, अर्काले भोरेर ठेकी दिएको खोपाको मानामा निर्वाह गर्नु पर्ला, त्यसबेला त भीमसेन यो संसारमा हुनेछैन, दरबारबाट इन्साफ नपाए पनि म मरेपछि दरगाहमा निसाफ मिल्ला भनि ढोकामा पुगी एकदेवलाई देखाउँदै यो वैद्य शान्त र पवित्र छ, यसले हजुरबाट पाएको वकस गरीबलाई औषधी किनि सित्तैमा बाड्दछ, एक काजी गए अर्को आउँला तर यस्तो पवित्र एकदेव जन्मन सक्दैन, यसमाथि करुणा होस् छुटोस्, यसको दोष ममा नै खप्टियोस् भनि

निराश भई निस्कन्छन् । एकदेव राजासँग भीमसेनको केही दोष छैन, के औषधी खुवाइयो भनेर उनलाई थाहा छैन भनि यस्तो भन्दछन् ।

के हो विष, कसैलाई मारिहाल्नुपऱ्यो भने
तरबार उज्याएर हिर्काउन त जान्दछन्
ती कैंची काट्न जान्दैनन् हुँ मै विष खुवाउने (पृ. ९२) ।

एकदेवका कुरा सुनेर राजारानी रिसले क्रोध भई यसलाई जति दण्ड दिए पनि कम हुन्छ भन्दछन् । एकदेवले केही कुरा गर्न खोजे पनि साम्राज्यलक्ष्मीले तेरो कुरा सुने पाप लाग्छ, यसलाई निकालिदे भन्दछिन् । धेरै खलबल भइरहन्छ, राज्यलक्ष्मी सबैलाई शान्त गराई एउटा डुब्न लागि रहेको मान्छेको पुकारा त सुनौं भन्दछिन् । एकदेव कान्छासाहेबको मृत्यु औषधीले नछोएर भएको हो, वैद्यले मारेको भन्न मिल्दैन भन्छन् । कान्छासाहेबकी मुमाले खाना धेरै खुवाइबक्सियोअनि ठूलो अजीर्ण शूल भए पछि अतिसार भयो, वैद्यशास्त्र अनुसार औषधी गरियो, ज्यादा शैथिल्यले अकस्मात् मुटु बन्द भयो औषधी एक मात्रा पारेका थियौ अरु आठ मात्रा बाँकी नै छन् । कुनै बालकलाई एकैचोटी खुवाएमा हानी हुन्छ र हामी अपराधी ठानिन्छौ भन्दछन् । नेपत्यबाट यिनले घाटबाट दुई चोटि बचाए भने अर्कोले माया मारिसकेको मेरी पत्नीलाई बचाएका हुनभनेको सुनिन्छ ।

रङ्गनाथले एकदेव जस्ता वैद्यलाई नेपालमा पाउन दुर्लभ छ त्यसैले एकदेवले न्याय पाउनु पर्दछ भनि राजासँग बिन्ति गर्दछन् । राजाले सबैका कुरा सुनि भीमे कहाँ छ डाकी ल्याउन पठा भनि रणजङ्गलाई आदेश दिन्छन् । साम्रज्यालक्ष्मीले अहिले नै किन भनि सोध्दछिन् । राजा यो मुद्दा सबै म हेर्छु भन्दा रानीले आजै किन भोलि नजर होस् भन्दछिन् । राजा कुले भोलि यहाँ भीमेलाई ल्याउनु भनि अह्राउँछन् । रणजङ्ग हामीले गरेको निसाफ स्फटिक जस्तो छ, निहारी सरकारले हरिबक्सियोस् भन्दछन् । राजाले सबै जाओ, भोलि आओ भनि रङ्गनाथलाई लिएर भित्र पस्छन् । कनकसिंह पनि कागत बोकेर जान्छन् । सबै जना गइसकेपछि साम्राज्यलक्ष्मी, रणजङ्ग र कुलराज राजाले मुद्दा आफै हेर्न लागेको देखि अब के गर्ने भनि सल्लाह गर्न थाल्दछन् । कुलराजले भीमसेन बसेको घरमा आगो लगाउने कुरा गर्दछ । रणजङ्गले आगो भीमेको घर र शरीरमा नभई मनमा लगाउनु पर्छ भन्दछन् । तँ भोलि बिहानै भीमसेन भएको ठाउँमा गई, भीमसेनलाई तपाईलाई भोलि महाराजधिराजले सूर्योदय भएपछि सबैले देख्ने गरी टुँडिखेल लैजानु भन्ने हुकुम भएको छ, अस्ति जेठी

महारानीलाई मुख लागेको हुनाले तपाईकी कान्छी मुखिनीलाई तिलङ्गाहरूका माझमा राखि तपाईका अघिल्तिर नङ्गा पारेर भण्डारा दिनु भन्ने हुकुम भएको छ । सबै तिलङ्गा यो खबर सुनेर हर्षले गीत गाउँदै होड थापिरहेका छन्, रमाएर रक्सी पिइरहेका छन् भन्नेस, आफू दिक्क मानि भगाउँछु भनि बैरीले जस्तो सहानुभूति दिई म घाम झल्कनासाथ आउँछु भन्नु । यस्ता कुरा सुनेर उसले क्रोध भई सहन नसकी टाउको फोड्न सक्छ भन्दछन् भने कुलराजले निश्चय नै भीमसेन मर्दछ भन्छ ।

यस अङ्कका घटनाबाट द्वन्द्वले चरमोत्कर्षको अवस्था सिर्जना गरेको छ । राजाले जेठी महारानी र रणजङ्गका जालसाजी कुरामा विश्वास गरी उनीहरूले तयार पारेका झुट्टा कागतहरू पढी सभामा सुनाई भीमसेनलाई र वैद्यहरूलाई दोषी भएको आरोप लगाई रणजङ्गले साक्षी उभ्याएर त्यसलाई प्रमाणित गर्न खोज्नु, साम्राज्यलक्ष्मीले राजाको अनुमतिमा दण्डसजाय तोक्दै गर्दा रङ्गनाथले त्यस कुराप्रति प्रतिवाद गर्दछन् । भीमसेनहरूले यी कागजात हेर्न पाउनुपर्छ, उनीहरू कायम हुनुपर्छ भन्दछन् । जेठी महारानीले रङ्गनाथको कुराको खण्डन गर्दै निसाफ ठीक छ भन्नु, राज्यलक्ष्मी अपराधीहरूलाई यहाँ बोल्न दिनुपर्छ भन्नु र सभासद्हरूले त्यस कुराको समर्थन गर्नु, रङ्गनाथले पूर्वजहरूको जस्तो निष्पक्ष न्यायपरम्परा कायम गरी आफ्नो कीर्ति राख्न राजालाई अनुरोध गर्दछन् ।

रणजङ्गले भीमसेनलाई सभामा नल्याउनु भने पनि राजाले सभामा ल्याउने अनुमति दिनु, भीमसेन नेल र हतकडी लगाई सभामा उपस्थित भई देश नटुक्रियोस् भनि कामना गर्दछन् । भीमसेनलाई रणजङ्गले अंग्रेजसँग मिलेर लडाई रोकी देशद्रोह गर्न पछि परेको भनि आरोप लगाउँछन् तर भीमसेनले त्यस्तो नभएर देश प्रेमी भएको बताउँछन् । रणजङ्गले भीमसेनमाथि कान्छासाहेबको हत्या गरेको भनि आरोप लगाउनु, राजाले पनि रणजङ्गले बनाएको झुटा कागत र साक्षीको विश्वास गरी भीमसेनलाई दोषी ठहराई विनादोष सजाय हुन थाल्नु, भीमसेनले विना दोष सजाय किन हुन लाग्यो, यी कागत र साक्षीहरू पहिले नभएर अहिले किन देखिए भन्नु र साम्राज्यलक्ष्मीले तिनलाई चुप लगाउने काम दुई वर्ष अघि मबाट भएको हो भन्छिन् ।

भीमसेनले तीन पुस्ताका राजालाई काखमा राखेर हुर्काउने निर्दोष व्यक्तिलाई किन हत्याको आरोप लगाउनु भनि दुःख व्यक्त गर्नु, रणजङ्गले बापवैरी सोधेर मात्र षड्यन्त्र गरेका हुन् तर षड्यन्त्रकारी भने होइनन् भन्नेहरू दरबारमा नै छन् भनि भीमसेनलाई भन्दछन् ।

राज्यलक्ष्मीले भीमसेन सभामा उपस्थित हुँदा कनकसिंहलाई कागत दिन लगाउनु, भीमसेनले यो अक्षर मेरो नभइ किर्ते हुन भन्नु, दुवै रानीहरू बीच एक अपासमा भनाभन भई झगडा गर्न थाल्नु, राजा रिसाही सबै भष्म पारी दिन्छु, भीमसेनले राजालाई निष्पक्ष न्याय दिन नसके भविष्यमा पराधीन भई बस्नु पर्छ भन्दै एकदेव निर्दोष छ यसलाई छोडिदिनु यसको सजाय पनि म माथि नै खप्टियोस् भनि बाहिर निस्कन्छन् । एकदेवले भीमसेन र वैद्य निर्दोष छन् । कान्छा साहेबको मृत्यु खाना बढी भएकाले भएको हो भन्दछन् । राजाले सबैका कुरा सुनि द्विविधामा भई मुद्दा आफै हेर्छु भनि भीमसेनलाई डाक्न पठाउँछन् । साम्राज्यलक्ष्मीले आजै किन भोलि हेरिबक्सेला भन्दा हुन्छ भनि भोलि नै डाक्न पठाउनु भन्नु, राजा आफै स्वयम्ले मुद्दा हेर्दा षड्यन्त्र विफल हुने डरले रणजङ्ग र कुलराजले उनलाई मार्ने षड्यन्त्रको रचना गर्नु, यहाँ दुवै पक्षबीच द्वन्द्व उत्कर्ष अवस्थामा पुगेको देखिन्छ । कथानकमा करुणा र त्रास तीब्र रूपमा बढेको देखिन्छ ।

सातौं अङ्कदेखि कथानकको अन्त्य भाग सुरु हुन्छ । यहाँ वि.सं. १८९६ श्रावण ५ गतेको घटनामा आधारित छ । भीमसेन एउटा सानो कोठामा पल्टिरहेका छन् । झ्यालबाहिर डोरीमा झुण्डी एउटा तिलङ्गा डन्नी समातेर उभिरहेको छ । भीमसेनले तिलङ्गालाई भित्र बोलाई के हो भनि सबै कुरा सोध्दछन् । तिलङ्गा भीमसेनलाई हजुर यता आएपछि दरबारमा धुमधाम भएछ । आज फेरी हजुरलाई डाक्ने कुरा सुनेको छु भन्दा भीमसेनले फेरी डाकेर पुर्पक्ष गर्लान् र बरु ज्यान नै लिन डाक्लान भन्दै त उनीकहाँ बाटै आइस् भनि सोध्दछन् । म उहाँले सबै कुरा बुझेर आउनुभनेकाले नै आएको हुँ । यदि हजुरलाई जेल पठाउने कुरा भएमा हजुर मुखिनीलाई लिएर भोट वा हिन्दुस्थानमा भाग्नुहोस् भन्दछ । भीमसेनले मबाट भाग्नेजसो तुच्छ काम हुनसक्दैन । तिलङ्गाले हिजो के भो त भनि सोध्दा भीमसेनले ढुङ्गाका मूर्ति अगाडि प्रार्थना गर्दा राजाका आँखामा न्यायआउन आट्दा जेठी महारानीले रोक्न खोज्नु, कान्छी रानी र गुरुले आफ्नो पक्षमा बोल्दा रणजङ्गले त्यस कुरा प्रति विरोध गरेको र आफू सबैकोलागि नभएर पत्नीकै लागि बाचेको र संसारमा सत्य रहेछ भने न्याय पाउने आशा गरेको सबै कुरा तिलङ्गालाई भन्दछन् । त्यहाँबाट तिलङ्गा हिडेपछि बाहिर कुलराज सिपाहीलाई ढोका खोल्न लगाई भीमसेनको कोठामा पसी भित्तातिर फर्केर रोएको नाटक गरी पाँडे र थापा खलक बीच लडाइ हुनेभयो भन्दै भीमसेनतिर फर्केर पहिले त म पनि थापाप्रति शत्रुता गर्थे तर आज तपाईप्रति अन्याय भएको देखेर मेरो हृदयबाट दया जागि आफ्ना बन्धुसँग बिद्रोह गर्न मन लाग्यो भन्दै भीमसेनको घुडामा हात राखि खै कसरी भनू

यस्तो कुरा, तपाई हिजो यता आएपछि रुदै जेठी रानीले सबैलाई भीमेकी कान्छी मुखिनीले मलाई इजालसमा दुर्वाच्य बोली, म सहेर बसे तर त्यसलाई सजाय केही नदिने भन्नुभयो भन्दछ ।

## ३.३ चरित्रमा द्वन्द्व

बालकृष्ण समको 'भीमसेनको अन्त्य' नाटक महत्त्वपूर्ण ऐतिहासिक नाटक हो । कथानक, दृश्य अङ्कका दृष्टिले मात्र नभई चरित्रका हिसाबले पनि **भीमसेनको अन्त्य** नाटक उत्तिकै महत्त्वपूर्ण मानिन्छ । यस नाटकमा बीस जना पात्र छन् । राजेन्द्रविक्रम राजा हुन् । यिनका दुईवटी रानीहरू मध्ये जेठी साम्राज्यलक्ष्मी र कान्छी राज्यलक्ष्मी र युवराज सुरेन्द्रविक्रम छन् । अन्य पात्रहरूमा गुरु रङ्गनाथ, प्रधानमन्त्री भीमसेन थापा, रणजङ्ग पाँडे, कुलराज, राजवैद्य एकदेव, एकदेवकी पत्नी महादेवी र छोरी विश्वेश्वरी, वैद्य भाजुमान, द्वारे चित्री र धाई जगत्नैनी, कारिन्दा कनकसिंह, तिलङ्गा, सिपाहीहरू, जङ्गबहादुर र नागरिकहरू आदि छन् । यी पात्रहरू मध्ये कार्यका आधारमा हेर्नु पर्दा भीमसेन, रणजङ्ग र राजेन्द्र प्रमुख पात्र हुन् भने रङ्गनाथ, कुलराज, एकदेव, रानीहरू सहायक पात्र हुन् । अरु सबै गौण पात्र हुन् । भीमसेन, रङ्गनाथ, एकदेव, भाजुमान, राज्यलक्ष्मी, तिलङ्गा, सिपाहीहरू आदि प्रवृत्तिको आधारमा अनुकूल पात्र हुन् । रणजङ्ग, कुलराज, राजेन्द्र, साम्राज्यलक्ष्मी आदि प्रतिकूल पात्र हुन् । स्वभावका आधारमा गतिहीन पात्र धेरै र गतिशील पात्र थोरै छन् । राजारानी, प्रधानमन्त्रीहरू गुरु आदि जीवन चेतनाका आधारमा वर्गीय विशेषता भएका उच्च वर्गीय पात्र हुन् भने मध्यम वर्गीय वैद्यहरू, कपरदार आदि हुन् । अरु सबै द्वारे, धाई, तिलङ्गा, सिपाहीहरू निम्नवर्गीय पात्र हुन् । यहाँ व्यक्तिगत स्वभावका पात्र भन्दा प्राय : सबैमा वर्गीय स्वभाव नै देखिन्छ । आसन्नताका आधारमा माथवरसिंह, शिवानन्द वैद्यहरू, वीरभद्र, काशीनाथ जगद्रम, भीमसेनकी कान्छी मुखिनी आदि नेपथ्य पात्र हुन् भने अरु सबै मञ्चीय पात्र हुन् । लिङ्गका आधारमा ६ वटा नारी पात्र र बाँकी अरु पुरुष पात्र छन् । यहाँ प्रमुख पात्रहरू भीमसेन थापा, राजेन्द्र र रणजङ्गका चरित्रमा पाइने चारित्रिक आन्तरिक द्वन्द्व, बाह्यद्वन्द्वको आधारमा विवेचना गरिएको छ ।

### ३.३.१ भीमसेनको चरित्रमा द्वन्द्व

भीमसेनको चरित्रमा रहेको आन्तरिक र बाह्य द्वन्द्वलाई छुट्टाछुट्टै दुःखान्तताको आधारमा विश्लेषण गरिएको छ ।

#### ३.३.१.१ भीमसेनको आन्तरिक द्वन्द्व

भीमसेन थापा नाटकीय कार्यव्यापारका केन्द्र विन्दु भएकाले यस नाटकका नायक र प्रमुख पात्र हुन् । उनकै नामबाट नाटकको शीर्षक राखिएको छ । उनको भूमिका नाटकको सुरुदेखि अन्त्यसम्म रहेको छ । नाटकमा संवादबाट नै उनका चरित्रमा पाइने आन्तरिक द्वन्द्वको विश्लेषण गर्न सकिन्छ । भीमसेन १८३२ साल श्रावण महिनामा जन्मेका र १८९४ साल श्रावणमा बैसट्ठी वर्षको उमेरमा उनको जीवनमा ठूलो राजनीतिक सङ्कट आउनु । त्यसैगरी १८९६ सालको राजनीतिक सङ्कटले त मृत्यु अवस्थामा नै पुऱ्याउँछ । पहिलो अङ्कमा भीमसेनले आफूलाई बकस पाउन योग्य बूढो सेवक ठानेका छन् भने राजासँग कुरा गर्ने क्रममा उनले देशका लागि चाहेजति गर्न नसकेको र बेलायतसँगको दौत्यसम्बन्ध पनि बलियो पार्न नसकेको भन्दै दुःख व्यक्त गर्दछन् (पृ. ९) । शत्रुहरूले आफ्ना विरुद्ध राजालाई कुरा लगाएर बदनाम गर्न लागेको देखि गुनासो गर्दछ । उनलाई शत्रूले चारैतिरबाट लडाउन लागिरहेको जस्तो देखिन्छ भनि राजासँग यसो  भन्दछन् ।

त्यसैले त्यो मौका पाऊँ भनीकन
मैले विन्ति गरेको हुँ । चीनमा म गईकन
देशको स्थितिमा राम्रो केही ल्याउन सक्छु कि
अनुपस्थितिमा मेरो कुनै अगि सरीकन
सम्मुन्नति बढाएर यो राज्य सरकारको
अझै सुन्दर पारेर फुलाइदिन सक्छ कि !
मौका बक्से त दोहोरै जाती जाँच हुने थियो (पृ. १५) ।

यस भनाइबाट भीमसेनको मनस्थितिकै उद्घाटन भएको छ । दोस्रो अङ्कमा भीमसेन तत्काल कसैसँग युद्ध गर्न चाहँदैनन् । उनी चीनमा गएर सुतेका ऐतिसियालीलाई जगाउने र श्री ५ पृथ्वीनारायण शाहको सङ्कल्प र स्वप्न सफल पार्ने इच्छा व्यक्त गर्दछन् (पृ. २७) । अङ्क

तीनमा बिरामी राजकुमारलाई हेरी भीमसेन दु:खीत देखिन्छन् । एकदेव र भाजुमानको सबै कुरा सुन्नु वैद्यहरूले बिरामी बाँच्ने आशा कम छ भनेपछि उनीले बरु हात हाल्दै नहालेको भए हुने थियो भन्दै दु:ख व्यक्त गर्दछन् । उनले एकदेवलाई तेरो दवाईले आज काम गरेन भने मेरा साठी वर्ष जसरी बिते, अब आउने समय त्यसरी बित्ने छैन भनि सङ्का गर्दछन् (पृ. ४५) । अङ्क चार र पाँचमा भीमसेनको भूमिका छैन । अङ्क ६ मा राजसभामा आएर भीमसेन देशमा साम्प्रदायिकता नफैलियोस्, देश बाँचिरहोस् भन्ने इच्छा व्यक्त गर्दछन् ।

भीमसेनलाई राजा र जेठी रानीले अपराधी भएको आरोप लगाउँदा ज्यादै दु:खीत देखिन्छन् । भीमसेनले आफूले न्याय पाउन नसके पनि एकदेवले न्याय पाउन भन्ने इच्छा व्यक्त गर्दछन् । अङ्क सातमा भीमसेन दरबारबाट निराश भएको छन् । तिलङ्काले उनलाई दरबारमा बोलाउन राजाले हुकुम दिएको भन्दा न्यायका लागि नभएर ज्यान लिनका लागि फेरी बोलाउन सक्छन् भन्छन् (पृ १०२) । तर दुई वर्ष अगाडिको पहिलो खड्गो काटिए जस्तो अहिलेको पनि कटिएला कि भन्ने क्षीण आशा रहेको भने देखिन्छ । कुलराजले भीमसेनसँग बनावटी कुरा गर्दा सुरुमा विश्वास गर्दैनन् तर पछि क्रमश : प्रतिकूल परिस्थितिले ती कुरामा विश्वास गर्न बाध्य हुन्छन् । कुलराजले भाग्ने सल्लाह दिँदा द्विविधामा परे पनि पछि यसो भन्छन् :

> कुलु, झट्ट त्यहाँ ताल्चा लगाएर तँ जा, अनि
> बेलामा आ नुहाएर, एकैछिन् मलाई दे
> यो एकैचोटि बज्रेको कोटि बज्र प्रहारको
> अनुभूति गरुँ, सम्झे, सबै थेग्न मलाई दे
> म मेरो टाउकोमाथि खुट्टा देख्तछु, तल्तिर
> टाउको देख्छु पाउँ यो आँखा चिम्लेर सम्झन
> सुल्टो के हो ? (पृ. १०९)

आफूले यो संसारबाट बिदा हुँदा राजा, देश र साराको कल्याण हुन्छ भने म भाग्छु भनि जीवनबाटै भाग्ने निर्णय गरी नेपाल आमाको गर्भमा भाग्दछन् । आठौं अङ्कमा घाँटी सेरेर बोल्न नसक्ने अवस्थामा पुगेका भीमसेन राजालाई आफू अगाडि देखि बोल्न नसकि भावले वास्तविक कुरा प्रकट गर्न खोजे पनि नसकी आँखाबाट आसु झार्दछन् राजाले भीमसेनको अवस्था देखि के भो भनि सोध्दछन् । भीमसने क्रुद्ध भएर लुक्न खोजेको

कुलराजलाई आँखाले देखाउँछन् । उता रणजङ्गले राजालाई आफू विरुद्ध झुटा कुरा सुनाएको देखि उनी रणजङ्गप्रति विरोध गरिरहन्छन् । अन्त्यमा केही नलागेर बल गरी घाँटीमा लगाएको टाँका र पट्टी च्यातचुत पारी मर्दछन् ।

यी माथिका मानसिक क्रियाकलापका आधारमा भीमसेनका चरित्रमा पाइने आन्तरिक द्वन्द्वको विश्लेषण गर्न सकिन्छ । भीमसेनको चरित्र नाटकको सुरुदेखि नै आन्तरिक द्वन्द्वमा रोमेलिएको देखिन्छ । सुरुमा उनी राजाले आफ्नो अधिकार कटौती गरि शत्रुलाई प्रश्रय दिनु र आफ्ना भन्दा शत्रुका कुरा बढी सुन्न थालेकाले नै आन्तरिक द्वन्द्वमा परेको देखिन्छ । वास्तमा भीमसेन आन्तरिक द्वन्द्वको चपेटाबाट निस्कन नसकेर नै सेरिन बाध्य भएका हुन् । भीमसेन कान्छा राजकुमारलाई सन्चो हुन्छ वा हुँदैन, यदी भएन भने अब आउने समय धेरै कष्टकरसँग बिताउनु पर्नेछ । चीन जान पाइने हो वा होइन भन्ने कुराले चिन्तित देखिन्छन् । दोस्रो पटक थुनिएका भीमसेनमा न्याय हुन्छ कि हुँदैन भन्ने द्वन्द्व देखिन्छ । कुलराजले आफ्नो इज्जत जाने जस्तो कुरा गरेपछि उनको स्वाभिमानमा नै धक्का पुग्ने भएकाले बाच्नु भन्दा मोर्नु नै वेश ठानी मर्दछन् । भीमसेनको आन्तरिक द्वन्द्वको विश्लेषण मनोवैज्ञानिक दृष्टिले गर्दा उनमा जीवनमूल र मृत्युमूल बीच द्वन्द्व रहेको प्रष्ट हुन्छ । भीमसेन जीवनमूलक प्रवृत्तिबाट प्रेरित भएर राजभक्त, देशभक्त, स्वाभिमानी र इमान्दार प्रधानमन्त्री भएका छन् । उनले आफ्नो उत्तरदायित्वप्रति सचेत भएर राष्ट्रहितका धेरै कार्यहरू गरेका छन् । तिलङ्गाहरूमा राजभक्ति र राष्ट्रभक्ति भावना जगाउने काम गर्दागर्दै पनि राजदरबारले शत्रुहरूलाई प्रश्रय दिन थालेपछि भीमसेनमा निराशा वा मृत्युबोधको भावना जागृत हुन्छ । आफूले अत्यन्त विश्वास गरेकाहरूबाटै आफूमाथि भएको षड्यन्त्र, पक्षपात र अन्याय सहन नसकी उनमा आत्महिनताको भावना जागृत हुन्छ । यी दुई प्रवृत्तिबीचको द्वन्द्वमा मृत्युमूल प्रवृत्तिको जित भएको देखिन्छ । भीमसेनमा अहम् प्रबल भएकाले द्वन्द्व उत्पन्न गर्ने कुरालाई दमन गर्न खोज्दछन् । उनी आफ्ना शत्रु बढेको देखि राजासँग आफू राजदूत भएर चीन जाने इच्छा व्यक्त गर्दछन् । उनको भित्री इच्छा शत्रुसँग लड्ने भए पनि त्यसो नगरी चीन गएर राष्ट्रहित नै गर्न चाहन्छन् । उनमा उच्चहम् अत्यन्त प्रबल भएको देखिन्छ ।

भीमसेन नैतिक, इमान्दार र आदर्श प्रधानमन्त्रीका रूपमा देखा पर्दछन् । उनका लागि जीवन भन्दा नैतिकता नै ठूलो लाग्छ । त्यसैले नैतिकतामा आघात पुग्ने कुरा

सुन्नेवित्तिकै आफ्नो ज्यान दिएर भए पनि त्यसलाई जोगाउँछन् । कुण्ठा र आन्तरिक द्वन्द्वका दृष्टिले हेर्दा उनमा व्यक्तिगत कुण्ठा नभएर अन्तर्द्वन्द्वगत कुण्ठा भएको देखिन्छ । प्रधानमन्त्री भीमसेन थापा देशको शासन राम्ररी चलाउन चाहे पनि राजाले अविश्वास गर्न थाल्नु र शत्रुले प्रश्रय पाउन थालेपछि भने उनले प्रधानमन्त्री पद छोडी चीनको राजदूत भएर देशको भलो गर्ने इच्छा व्यक्त गर्दछन् । यो अनुकूल - अनुकूल बीचको द्वन्द्व हो । भीमसेनमा अनुकूल - अनुकूल, प्रतिकूल-प्रतिकूल, अनुकूल र प्रतिकूल जस्ता द्वन्द्व पाइन्छन् । यहाँ कान्छा राजकुमारको औषधी उपचारका लागि एकदेवलाई दरबारमा ल्याउन नचाहे पनि राजाको हुकुमअनुसार एकदेवलाई बोलाउन बाध्य हुन्छन् । यसरी नै एकदेवले कान्छा राजकुमार बाच्ने आशा कम छ भन्दा भीमसेनले त्यसो भए हातै नहालेको भए हुने थियो भन्दछन् । भीमसेन विना अपराध दण्डित भएर कैदमा बस्न पनि चाहदैनन् र आफ्नो स्वाभिमानलाई गुमाएर भाग्न वा पत्नीको बेइज्जती भएको हेर्न पनि चाहदैनन् र उनी आत्महत्या गर्न बाध्य हुन्छन् । यो प्रतिकूल-प्रतिकूल द्वन्द्वको उदाहरण हो । कुलराज शत्रु हो भन्ने थाहा पाउँदा पाउँदै पनि कुलराजका कुरामा विश्वास गर्नु अनुकूल र प्रतिकूलको उदाहरण हो । भीमसेनका आन्तरिक द्वन्द्वले नै चरित्र गतिशील र स्वाभाविक बनेको देखिन्छ ।

### ३.३.१.२ भीमसेनको बाह्य द्वन्द्व

भीमसेन कान्छा राजकुमारको पास्नीमा चौसल्ला थाप्न राजदरबारमा आउँदा साम्रज्यलक्ष्मीले रणजङ्ग र कुलराजसँग कुरा गरी रहेकी हुन्छिन् । भीमसेन आएको थाहा पाएपछि भित्र पस्छिन् । भीमसेनलाई रणजङ्ग र कुलराज नमस्कार गर्छन् । भीमसेन कुलराज र रणजङ्गबीच एकआपसमा सामान्य कुराकानी हुन्छ । भीमसेनले दर्शन पायौ, बिन्ति गर्न पठाएनौ भनि सोध्दछन् । सबैलाई धकेलेर हिड्नेहरू मृत्यु नजिक पुग्दछन्, अरुलाई पछि पार्दा खुसी हुनेहरू हजारौंको अघि लाग्नुपर्दा रुन्छन् भनि व्यङ्ग्य गर्दछन् । त्यसपछि भीमसेनले मर्न डराउनेहरू पछि पर्छन् तर सत्य प्रमाणमा चल्नेहरू अगाडि पुग्छन् भन्दछन् । भीमसेनलाई राजाले चौसल्ला वकस दिएपछि उनले पनि रुपियाँ राखेर दर्शन गर्दै नुन खाएको धेरै वर्ष भयो तर भनेजस्तो केही गर्न सकेको छैन, माथवरसिंहलाई राजदूत बनाएर बेलायत पठाए पनि अविश्वास गरि फर्काइदियो र ऊ जागिर छोड्न बाध्य भए । मेरो विरुद्धमा शत्रुहरूले धेरै कुरा सुनाए होलान्, सरकारकै इच्छानुसार राज्य सञ्चालन

गरिरहेको छु भनि राजासँग बिन्ति गर्दछन् । राजाले आफ्नो शत्रु रणजङ्गलाई सर्वस्व फिर्ता गरेपछि भीमसेनले राजासँग मलाई चारैतिरबाट शत्रुहरूले घेरेर लडाउन खोजेका छन् । त्यसैले म चीनको राजदूत भएर जान पाउ भनि बिन्ति गर्दा राजाले तँ बिना यो राज्य सम्हाल्ने योग्य व्यक्ति पाउन असम्भव छ भन्दा भीमसेनले म हटेपछि तीक्ष्ण बुद्धि भएका पचासौं मान्छे आई देशको प्रगति गर्नेछन् । म चीन जान पाए देशको प्रगति हुने काम त्यहीबाट गर्ने थिएँ भनि राजासमक्ष बिन्ति गर्दछन् ।

दोस्रो अङ्कमा एकदेवलाई लिन भनि भीमसेन एकदेवकै घरमा पुग्दछन् । एकदेव आफूलाई दरबारले अविश्वास गर्ने भएकाले औषधी गर्न नजाने अनुरोध गर्दछन् । भीमसेनले एकदेवलाई अहिले जीवनमृत्युको कुरा भन्दा पनि हाम्रो मानहानि र सम्मानको बाजी परेको हुनाले जानुपर्दछ भनि आग्रह गर्दछन् । तिमीले तीस वर्ष सम्म गरेको राजवैद्यको कामबाट जस नपाउँदा तिम्रो चित्त दुखेको छ, त्यसैले तिमी जानै पर्छ भनि सम्झाउँछन् । तपाई चीन जाने बहानामा भाग्न खोज्नु भएको हो । यहाँ फटाहरू सल्बलाउन थालेका छन् भनि एकदेवले सोध्दछन् । पृथ्वीनारायण शाहका स्वप्न र सङ्कल्प पुरा गर्न सुतेको एसियालीलाई जगाउने उद्देश्यले चीन जान लागेको कुरा व्यक्ति गर्दछन् ।

तेस्रो अङ्कमा भीमसेन एकदेवलाई लिएर बिरामी राजकुमारको कोठामा पुग्दछन् । त्यहाँ गएर बिरामीको अवस्था जाँच गरी कुन औषधी खुवाउने भनि सल्लाह गर्दछन् । भाजुमानले औषधी खुवाउन खोज्दा जगत्नैनीले रोक्छे र रुदै हिँड्छे । भीमसेनले किन यसरी रुँदै हिँडेकी भनि सोध्दै औषधी खुवाएको समय घडीमा हेर्छन् । भीमसेनले एकदेवसँग बिरामीको अवस्था कस्तो छ भनेर सोध्दछन् । थोरै मात्र आस भएको कुरा बताउँदा उसो भए हात हाल्दै नहालेको भए हुने थियो भन्दछन् । एकदेवले अब सबै कुराको निधो फिरङ्गीले गर्छन् भन्दा भीमसेनले जुन जातिमा ईर्ष्या र द्वेषले गर्दा एकता हुँदैन त्यसको निधो अर्कै विजातिले गर्छ भन्दछन् । एकदेवले आज मलाई त्यति राम्रो लागेको छैन भनि शङ्का व्यक्त गर्दछन् भने भीमसेनले यसो भन्दछन् ।

तैले आज चुकिस भने
चुकिस जीवनमा, मैले पनि जीवनमा चुके,
त्यो भाजुले चुक्यो, हाम्रा नेपाली वैद्यशास्त्रले
चुके, दुई शताब्दीले चुके, तैले चुकिस भने

सोझै बित्तैन यो काल । साठी वर्ष बिते जुन
ती साठी पलका खालि अहिले सम्झना बने (पृ. ४५)

अङ्क चारमा देवेन्द्रविक्रम शाहको मृत्यु हुन्छ । त्यही मृत्युका कारण भीमसेन, भाजुमान, एकदेवहरू बालहत्याको आरोपमा कैदी गरिएको बारेमा प्रस्तुत गरिएको छ । अङ्क पाँचमा भीमसेन थापा, भाजुमान र एकदेवहरू निर्दोष भएर पनि एकातिर सफाइ पाइरहेका छन् भने अर्कातिर भीमसेनलाई पुनः मुद्दा उल्टाएर थुनामा राखिएको छ । भीमसेन माथि अन्याय भयो भनेर सैनिकहरूले जागिर छोड्नु, मुद्दाको टुङ्गो लगाउनको लागि राजसभा बस्न लागेको आदि कुराको बारेमा प्रस्तुत गरिएको छ । अङ्क छमा रणजङ्ग र जेठीरानीका मिलोमतोमा नक्कली कागतपत्र र साक्षीमा राजाले विश्वास गरी भीमसेनलाई अपराधी हो भनि सजाय तोक्न लगाउँछन् तर अरुले भीमसेनलाई यहाँ सभामा उपस्थित गराई कायल गराउनुका साथै आफ्ना कुरा भन्ने अवसर दिनुपर्छ भन्ने आवाज आएपछि राजाले भीसेनलाई सभामा बोलाउन आग्रह गर्दछन् ।

राजसभामा भीमसेन नेल र हतकडीसहित उपस्थित हुन्छन् । भीमसेनले राजारानीलाई दर्शन गर्दै हामी सबै मरे पनि देशको अखण्ड होस्, देशको भलो होस् भन्दा रणजङ्गले देशद्रोह गर्ने र अङ्ग्रेजसँग मिली युद्ध रोक्नु जस्ता कुराको आरोप लगाउँछन भने भीमसेनले अङ्ग्रेजसँग नमिलेको र देशले हार्ने युद्ध लड्न नचाएको कुरा व्यक्त गर्दछन् । रणजङ्गले भीमसेनलाई बुढो व्यक्ति युद्ध गर्न डराई भाग्छ भनि आरोप लगाउँदा भीमसेनले आफूभन्दा शक्तिशाली शत्रुसँग लडेर मर्न र मार्न लगाउनु उचित हुँदैन भन्दछन् । रणजङ्गले भीमसेनलाई बालहत्याको आरोप लगाउँछन् भने राजाले पनि थाहा नपाई डस्ने सर्प रहिछस् भनेर आरोप लगाउँदा उनले के प्रमाण छ, सफाइ पाइसकेपछि फेरी मुद्दा कसरी उल्टाइयो भन्दा राजाले कागत र साक्षी प्रमाणहरू धेरै भेटिए, त्यसैले तँ पक्का अपराधी होस् भनेर जन्मकैद तोक्यौं भन्दा उनी राजालाई यसो भन्दछन् ।

विना दोष सजाँ भयो ।
पहिले किन ती साक्षी चुपचाप बसिरहे ?
यो कागत फेला ऐले कसको कल्पवृक्षमा ? (पृ. ८७)

जेठीरानीले भीमसेनलाई अपराधी त धेरै नबोल मै साक्षी मै प्रमाण छु । मैले नै तलाई दुई वर्ष अगाडि चुप लाग्न लगाएकी हुँ भन्दछिन् । भीमसेनले रणजङ्ग बापबैरी साधेर खुसी भए पनि म अन्यायमा पर्दा रुने यही दरबारमा छन्, यी सबै कागत किर्ते हुन् भन्छन् । भीमसेनले पत्नीहरूलाई बराबर गरी राख्न नसक्ने राजालाई निष्पक्ष रूपमा न्याय दिन आग्रह गर्दछन् । पाँडेलाई साख र थापालाई कुसाख गरी पक्षपात नगर्न राजालाई आग्रह गर्दछन् (पृ. ९०) । भीमसेनले राजालाई अरुका मतिमा लागेर मलाई दण्ड दिँदा पछि मेरो निमित्त रुनु पलाए, अर्काले अड्कलेर दिएको मानामा निर्वाह गर्नुपर्ला । मैले दरबारबाट अहिले इन्साफ नपाए पनि मरेपछि पाउँला भन्दै एकदेव निर्दोष छन्, दरबारबाट पाएको बकसले गरीबहरूलाई सित्तैमा औषधी बाड्दछन्, एक काजी गए अर्को काजी आउन सक्छ तर यस्तो एकदेव जस्तो मान्छे यो देशमा पाउन असम्भव हुन्छ, त्यसैले यो छुटोस् यसको दोष ममा नै खप्टियोस् भन्दछन् ।

अङ्क सातमा भीमसेनलाई कैदी बनाएर राखिएको छ । त्यहाँ तिलङ्गा लुकेर भेट्न गई राजाबाट तपाईलाई डाक्ने कुरा भएको छ भन्दा भीमसेनले तिलङ्गालाई राजाले फेरि डाकेर पुर्पक्ष गर्लान् जस्तो लाग्दैन, बरु ज्यान लिन डाक्न सक्छन्, भनेर दुःख व्यक्त गर्दछन् । तिलङ्गाले बरु कान्छी पत्नीलाई लिएर भाग्दा उच्चित हुन्छ भन्दछन् तर भीमसेनले मबाट त्यस्तो काम हुन सक्दैन भनेर इन्कार गर्दछन् । तिलङ्गाले हिजो राजसभामा के भने भनेर सोध्दा भीमसेनले ढुङ्गाको मूर्तिको अगाडि प्रार्थना गरेको जस्तै भयो । राजाका आँखामा न्याय आउन खोज्दा रोक्ने प्रयास गर्दथिन् । रणजङ्ग मौका पाउन साथ घृणा गर्न थाल्दछ । यदी कान्छी पत्नी नभएको भए म आत्महत्या गरिसक्थे । दुई वर्ष पहिले पनि यस्तै खड्गो काटियो । संसारमा सत्य रहेछ भने न्याय पाइएला कि भनेर दुःख व्यक्त गर्दछन् । आफ्नो कोठामा आएको कुलराजसँग अब कहाँ लैजान आएको भन्दछन् ।

भीमसेनले कुलराजको नक्कली रुवाइ र झुटो कुरामा विश्वास गरी म तलाई ज्यानै लिने परम शत्रु मान्थे, तर मैले तलाई चिन्न नसकेको रहेछु । तीन पुस्ताको दासमाथि राजाले दया गर्लान् भनेर सोचेर गल्ती गरेछु भनि पछुतो मान्दछन् । कुलराजले मुखिनी लिएर भाग्न दिएको सल्लाह भने इन्कार गर्दै म हटे भने मेरी भक्तकुमारिको लाज बच्दछ, के त ठोकेर भन्न सक्छस् भन्दछन् । कुलराजले तपाईको मान मर्दनका लागि यी सबै कुरा रचेका हुन् भन्दा भीमसेनले राजाको देशको कल्याण हुने भए र सबैमा एकता हुने भए म

हट्दा उच्चित हुन्छ भन्ने ठानेर झ्यालको सिसा फुटाएर घाँटी रेट्छन् । आठौं अङ्कमा भीमसेन सेरिएर बोल्न नसक्ने भई बाचिरहेका छन् भने उता रणजङ्गले राजालाई आफूविरुद्ध झुटा कुरा सुनाएको देखेर विरोध गर्न खोज्दछन्, हात पसार्छन्, अन्तमा केही नलागेर घाँटीमा लगाएको पत्ती र टाँका च्यातचुत पारी मर्दछन् ।

यी माथिका अन्तरक्रियाका आधारमा भीमसेनको चरित्रममा पाइने द्वन्द्वको बारेमा विश्लेषण गर्न सकिन्छ । भीमसेनले प्रत्यक्ष रूपमा सबभन्दा बढी द्वन्द्व रणजङ्ग, राजेन्द्र, कुलराज, जेठी रानी, साम्राज्यलक्ष्मी आदिसँग गर्नु परेको छ । अप्रत्यक्ष रूपमा धाई जगत्नैनी, द्वारे, चित्री, झुटा साक्षी आदिसँग पनि द्वन्द्व गर्नु परेको छ भने एकदेव र भाजुमानसँग पनि गर्नु परेको देखिन्छ । भीमसेनले विपरीत परिस्थिति, नियति र प्रकृतिसँग पनि द्वन्द्व गर्नु परेको छ । यहाँ भीमसेन अनुकूल पात्र हुन् भने रणजङ्ग प्रतिकूल पात्र हुन्, त्यसैले दुवैको सम्बन्ध द्वन्द्वात्मक भएको छ । रणजङ्ग भीमसेनसँग कसरी बदला लिने र सत्तामा कसरी पुग्ने भनि सोच्छन् भने भीमसेनले देशको बारेमा मात्र सोच्दछन् । त्यसैले यी दुवैको विचारमा भिन्नता पाउन सकिन्छ । जेठीरानीका समर्थनबाट रणजङ्ग सर्वस्वफिर्ता पाई शक्तिशाली हुनपुगी भीमसेनसँग बदला लिने दाउ गर्न थाल्दछन् । भीमसेन आफ्ना शत्रु दिनदिनै सबल हुँदै गएको छ र दरबारबाट प्रश्रय पाउन थालेकोले चीनको राजदूत भएर देशको उन्नति गर्ने र वैरीको वैरत्त्वबाट जोगिने प्रयास गर्दछन् ।

भीमसेनले षड्यन्त्र गर्न नजाने पनि रणजङ्ग भने षड्यन्त्र गर्न पछि पर्दैनन् । भीमसेनले राजाज्ञा मानी एकदेव वैद्यहरू ल्याई कान्छा राजकुमारको उपचार गराए पनि बचाउन सक्दैनन् । रणजङ्ग यही घटनालाई लिई वैरीसाधना बनाउने काम गर्दछन् । रणजङ्ग भीमसेनहरूले कान्छा राजकुमारको हत्या गराई रणजङ्गहरूको बदला लिन खोजेको भन्ने झूटो आरोप लगाई उनीहरूलाई सत्ताच्युत गराई थूनाउन सफल हुन्छन् । रङ्गनाथ सत्तामा पुगेका बेला भीमसेनहरू निर्दोष सावित भई छुट्न सफल हुन्छन् भने फेरी रणजङ्ग सत्तामा पुग्नेबित्तिकै मुद्दा उल्टाएर भीमसेनहरूलाई थुनाउँछन् । रणजङ्ग अनेक किसिमका जालसाजी किर्ते कागत र साक्षी ठीक पारी भीमसेनहरू अपराधी नै हुन् भनि अपराधी सिद्ध गराउन पछि पर्दैनन् । राजसभाबाट भने इबीबाट झूटा आरोप लगाएर भीमसेनलाई थुनाएको र न्याय निष्पक्ष हुन नसकेको कुरा बताएपछि राजा बाध्य भएर आफै मुद्दा हेर्न खोज्छन् । रणजङ्ग भने भीमसेनहरू निर्दोष हुन आँटे भन्ने डरले उनलाई बेमूर्तका कुरा सुनाउन लगाई

सेरिएर मर्न बाध्य बनाउँछन् । यसरी रणजङ्गको षड्यन्त्रबाट भीमसेन उम्कन नसकी मर्न बाध्य हुन्छन् ।

यसरी हेर्दा यी दुवैको विचार, उमेर र प्रवृत्ति भिन्न किसिमको छ । भीमसेन देशभक्त, राजभक्त र उदार, इमान्दार, र स्वाभिमानी छन् भने रणजङ्ग षड्यन्त्रकारी, स्वार्थी, चाटुकार, कपटी र अनुदार छन् । भीमसेनले रणजङ्गसँग शत्रुता नगरे पनि रणजङ्ग भने भीमसेनलाई देख्न सक्तदैनन् । भीमसेन बुढा भएकाले सतप्रवृत्तिका छन् भने रणजङ्ग युवा असतर्पवृत्तिका छन् । यी दुवैको द्वन्द्व भारदारबीचको हो । एउटा भारदार स्वाभीमानी र इमान्दार छ भने अर्को भारदार षड्यन्त्रकारी र कपटी छ, जसले गर्दा एक आपसमा द्वन्द्वको सिर्जना भएको छ ।

भीमसेनको द्वन्द्व राजा राजेन्द्रसँग पनि भएको पाइन्छ । नाटक सुरु हुनुभन्दा पहिले नै राजेन्द्रले भीमसेनको प्रधानमन्त्रीय अधिकार खोसेर लिइएको थाहा पाइन्छ । राजालाई भीमसेनका शत्रुहरूले भीमसेनका विरुद्धमा कुरा लगाउने र राजाले भीमसेनका शत्रुहरूका कुरामा विश्वास गरी भीमसेनलाई नै शङ्काका दृष्टिले हेर्ने गरेको देखिन्छ । त्यसपछि दुवै जनामा वर्गीय द्वन्द्व चर्कदै गएको देखिन्छ । राजा र भीमसेनबीचको द्वन्द्व नै वर्गीय द्वन्द्व हो । भीमसेन तेत्तीस वर्षदेखि देशको शासनसत्ता सञ्चालन गर्ने शक्तिशाली प्रधानमन्त्रीका रूपमा देखिन्छन् भने राजा भर्खरै शासन गर्न सिक्दै गरेका कमजोर बालिग शासकका रूपमा देखिन्छन् । राजा पक्षपाती छन् भने भीमसेन निष्पक्ष छन् । रणजङ्गका कुरामा विश्वास गरी राजा कालगतिले मरेको छोरालाई भीमसेनले हत्या गरेर बदला लिएको ठान्दछन् । भीमसेन आफ्नो इमान्दारितामा विश्वास गर्दछन् भने राजा भीमसेन माथि पूर्वाग्रही बनेको देखिन्छ । भीमसेन राजामाथि शङ्का गर्दैनन् र पूर्वाग्रह पनि राख्दैनन् । आफ्नो दासलाई कल्याण गर्छन् भन्ने विश्वास गर्छन् । राजाको पूर्वाग्रह भने भीमसेनको मृत्यु नभएसम्म मात्र कायम रहन्छ । यस पूर्वाग्रहले राजालाई विवेकहीन बनाएको छ । राजाको यही विवेकहीनताले रणजङ्गको षड्यन्त्र सफल भएको मानिन्छ ।

राजा प्रतिकूल चरित्रका व्यक्रि हुन् भने भीमसेन अनुकूल चरित्रका व्यक्ति हुन् । त्यसैले यी दुवैको सम्बन्ध द्वन्द्वात्मक बनेको हो । यी दुवैको द्वन्द्वबाट विवेक र अविवेक, निष्पक्षता र पक्षपात, पूर्वाग्रह र पूर्वाग्रहहीनता, न्याय र अन्याय, राजकीयता र प्रधानमन्त्रीयता, विश्वास र अविश्वास, सत्य र असत्य, आदि विपरीत प्रवृत्तिहरू देखा परेका

छन् । भीमसेन र कुलराजको सम्बन्ध अनुकूल र प्रतिकूल छ । कुलराजलाई पाँडेखलकको रणजङ्गको अनुयायीका रूपमा चिनिन्छन् भने भीमसेन पाँडेहरूका बापबैरी हुन् । कूलराजले भीमसेनलाई घृणा गरी सक्दो चाँडो बदला लिन चाहन्छ र रणजङ्गलाई बदला लिन प्रेरित गर्दछ । ऊ दुष्ट र निर्दयी व्यक्ति हो । भीमसेन सोझा भएकाले कुलराजलाई शत्रु भएर पनि घृणा नगरी बदला लिन चाहँदैनन् । कपटी कुलराजले भीमसेनलाई देखावटी सहानुभूति प्रदर्शन गरी विश्वास दिलाउँछ । भीमसेनले राष्ट्रिय मेलमिलापको लागि आफ्नो बलिदान दिएका छन् जसले गर्दा उनको चरित्र सहानुभूतियोग्य देखिन्छ ।

भीमसेनसँग जेठी रानीको पनि द्वन्द्व भएको छ । जेठी रानीले भीमसेनलाई विपक्षमा पार्न भीमसेनका शत्रु रणजङ्गलाई सर्वस्व फिर्ता गराउँछिन् । रणजङ्गलाई फौजी अख्तियारी दिलाउनको लागि भीमसेनलाई परिबन्दमा पारी थुनाउँछिन् । रणजङ्गलाई हालीमुहाली दिलाउनको लागि रिसाएर एक्लै पशुपतिमा गएर बस्न समेत तयार हुन्छिन् । भीमसेनका विरुद्धमा जालसाजी कागत र साक्षी समेत तयार पार्न रणजङ्गलाई सययोग गर्दछिन् । भीमसेनले यी साक्षीहरू दुई वर्षसम्म किन चुप बसे भन्दछन् । जेठी रानीले भीमसेनलाई अपराधी धेरै नबोल साक्षी र प्रमाण मै हुँ, सबै कुरा एकैचार्टी पेश गरौँला । दुई वर्ष अगाडि पनि तँलाई चुप लाग्न लगाएको मैले नै हो भन्दछिन् । भीमसेनले रानीलाई दयासीत वात्सल्य मनमा राखी विचार गरिबक्सियोस् यो काखमा तीन पुस्ता राजा कसरी हुर्काएँ, यो उमेरमा आएर बालहत्या गरेर के पाउनु छ र भन्दछन् । भीमसेनलाई हाम्रा सासुससुरा मार्ने तैं होस् भनेर आरापे समेत लगाउँछिन् । रानीसँग मुखमुखै नलाग्, तेरो मिति पुऱ्याइदिन्छु भन्छिन् । राजाले भीमसेनको मुद्दा आफै हेर्छु भनि भीमसेनलाई डाक्न पठा भनि रणजङ्गलाई अह्राउँदा रानीले आजै किन हतार गर्नुहुन्छ भोलि हेर्नुहोला भनि रोक्दछिन् । राजा आफैले भीमसेनको मुद्दा हेर्ने भएपछि रानी आफूले गरेको षड्यन्त्रको भेद खुल्ने डरले छटपटाउन थाल्दछिन् । यसरी अन्यायी, निर्दयी, स्वार्थी, सत्तालोलुप नारीसँग द्वन्द्वमा परी भीमसेनको न्यायप्रियता, निःस्वार्थता, सदस्यता आदिले झुक्न बाध्य भएका छन् ।

भीमसेनको अप्रत्यक्ष रूपमा द्वन्द्व द्वारे चित्री धाई जगत्नैनी र अरु तयार पारिएका साक्षीहरूसँग पनि भएको देखिन्छ । यिनीहरू जेठी रानी र पाँडेपट्टिका प्रतिकूल चरित्र हुन् भने भीमसेन अनुकूल चरित्र हुन् । एकदेव र भाजुमान वैद्य भीमसेन पक्षका व्यक्तिहरू हुन् । कान्छा राजकुमारलाई दरवारमा गएर औषधी गर्नै कुरामा यी दुवैसँग भीमसेनका कुरामा

सहमती जुटाउन गाह्रो पर्दछ । एकदेवहरू राजपरिवारको औषधी गर्न चाहँदैनन् तर भीमसेनका कुरा काट्न नसकी दरबारमा जान बाध्य हुन्छन् । भीमसेनले नाटकको सुरुदेखि नै विपरीत परिस्थितिसँग द्वन्द्व गर्नुपरेको छ । राजाले आफ्नो अधिकार खोसी, उनका शत्रुहरूलाई विश्वास गरी प्रश्रय दिनु, भीमसेन चीन जान खोज्दा राजाले स्वीकृत नगर्नु, कान्छा राजकुमारको उपचारको क्रममा मृत्यु हुनु, बालहत्याको अभियोग लागि थुनामा राख्नु, राजा र जेठीरानीले उनका शत्रुको कुरामा विश्वास गरी भीमसेनलाई दण्डित गर्नु, राजसभामा सबैका कुरा सुनी राजा आफै मुद्दा हेर्न खोज्दा जेठी रानीले रोकी नयाँ षड्यन्त्र रच्नु, भीमसेन शत्रुहरूले रचेका नयाँ षड्यन्त्रमा परी सेरिन बाध्य हुनु, शत्रुले गरेको षड्यन्त्रको चाल पाए पनि केही गर्न नसकी असाहय अवस्थामा पुगी मर्न बाध्य हुन्छन् ।

भीमसेनका विपरीत परिस्थितिका द्वन्द्वले नै चरित्र दुःखान्त बनेको छ । भीमसेनको नियति वा भाग्यसँग पनि द्वन्द्व भएको देखिन्छ । भीमसेनले जे गर्छु भनि इच्छा गर्दछन्, नियतिले ठीक त्यसको विपरीत गराउँछ । उनले शत्रुसँग वैरभाव बढाउन चाहँदैनन् तर वैरभाव झन् भन्दा झन् चर्कदैं जान्छ । उनले राजा र देशको जतिसुकै भलो चिताए पनि राजाले उनी माथि दया गर्न सक्दैनन् । भीमसेन राजाबाट पनि अपमान भएकाले आफु चीन जाने प्रस्ताव राख्दा स्वीकार्य हुँदैन । भीमसेनले देशको भलो गर्दछन् भने उनी माथि कूभलो हुन्छ । भीमसेनले कान्छा राजकुमारको उपचार गराएर निको पार्न खोज्दा खोज्दै राजकुमारको मृत्यु हुन्छ तर विष ख्वाएको आरोप लागि सजाय दिन तयार हुन्छन् । भीमसेनलाई निर्दोष भनि छुटाए पनि पुनः मुद्दा उल्टाएर थुनामा राखिन्छ । भीमसेनले जसलाई बढी विश्वास गर्छन् । तिनैले नै विश्वासघात गर्दछन् । बुढेसकालमा आफ्नो देश र इज्जत ख्याल गरी सेरिन बाध्य हुन्छन् । यी सबै  नियतिसँगका द्वन्द्वले भीमसेनलाई दुःखान्त चरित्र बनाएको छ । उनका चत्रिरबाट करुणा र त्रासको अनुभव भएको छ । भीमसेनले प्रकृतिसँग पनि द्वन्द्व गरेको पाइन्छ । प्रकृतिगत द्वन्द्व झ्यालको ऐना फुटाई सेरिनु, नौ दिनपछि घाँटीको पत्ती र टाँका च्याती मृत्यु हुनु हो । यिनै द्वन्द्वले नै भीमसेनको चरित्र दुःखान्त बनेको छ ।

### ३.३.१.३ अन्य पात्र र भीमसेनको चरित्र

पहिलो अङ्कमा जेठी रानीले रणजङ्गसँग आज भीमेले चौसल्ला बकस पाउने रे भन्दा ऊ त्यसैमा निसास्सियोस्, बेह्रिओस, पुरिओस् भनेर रिस प्रकट गर्दछ । राजेन्द्रले भीमसेन

तँलाई लौ आज उत्सवमा म यो चौसल्ला दिन्छु भनि ओठाइदिन्छन् । राजाले तँ के आजको मान्छे होस्, मेरो बुवा र म तेरै काखमा हुर्कियौं, तेत्तीस वर्ष सम्म राजकाज सहमालिस, जिजुबुबाले तँलाई पत्याई प्रधानमन्त्री बनाई देशको शासनभार सुम्पिनु भयो । तैले देशलाई लडाईबाट बचाइस्, बुटवलको निम्ति भएको सङ्ग्रामबाट तराईका सबै ठाउँहरू अङ्ग्रेजबाट फिर्ता गरिस्, तँ ता धरहरा वीरहरूमा भुसियाहरू देख्छु जिस्क्याउँदै भुक्तै खेदछन् तेरो यताउति; तँ चाहि सोझो बाटो लिई गजराज जस्तै हिँडदछस् । तेरो राजभक्ति स्मरणीय छ भन्दै यसो भन्दछन् ।

यो हाम्रो हनुमानढोका बनाइस् सुनको, अनि
कम्पू खडा गरिस्, चाँदतोडाले पल्टनै सबै
उघारिस्, मनमा हाम्रो जुन छाइदिस् अनि
त्यो बादशाही बाजाले त्यहाँ नून थपिस् । (पृ. ११)

राजाले भीमसेनलाई, त्रिहत्तर सालमा ठूलो विफर फैलेर धेरै मान्छेको मृत्यु भयो, बुबाको पनि स्वर्ग भयो, बुबाको स्वर्ग हुँदा म दुई वर्षको थिएँ, म तेरै काखमा हुर्के, मलाई सुवर्णको सिंहासन भन्दा तेरो काख नै प्यारो लाग्थ्यो, देशलाई धेरै विपत्बाट बचाएको छस्, त्यो बेला आँखिभौंको पसीना दुई हातले पुछेको सम्झिदा अहिले मेरो छाती च्यातिन्छ । यो बैगुनी संसारमा हिजोको गुन आज नै बिर्सिन्छ । मीठा खायो यता लाग्यो, राम्रो लाग्यो उता पुग्यो भने झैं आफ्नो कर्तव्य बिर्सिन्छ । आज कान्छी महारानी आई सारा कुरा भनी सम्झाइन् र तँलाई यो दिएको, हुनत तेत्तीस वर्ष काम गरिस् तँलाई तेत्तीस राज्य दिए पनि थोरै हुन्छ भनेर भीमसेनले गरेको राम्रा कामको प्रशंसा गर्दछन् । तेस्रो अङ्क कुलराज राजकुमारको उपचार गराउन आउन लागेका एकदेव र भीमसेनको चर्चा गर्दै यसो भन्दछन् । सानू राजालाई केही भयो भने हाम्रा जेठी रानी महारानी प्रभुका जति शत्रु छन्, ती थापाहरूको सत्यानाश, निर्मूल पार्नु छ भनेर को आयो भनि त्यही लुक्दछ । अङ्क चौथोमा भीमसेनले सर्वस्वहरणसहित जन्मकैदको सजाय पाएको देखि रङ्गनाथले राज्यलक्ष्मीसँग भीमसेन जस्तो आदर्श, वीर व्यक्तिले त्यस्तो पाप गर्न सक्दैन, अग्लो धरहरा माथि चुलिएको गजुर बाँस जस्तै निहुरी तल नालनिकासमा डुब्न पुग्ला भनि सम्झाउँछन् (पृ. ६१) ।

अङ्क पाँच हनुमानढोकामा सुरक्षाका लागि बसेका सिपाहीहरू पहिला तेस्ता व्यक्ति आज कसरी थुनामा परे भनि दुःख व्यक्त गर्दछन् । ढोकाबाहिरबाट 'भीमसेनलाई छोडाइपाउँ,

भीमसेनले निसाफ पाउनु !, एकदेव छोडिउन्' भनि कराउँछन् । सिपाहीहरूले भीमसेनको विना अपराधनको सजाय पाएको देखि आफूले जागिर छोड्ने निर्णय गर्दछन् । रङ्गनाथले माथवर सिंहलाई लेखेको पत्रमा भीमसेनको जन्म १८३२ साल श्रावण महिनामा भएको, १८९४ साल श्रावण महिनामा नै पहिलो पटक थुनामा परेका थिए भने यही श्रावण महिनामा नै अर्को विपत् आइपरेको छ ।

अङ्क छमा राजसभामा राजाले रणजङ्गले तयार पारेका जालसाजी कागत र साक्षीमा विश्वास गरि मेरै जेठी महारानीलाई विष खुवा भनी, मेरो बालक यो कान्छी नानीलाई मार्दछ । बुबाज्यू र बज्यैज्यूको पालामा जथाभावी गरेर खान पल्केको भीमसेन अहिले पनि जेठा महारानी र मलाई मारी प्यारी कान्छा महारानी र बच्चा राजकुमारलाई काखामा राखेर आफै राजकाज चलाउन खोजेको छ भनि दोष लाउँछन् (पृ. ७७) । राजाले आरोप लगाएको सुनि एकदेवले राजासँग भीमसेन त्यस्ता नभएर निर्दोष छन्, उनी कसैलाई मारिहाल्नु पुग्यो भने तखाल उजाएर हिर्काउन सक्छन् तर विषय खुवाएर मार्न सक्दैन भनि सम्झाउँछन् । अङ्क आठमा घाँटी सेरिएर अचेत अवस्थामा रहेका भीमसेन दयनीय अवस्थामा छन् । उता रणजङ्ग भने अब भीमसेन बाच्न सक्दैन भनि ढुक्क भएको छ । माथवरले राजालाई सोझो भीमसेन अन्यायमा नपरोस्, विनाअपराध भीम मल्ललाई दण्ड दिएपछि लक्ष्मीनरसिंह मल्ललाई पछुतो भएको थियो । त्यस्तो पछुतो हजुरलाई नहोस् भनि पत्रमा लेख्दछन् । राजाले पनि सङ्का गर्दछन् र आफै घटनाको छानविन गर्न थाल्दछन् ।

यी माथिका कथनअनुसार भीमसेनको चरित्रलाई पाँडेहरूले बापबैरी ठानेका छन् भने राजाको भीमसेनप्रतिको दृष्टिकोण पनि विरोधी पूर्ण छ । राजाले सुरुम भीनसेनको प्रशंसा गर्दछन् भने पछि कुलराजको जालसाजी कागत र साक्षीको विश्वास गरि विरोध गर्दछन् । राजाले जेठी रानी र रणजङ्गको कुरामा विश्वास गरी भीमसेनलाई बाल हत्याको आरोप लगाउँछन् । चौसठ्ठी वर्षसम्म सोझो गरी राजकाज गरेको भीमसेनको दयनीय अवस्था देखि सिपाहीहरू जागिर छोड्न तयार हुन्छन् । रङ्गनाथले भने भीमसेनलाई एक आदर्श, वीर व्यक्ति भन्दछन् । वास्तवमा उनका असल र अनुकूल चरित्रले नै उनलाई दुःखान्त नायक बनाएको हो ।

### ३.३.१.४ भीमसेनको दुःखान्त चरित्र

भीमसेन दुःखान्त चरित्रका दृष्टिले उच्च वर्गका चरित्रमा देखा पर्दछन् । उनले तेत्तीस वर्षसम्म नेपालको प्रधानमन्त्रीको कार्यभार समालेका थिए । भीमसेनलाई उनका कार्यहरूले अनुकूल चरित्रका रूपमा व्यक्त गरेका छन् । उनी देशभक्त, राजभक्त, इमान्दार, स्वाभिमानी व्यक्तिका रूपमा चिनिन्छन् । उनलाई राजा, जेठी रानी, रणजङ्ग, कुलराजहरूले मन पराउँदैनन् भने कान्छीरानी, रङ्गनाथ, एकदेव, वैद्य, सिपाही र तिलङ्गाहरू मन पराउँछन् । उनले सँधै राष्ट्रहित हुने काम गरेको पाइन्छ ।

उनले वैरीसँग झगडा नगरी बरु चीनको राजदूत भएर सुतिरहेका ऐसियालीलाई जगाउने कुरा व्यक्त गर्दछन् । कर्तव्यपालना, पदीय दायित्व र मानवीय नाताले उनी कान्छा राजकुमारको उपचारमा निरन्तर लागि पर्दछन् तर नियतिले राजकुमारको मृत्यु हुन जान्छ । भीमसेनका शत्रुहरूले भने त्यो मृत्यु नभई हत्या गरेको भनि बालहत्याको आरोप लगाउँछन् । शत्रुहरूले षड्यन्त्र गरे भनेर शत्रुसँग षड्यन्त्र गर्दैनन् । उनी राजालाई ज्यादै विश्वास गर्दछन् । कुलराजले भीमसेनलाई अब चिन्नुहोस् जगत् जालीको रङ्गशाला भो, भलाको अग्निकुण्ड हो । त्यसैले भाग्नुहोस् ढोका खुला छ भनि जाली कुरा गर्दछ । भीमसेनले जगत्मा को कल्लाई चिन्न सक्छ र मनमा लाग्दथ्यो यस्तो महाराजधिराजको दिलभित्र त यो तीन पुस्ताको दासमाथि केही भाउ होला, मैले खै चिनेको, मैले तँलाई ज्यानै लिने परम शत्रु सम्झन्थे भन्दछन् ।

नाटकमा उनको उत्थानलाई नभएर पतनलाई देखाइएको छ । उनले राजालाई अत्यन्त विश्वास गर्ने हुँदा उनी दुःखान्त बनेका छन् । पतन हुनुको मुख्य कारण नै विश्वास हो । उनी सोझा भएकाले आफ्नो परम शत्रु कुलराजको जाली कुरामा सहजै विश्वास गर्दछन् । उनको चरित्रको गुण दोष दुवै छ । उनले कुलराज आफ्नो हित वा अहितमा कुरा गरिरहेको छ भनि बुझ्न सक्दैनन् । यही एकोहोरो बुझाइले नै उनी दुःखान्तको मुख्य नायक हुन पुगेका छन् । उनी आफ्नो आदर्श, इज्जत, स्वाभिमानलाई ज्यान भन्दा बढी माया गर्दछन् । कुलराजले भीमसेनलाई तपाईका लागि यस्तो काम गरेका हुन् । यदी तपाई नभएको भए यो काम हुँदैन र पाँडेहरू पनि मिल्न सक्छन् यदि तपाई यहाँबाट हट्न सके । भीमसनेले बीचार गर्दछन् यदि म हटे भने मेरी भक्तकुमारीको लाज बच्दछ भने उता पाँडे र थापाहरू पनि मिलि सबै कुरा साम्य भई देश र राजाको कल्याण हुने भनि आफु

आत्महत्या गरि हट्ने निर्णय गर्दछन् । उनी देशप्रेमी, आदर्शवादी, त्यागी र स्वाभीमानी व्यक्तिका रूपमा चिनिन्छन् । उनको यही त्याग र बलिदालने उनको चरित्र कारुणिक र दुःखान्त बनेको छ ।

### ३.३.२ **रणजङ्गको चरित्रमा द्वन्द्व**

यस नाटकमा रणजङ्गको आन्तरिक, बाह्य दुःखान्तको विश्लेषण आन्तरिक र अन्य पात्रले व्यक्त गरेका प्रतिक्रियाका आधारमा द्वन्द्व र दुःखान्तको विश्लेषण गरिएको छ ।

#### ३.३.२.१ **रणजङ्गको आन्तरिक द्वन्द्व**

रणजङ्ग यस नाटकको खलनायकका साथै भीमसेन थापाका प्रमुख प्रतिद्वन्दीका रुपमा देखा परेका छन् । यिनी स्वभावैले कुटिल र क्रुर देखिन्छन् । रणजङ्ग भीमसेनका बापवैरी हुन् । रणजङ्गले नाटकमा एकलाप र मनोवाद नगरी अरुसँग कुरा गरेको सन्दर्भबाट नै आन्तरिक क्रियाहरू व्यक्त भएका छन् । यिनै अन्तरक्रिया व्यक्त गर्ने संवादका माध्यमबाट नै उनको चरित्रको आन्तरिक द्वन्द्वको विश्लेषण गर्न सकिन्छ । पहिलो अङ्कमा रणजङ्गले कुलराजलाई शत्रुहरूलाई बोलेर उम्कन नदिई चुप लागेर बस्नु पर्दछ र शत्रु उम्कन नसक्ने भएपछि मात्र आक्रमण गरी सिध्याउनुपर्दछ भन्दछन् । जेठी रानीले रणजङ्गलाई आज छोराको पास्नीमा भीमसेनले चौसल्ला बकस पाउदै छ भन्दा रणजङ्गले भीमसेनलाई त्यही चौसल्ला ओढेर निसासियोस्, बेहियोस् भनि भीमसेनप्रति ईर्ष्या व्यक्त गर्दछ । रणजङ्गलाई जेठी रानीले दुईका युद्धमा आफ्नो मान्छे चाहिदोरहेछ भन्दा उनी म जस्तो सुकै अप्ठयारामा पनि हजुरलाई सहयोग गर्दछु भन्दछ र राजकुमारको पास्नीमा चौसल्ला बकस लिन आएका भीमसेन र रणजङ्ग बीच कुरा हुँदा भीमसेनले अब कति नै बाचिन्छ होला भन्दा रणजङ्गले धक्याएर अरुलाई हिड्ने नै अगि पुग्दछन्, भित्ता लागि सबैलाई बाटो छाडिदिनेहरू पछि पर्छन्, हजारौँको पछिपर्दा खुसी हुने फेरि हजारौँको अगि लाग्नुपऱ्यो भने रुन्छ भनि व्यङ्ग्य गर्दछन् । रणजङ्गलाई भीमसेन यसो भन्दछन् ।

> जसको प्राणै प्रिय छ ऊ खुम्चेर पछि बस्तछ,
> जो सत्य प्राणमा चल्छ दगुरी-दगुरीकन
> त्यो ता अगाडि नै पुग्छ आगो छुनपरे पनि

उछिनेर अरुलाई भुङ्ग्राभित्र समेत त्यो
आफै घुस्तछ । (पृ. ८)

दोस्रो अङ्कमा रणजङ्गको भूमिका छैन । तेस्रो अङ्कमा रणजङ्ग जेठी रानीलाई सम्झाउँदै सरकार सम्हालीन मन राज होस्, ईश्वरको पाउ परी सम्झीनुहोस्, अहिले के बिग्रेको छ र तिनले ओखती गर्ने काम देखाउन पनि केही समय लाग्ने भयो भन्दछन् । राजालाई खुसी पार्न रणजङ्ग बिरामीलाई सबै वैद्यले हेरेर यसमा कुनै उपाधि थपिएन भने रोग क्रमैले घटेर जान्छ भनि झुटो कुरा गर्दछ । सानुराजालाई केही भयो भने हाम्रा जेठी महारानी प्रभुका जति शत्रु छन्, ती थापाहरूको सत्यानाश, निर्मूल पार्नुपर्दछ भनी आफ्नो रिस व्यक्त गर्दछ । यो भनाई रणजङ्गको आवाज र योजनासँग मिल्दछ ।

चौथो अङ्कमा रणजङ्ग राजासँग हाम्रा वकिललाई यो भोलि नै सरकारको भाषाबाट बडापत्र पठाउन भनेको अगि जेजे सम्झी टिपेको मस्सौदा गरिरोखको छ । हुकुम भए म यहाँ विन्ति गर्न लगाउँछु भन्दछ । रणजङ्गको योजना सफल भएर भीमसेनहरू दण्डित भएका छन् । रङ्गनाथले भने न्यायप्रक्रिया निष्पक्ष भएन भनेर प्रश्न गर्दछन् । रणजङ्गले पाँडेहरूको रिसले साँढे मारेजस्तो भयो भनि आफ्नो बाबुलाई काट्न लगाएको कुरा गरी रिसले क्रोध हुन्छ । महाराजाले मलाई सर्वस्व फिर्ता दिएको देखेर रिसले बालहत्या गरेको भनि भीमसेनलाई आरोप लगाउँछन् । जगत्नैनी र चित्रीले भीमसेनलाई अपराधी हो भन्न नसक्दा रणजङ्ग रिसले क्रोध भई कुलराजलाई रगतको वर्षा हुन बाँकी नै छ भन्दछ । अङ्क पाँचमा भने रणजङ्गको कुनै भूमिका रहेको छैन । अङ्क छमा राजाले भीमसेनको मुद्दा सबै आफैले हेर्ने कुरा बताएपछि, सभामा भीमसेन आए भने आफुले गरेको षडयन्त्र विफल हुन्छ भन्ने डरले रणजङ्गले जसरी हुन्छ भीमसेनलाई सभामा आउन नदिने अनेकौं षडयन्त्र गरेको देखिन्छ । सभामा उपस्थित भएका भीमसेनलाई अनेकौं आरोप लगाउँछ । राजाले भीमसेनको मुद्दा आफै हेर्ने हुँदा रणजङ्गले राजालाई हजुरले सबै मुद्दा हेरे हामीले तयार पारेका सबुतप्रमाणहरू झन् राम्ररी प्रमाणित हुने थिए भनेर राजालाई प्रभावित पार्न खोज्दछ । राजाले मुद्दा पुनरावलोकन गर्ने भएपछि रणजङ्ग भीमसेनलाई कसरी हुन्छ सिध्याउने तिर लाग्दछन् । यो बाच्यो भने हाम्रो झुटा मुद्दाको बारेमा राजालाई सबै थाहा हुन्छ भन्ने डरले अनेक कुकर्म गर्न पछि पर्दैन । अङ्क सातमा रणजङ्कको भूमिका रहेको पाइदैन ।

अङ्क आठमा रणजङ्ग आफ्ना सबै षड्यन्त्र सफल भए पनि गुरुले लेखेको चिठी लिएर तिलङ्गा माथवरसिंह भएको निर लाहोर तिर गयो भन्ने कुरा थाहा पाएर रणजङ्ग चिन्ता गर्न थाल्दछ । गुरुले भीमसेनलाई खत्तम पार्ने षडयन्त्र गरेको कुरा सबै थाहा पाएकी भनेर शङ्का व्यक्त गर्दछ । मृत्युको अन्तिम घडीमा पुगेका भीमसेनलाई राजाको दर्शन गरि बालघात, आत्मघात र विश्वासघातका पापहरू काट्नुहोस् भनि आरोप लगाउन समेत पछि पर्दैन । अभागी भीसमेनको राजासँग क्षमायाचना गर्न नपाई मृत्यु हुने भयो भनि गोहीका जस्तै आँसु झार्दै अनेकौं बिलना गर्न थाल्दछ । मनोवैज्ञानिक दृष्टिले रणजङ्गको चरित्र मृत्युमूल प्रवृत्तिको देखिन्छ । उनको चरित्रबाट घृणा, क्रोध, विनाश, मृत्यु आदि कुराहरू व्यक्त भएको छ । यही प्रवृत्तिले गर्दा उनी कलह गर्न, बदला लिन, घृणा गर्न, हत्या गर्न तयार हुन्छन् । उनी सानै देखि ईख गर्ने गर्दथे, उनको पिता राजनीतिक कारणले काटिए पनि पछि आफू ठूलो भएर आफ्नो बाबु काट्नेहरूसँग बलदा लिने विचार गरे । यही कारणले उनमा मृत्युमूल प्रवृत्ति झाँगिदै गएको हो ।

रणजङ्गले आफ्नो बाबुको बदला लिनको लागि पनि राजपरिवारसँग नजिक भएर, जेठी रानीलाई रिझाएर आफ्नो सर्वस्वफिर्ता लिएका छन् । रानीलाई जस्तोसुकै अवस्थामा पनि सहयोग गर्ने बताएका छन् । दरबारमा आफ्नो वर्चस्व पुनः स्थापना गर्न उनले यसो गरेका हुन् । कुण्ठा र अन्तर्द्वन्द्वका दृष्टिले रणजङ्गमा पर्यावरणगत कुण्ठा छन् । सानैमा बाबु काटिनाले र सर्वस्वहरण हुनाले उनी असुरक्षित र गरिब बन्न पुगेका छन् । यसैबाट नै उनमा पर्यावरणगत कुण्ठाको जन्म हुनुका साथै व्यक्तिगत कुण्ठा पनि छ । उनको लक्ष्य आफु शक्तिहीन भए पनि भीमसेन जस्ता शक्तिशाली व्यक्तिसँग बदला लिनु हो । उनमा आन्तरिक द्वन्द्वगत कुण्ठा पनि रहेको छ । यसरी आकाङ्क्षाको स्तर योग्यताको स्तर असङ्गति रहेछ । इद अत्यन्त प्रबल र उच्चाहम् अत्यन्त निर्बल भएकाले उनी अन्तर्द्वन्द्वात्मक कुण्ठाका सिकार भएका हुन् । खासगरी पारिवारिक, आर्थिक, राजनीतिक समस्याले उनमा आन्तरिक द्वन्द्व जन्म भएको पाइन्छ । उनमा अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल, अनुकूल र प्रतिकूल द्वन्द्व पनि रहेको पाइन्छ । रणजङ्ग आफ्नो बाबुका पालादेखि खोसिएको भारदारी शक्ति पुन : सर्वस्वफिर्ता गर्न र बापवैरीसँग बदला लिन चाहन्छन् । सुरुमा उनले राजासँग सर्वस्वफिर्ता पाए अनि मात्र अरु इच्छा पुरा हुँदै गएका छन् । यो अनुकूल-अनुकूल द्वन्द्वको उदाहरण हो । रङ्गनाथले भीमसेनलाई बचाउन खोज्नु, रणजङ्गले यसो गरेमा पनि मन पराउँदैन, भीमसेनलाई वैरीसाधना बनाउन खोज्नु, निर्दोष सावित भएका भीमसेनलाई आफू सत्तामा

पुगेपछि पुन : मुद्दा उल्टाएर थुनामा राख्नु, रङ्गनाथ, कान्छी रानी र सभासदहरू भीमसेन निर्दोष छन् भनि निकाल्न खोज्छन् । त्यसैले रणजङ्गले भीमसेन सभामा नआउन भन्ने चाहन्छन्, राजाले भीमसेनको मुद्दा पनि नहेरुन भन्ने चाहन्छन् तर नचाहेको कुरा गर्न उनी बाध्य भएका छन् । यिनीहरू प्रतिकूल-प्रतिकूल द्वन्द्वको उदाहरण हुन् । रणजङ्ग भीमसेन रङ्गनाथ र कान्छीरानीलाई मन पराउँदैनन्, उनी सबैका अगाडि भीमसेनलाई दण्डित गर्न चाहन्छन् तर मृत्युदण्ड दिन भने डराउँछन्, उनी पनि षडयन्त्रको भेद अरुले थाहा पाउँछन् कि भनि डराउँछन् । यिनीहरू अनुकूल प्रतिकूल द्वन्द्वको उदाहरण हुन् ।

रणजङ्गले भीमसेन जस्तो इमान्दार र सफल व्यक्तिलाई कलङ्कित र असफल बनाएर आफ्नो कलङ्क र असफलतालाई लुकाउन खोज्दछन् । रणजङ्गले भीमसेन राजपरिवारका शक्तिशाली व्यक्तिहरूलाई हत्या गरी शासन आफै लिन खोज्दछन् । भनि झुटो आरोप लगाउँदछन् । रणजङ्गले आफू राम्रो र भीमसेन खराब हो भन्ने झुटो कुरा राजालाई सुनाई भ्रममा पार्नु, भीमसेन देशद्रोही हुन् भनि सभामा आरोप लगाउनु, रणजङ्गमा हीनताको भावना पनि छ । यही भावनाले गर्दा उनी दरबारमा आफूलाई श्रेष्ठ र शक्तिशाली भारदार बनाउन खोज्दछन् । यसरी रणजङ्गको आन्तरिक द्वन्द्वको विश्लेषण गरिएको छ ।

### ३.३.२.२ रणजङ्गको बाह्य द्वन्द्व

रणजङ्गको बाह्य अन्तरक्रिया पहिलो अङ्कमा पनि देखिन्छ । रणजङ्ग भीमसेनसँग बदला लिनको लागि आतुर भई आक्रोश व्यक्त गर्ने कुलराजलाई समेत विस्तारै बोल्न पढाउँछन् । जुनसुकै अवस्थामा आवेशमा आउँदा हाम्रा शत्रुहरूले हाम्रो भेद थाहा पाई उम्कन सक्छन् । बरु नबोली शत्रुलाई चारैतिरबाट घेरेर एकैचोटिमा सिध्यानुपर्छ भनि सम्झाउँछन् । जेठी महारानीले भीमसेनले चौसल्ला बकस पाउने खबर सनाउँदा रणजङ्गले भीमसेन त्यसैमा बेह्रियोस् निसासियो भनेर रिस व्यक्त गर्दछन् । रानीले तिम्रा लागि पनि राजामा बिन्ति गरेकी छु भन्दा हाम्रो भाग्य खुल्ने भयो । म हजुरको जस्तोसुकै अप्ठ्यारो आपत्विपद पर्दा पनि सेवा गर्दछु भनि सेवक बन्दछ । भीमसेन आएपछि मन नलागि नलागि सलाम गर्दै चौसल्ला बकस पाउँदै हुनुहुन्छ भन्ने सुनेको थिए भन्दछन् । भीमसेन बुढा सेवक भइसके बक्सिने नहुने कहाँ होर अब कति वर्ष नै बाँचएिला र भन्दा रणजङ्गले यसरी व्यङ्ग्य गर्दछन् ।

धक्याएर अरुलाई हिँड्ने नै अगि पुग्दछन्,
भित्ता लागि सबैलाई बाटो छाडिदिनेहरू पछि पर्छन् ।
हजारौँको पछि पर्दा सुशी हुने
रुन्छ फेरि हजारौँको अगि लाग्नुपर्‍यो भने (पृ. ८)

दोस्रो अङ्कमा भने रणजङ्गको कार्यव्यापार छैन । तेस्रो अङ्कमा कान्छो छोरो बिरामी भएकाले जेठी महारानी र राजा चिन्ता व्यक्त गर्दा रणजङ्गले धैर्यधारण गर्न र निराश नहुन आग्रह गर्दछन् । कतैबाट केही थपिएन भने चाडै निको हुन्छ वैद्यहरू औषधी गरेका छन् केही समय पर्खनु पर्दछ भनि सम्झाउँछन् । चौथो अङ्कमा भीमसेनहरू कान्छा राजकुमारको हत्याको आरोपमा दण्डित भएको खबर कलकत्तामा पठाउने व्यवस्था भएको कुरा व्यक्त गर्दछन् । अपराधीहरू सबै अजात हुने, उनीहरू कसैको घरमा पस्न नपाउने, तर चोकमा मागेर खानसम्म पाउने व्यवस्था गरिएको कुरा कनकसिंहलाई टिपाउँछन् । रङ्गनाथले यस्तो सजाय कहिले भयो, उनीहरू कायल भएनन्, साक्षी को को छन् भनेर सोद्धा उनीहरूको सजाय हिजै तोकिएको हो, अहिले सम्म त भाजुमान मरिसक्यो होला, साक्षी धाई जगत्नैनी र द्वारे चित्री हुन् महाराजको हुकुम भए डाक्न पठाउँछु भन्दछन् । म, कुलराज, करवीर, रणदल, काशीनाथ, इन्द्रवीर थापाहरू सबैका अगाडि यो लेखेको हो, तर सयौं कोडा लगाउँदा पनि बोलेनन् भन्छन् ।

रणजङ्गले रङ्गनाथलाई पाँडेको रिसले साँढे मारेजस्तो भयो, मेरा बाबुलाई त पहिले नै काटेर पन्छाइसकेका थिए, अहिले मैले सर्वस्वर्फिता पाएको रिसले कान्छा राजकुमारलाई मारेर मसँग  बदला लिएको हो भन्दछन् । तपाईको चित्त बुझेको छैन होला । जगत्नैनी र चित्री आएपछि उनीहरूलाई नरोई ईश्वर र धर्म सम्झेर साँचो कुरा गर्नु भनि निर्देश गर्दछ । यसरी जाल साक्षी प्रमाण देखाउन खोज्दछ । रङ्गनाथलाई चित्त नबुझेर जगत्नैनीलाई सत्य कुरा गर्न लगाउँदा रणजङ्गले अनेक तर्क गर्दै सत्यलाई भ्रममा पार्ने काम गर्न खोज्नु भएको भनि दोष लगाउन समेत पछि पर्दैनन् । यसरी दुवैले सत्य कुरा भन्न नसक्नु र राजा रिसाएर हिँडेपछि रणजङ्ग कुलराजसँग रगतको वर्षा हुनै बाँकी छ भनि आक्रोष व्यक्त गर्दछ । अङ्क पाँचमा भने रणजङ्गको कुनै भूमिका रहेको छैन । अङ्क छमा राजसभामा आएका भीमसेनलाई मुद्दा उल्टाई अपराधी हुन् भनि जाल साक्षी प्रमाण देखाउन परिचय गराउँछन् । जेठी रानीले वैद्यहरूलाई दण्ड तोकी भीमसेनलाई मृत्यु दण्डको सजाय सुनाउन खोज्दा

रानीको कानमा सुटुक्क गएर केही भन्छन् र सजाय फेर्न लगाउँछन् । रङ्गनाथले भीमसेनहरूलाई सभामा उपस्थिति गराउनु पर्दछ । उनीहरू कायल हुनुपर्दछ भन्दछन् । रणजङ्गले मुख्त्यार भइसकेको मान्छेलाई यहाँ ल्याउँदा अपमान हुने, फिरङ्गीपट्टिका कुरा काट्ने पनि धेरै छन्, ठूलो कुरा त महाराजले ज्यान बक्सनु भयो भनि कुरा टार्न खोज्दछ । उनीहरूलाई ल्याउनु पर्दछ भने सबै सभासदरहरू कराउन  थाल्दछन् । सभामा आएका भीमसेनलाई अङ्ग्रेज हडसनलाई सबै भेद खोलि युद्धमा संलग्न नेपाली वीर योद्धालाई हतोत्साहित पार्ने, युद्धबाट डराउने, अपराधी भएर पनि प्रधानमन्त्रीकै घमण्ड देखाउने, लडाई रोक्ने र कान्छा साहेबको हत्या गर्न समेत पछि नपर्नु भनि आरोप लगाउँछ । भीमसेनले राजसभामा राजाले निष्पक्ष रूपमा न्याय दिन नसकेको, साम्प्रदायिक भएको कुरा गर्दा रणजङ्गले राजाको अपमान भयो भनि राजालाई उचाली आफ्नो भेद खुल्छ भनि डराउँछ । राजाले भीमसेनको मुद्दा आफै हेर्छु भन्दा हामीले जुटाएको प्रमाण छर्लङ्ग भई अपराधी उम्कन पाउँदैन भनि राजालाई भ्रममा पार्न खोज्दछ । राजाले भीमसेनलाई भोलि नै सभामा उपस्थित गराउन भन्ने आदेश दिन्छन् । कनकसिंह पनि सबै जाली कागत लिएर हिड्छन् । रणजङ्ग डराएर म त जतातते रामारुमी देख्दछु भन्दछन् ।

कुलराजले भीमसेनलाई सिध्याउने कुरा गर्दछ भने रणजङ्गले माथवरसिंह धारमा भएकाले मिल्दैन भन्दछन् । भोलि के हुने हो भनि जेठी रानीले चिन्ता गर्दा रणजङ्गले आश्वस्त पार्दै कुलराजलाई आज चाडै घरमा गई सुत, भोलि झिसमिसमा उठेर बागमा गई भीमसेनलाई महाराजले सूर्योदयपछि उनीहरू टुँडिखेलमा लैजानु, अस्ति जेठी महारानीलाई मुख चलाउने भीमसेनकी कान्छी पत्नीलाई सबैका माझमा राखी सारा तिलङ्गा र भीमसेनका अगाडि नङ्गा पारेर भन्डारा लगाउनु भन्ने हुकुम भएको छ भनि सुना, भीमसेनले यस्ता कुरा सुन तिलङ्गालाई थाहा भइसकेको छ भनि सोध्दा भइसकेको छ । सारा तिलङ्गाहरू हर्षले गीत गाउँदै, रक्सी पिउँदै, रमाउँदै बसेका छन् भनेर भन्नु, आफूले दिक्क माने जस्तो गर्नु, तपाइलाई भगाउँछु पनि भन्नु, सहानुभूति प्रकट गरे जस्तो गरेर म अहिले जान्छु घाम झुल्केपछि आउँछु भनि ढोका थुनेर हिड्नु, क्रोध सहन नसकी भीमसेन टाउको फोड्न वा झुन्डिन सुक्छ भनेर ज्यान लिने कुरा गर्दछ । अङ्क सातमा भने रणजङ्गको कुनै भूमिका रहेको पाइदैन ।

अङ्क आठमा रणजङ्ग आफूले गरेको षड्यन्त्रहरू सबै सफल भएका छन् । उता सिपाहीहरू जागिर छाडेर माथवरसिंहलाई चिठी पुऱ्याउन लाहोर गएको कुरा थाहा पाएपछि चिन्ता गर्न थाल्दछन् । भीमसेन नबाचे पनि सिपाहीबाट सबै कुराको भेद खोलिदेला भनि सङ्का व्यक्त गर्दछन् । भीमसेनको अवस्था बुझ्न आएका राजालाई रणजङ्गले रङ्गनाथलाई नदेखि ढुक्क भई आँखा चिम्लेर अचेत अवस्थामा रहेका भीमसेनलाई महाराजको सवारी भएको छ, दर्शन गरेर सबै पाप पखाल्नुहोस् भनि व्यङ्ग्य गर्दछन् ।

राजाले यस्तो आत्मघाती काम किन गऱ्यो भनि भीमसेनलाई सोद्धा जाली रणजङ्गले सरकारले मुद्दा हेर्ने थाहा पाएर भीमसेन डराएका हुन् कान्छी महारानी र गुरुले मुद्दा हेर्ने भएको भए बाँच्ने आस थियो भन्दछन् । अब नबाँचचिने भनेर झ्यालको सिसा फोरी आफ्नै घोक्रो सेरेछन्, ज्यानमारा मै हुँ भनेर कराएछ भनि राजालाई झूटो आरोप लगाउँछन् । मर्न तयार भएका भीमसेनलाई अभागीले कायल हुन पाएन, क्षमा माग्न पाएन भनेर गोहीका आँसु समेत झार्दछ । रणजङ्गका यी पारस्परिक क्रियाका आधरामा उनको चरित्रमा पाइने बाह्यद्वन्द्वलाई विश्लेषण गर्न सकिन्छ । रणजङ्गको सबै भन्दा बढी द्वन्द्व भीमसेनसँग छ । त्यसपछि रङ्गनाथ, कान्छी रानी, एकदेव वद्यैहरू र राजासँग पनि केही द्वन्द्व भएको देखिन्छ । माथवरसिंह, जागीर र छाडेर भाग्ने सिपाहीहरूसँग पनि अप्रत्यक्ष रूपमा द्वन्द्व गर्नु परेको देखिन्छ ।

रणजङ्ग र भीमसेनको सम्बन्ध नाटक सुरु हुँदा देखि नै प्रतिकूल र अनुकूल रहेको देखिन्छ । भीमसेन अनुकूल अवस्थामा देखिन्छ भने रणजङ्ग प्रतिकूल अवस्थामा रहेको हुँदा यी दुवैको सम्बन्ध द्वन्द्वात्मका भएको हो । भीमसेन रणजङ्गका बापवैरी हुन् भने रणजङ्ग भीमसेनसँग वैरीसाधना गर्न दाउ हेरेर बसिरहेका छन् । शक्तिशाली भीमसेनसँग सर्वस्वहरण भएका शक्तिहीन रणजङ्ग वैरीसाधन गर्न भने सक्दैनन् । रणजङ्ग जेठी रानीलाई प्रभावमा पारी सर्वस्वफिर्ता पाउँदछ । त्यसैबेला कान्छा राजकुमार बिरामी पर्नु, भीमसेनले एकदेव वैद्यहरू ल्याई उपचार गराउनु तर निको हुन नसकी मृत्यु हुनु, त्यसैलाई आधार बनाएर रणजङ्गले भीमसेनलाई अपराधी भनि जेलमा हाल्नु । रङ्गनाथ र कान्छी रानीको प्रयासले भीमसेन निर्दोष सावित भई जेलबाट छुट्छन् । रणजङ्ग सत्तामा पुगेपछि भीमसेनको मुद्दा उल्टाएर फेरी थुनामा राख्दछन् । रणजङ्गले जेठी रानी र राजालाई आफ्ना पक्षमा पारी भीमसेनलाई आजिवन जन्मकैदको सजाय दिन पठाउँछन् । राजसभामा सभासद्हरूले विरोध

गर्दछन् र राजा आफै हेर्ने भए पछि षड्यन्त्रको भेद खुल्ने डरले भीमसेनलाई बेमूर्तका कुरा गर्न लगाई सेरिन बाध्य भई ज्यान लिन तयार हुन्छ । राजासँग अपराधी सिद्ध गर्नको लागि घाँटी सेरेका हुन् भनि कपटी कुरा सुनाउँदा भीमसेन त्यो सहन नसकी घाँटी च्यातेर मर्न बाध्य हुन्छन् । रणजङ्ग बेइमानी, धोकेबाजी, षड्यन्त्रकारी, स्वार्थी भारदारका रूपमा चिनिन्छन् ।

रणजङ्गको द्वन्द्व भीमसेनसँग सबै भन्दा बढी भएको छ भने रङ्गनाथ र कान्छी रानीसँग पनि भएको पाइन्छ । कान्छी रानी र रङ्गनाथ अनुकूल चरित्रका छन् । यिनीहरू भीमसेनका सहयोगिका रूपमा रहेका छन् । रणजङ्ग भने जेठी रानी पट्टिका भीमसेनका वैरी र भीमसेनलाई जसरी पनि सिध्याउन चाहन्छ । रणजङ्गले बालहत्याको आरोप लगाई कैद गराएका भीमसेनलाई कान्छी रानी र रङ्गनाथले निर्दोष हुन भनि जेलबाट छुटाउँछन् । रणजङ्ग आफू सत्तामा पुगेपछी यो मुद्दालाई उल्टाएर भीमसेनलाई थुनाउँछ । भीमसेनको मुद्दा राजा आफैले हेर्ने भएपछि भीमसेनलाई झुटा कुरा सुनाएर सेरिएर मर्न बाध्य बनाउँछ । रणजङ्ग षड्यन्त्रकारी, पापी, अन्यायी, स्वार्थी व्यक्तिका रूपमा चिनिन्छ । रणजङ्गले एकदेव जस्ता विना अपराधी र निर्देष व्यक्तिलाई अपराधी र दोषी हो भनि कारवाही गर्न पठाएका छन् । रणजङ्गको द्वन्द्व राजासँग पनि देखिन्छ । राजाले भीमसेनको मुद्दा म आफै हेर्छु तुरुन्तै डाकेर ल्याओ भन्दा रणजङ्ग आफ्नो षड्यन्त्रको बारेमा सबै कुरा थाहा हुन्छ भनेर चिन्तित भई भीमसेनलाई नै सिध्याउने अर्को षड्यन्त्र तयार पारि सेरिन बाध्य बनाउँछन् । माथवरसिंहले यो षड्यन्त्रको बारेमा थाहा पाए भनि के गर्ने भन्ने डरले छटपटाउँछ । उता सिपाहीहरूसँग पनि द्वन्द्व भएको देखिन्छ । सिपाहीहरूले यो षड्यन्त्रको बारेमा जानकारी गरायो भने सबै भेद खुल्दछ भनि चिन्ता व्यक्त गर्दछ ।

यसरी रणजङ्गको सभासद्सँग पनि द्वन्द्व भएको देखिन्छ । उनीहरूले विनाअपराधी र निर्दोष व्यक्तिलाई सजाय नगरि मुद्दा राजा आफैले हेरेमा न्याय हुने कुरा गर्दछन् । रणजङ्ग बाबु काटिएका, सर्वस्वहरण भएका गरिब र टुहुरा भएकाले मौका मिले भीमसेनसँग बदला लिने दाउमा रहेका छन् । जेठी रानीको चाकरी गरेर सर्वस्वफिर्ता पाई भीमसेनलाई झुटो आरोप लगाई सेरिन बाध्य बनाउँछन् । यिनको नियतिसँगको द्वन्द्व पनि नाटक सुरु हुनुभन्दा अगाडिकै अवस्थामा भएको देखिन्छ, जस्तै सानैमा बाबु काटिनु, टुहुरो हुनु, गरिब हुनु,

सर्वस्वहरण हुनु आदि पर्दछ । यिनको प्रमुख बाह्य द्वन्द्व प्रतिकूल चरित्रका रूपमा देखिन्छ । यिनको यही चरित्रका कारण राजभक्त, देशभक्त प्रधानमन्त्री गुमाउनु परेको छ ।

### ३.३.२.३ अन्य पात्र र रणजङ्गको चरित्र

नाटकको पहिलो अङ्कमा जेठी रानी, राजा, भीमसेनका अगाडि रणजङ्गलाई तिमीले राजासँग बिन्ति गर्‍यौँ, दुःख पायौ भनेर मेरा अगाडि रुन्थ्यौँ भन्दछिन् । जेठी रानीले राजालाई यिनका बाबु कसरी काटिए, सानै उमेर भएर मात्र यिनी बाचेका हुन् । यिनी टुहुरालाई बाच्न निकै गाह्रो भएको छ भनेर राजालाई बताउँछिन् । जेठी रानीले रणजङ्गलाई सर्वस्वफिर्ता दिन पठाउँछिन् र रणजङ्गले सर्वस्व फिर्ता पाएपछि मेरा शत्रूहरू दिनानुदिन बढेका छन् भन्दछन् । अङ्क पाँचमा सिपाहीहरू कुलराज र रणजङ्गले गरेको अन्याय सहन नसकी जागिर छोड्न बाध्य हुन्छन् । अङ्क छमा जेठी रानीले तँ अपराधी होस् भन्दा भीमसेनले तीन पुस्ताका राजालाई यही काखमा राखी हुर्काएँ अहिले यो उमेरमा आएर बालहत्या गरेर के पाउँथे यो के सम्भव छ भन्दछन् । जेठी रानीले बिरालोले आफ्नो बच्चाहरू मोररे आफै खान्छ, सासुज्यू र ससुराज्यूलाई पनि तहीले मार्न लगाएको रहेछस् भनेर आरोप लगाउँदा भीमसेनले रणजङ्गलाई बापवैरी साधेर अटालीमा बत्ती बाली यमपञ्चक मनाउनु भन्दछन् (पृ. ८८) । भीमसेन राजालाई प्रजा राजाका सबै पुत्र समान हुन्छन् । पाँडे कसरी साख र थापाहरू किन कुसाख भो भन्दछन् । अङ्क सातमा तिलङ्गाले भीमसेनलाई हिजो के भयो भनि सोध्दा कान्छी महारानी र गुरुज्यू मेरा पक्षमा न्यायको कुरा गर्न थाल्दा, रणजङ्ग भने मेरो घृणा र ईर्ष्या गर्न थाल्दछ, कुलराज आइपुग्दछ भीमसेनले मलाई बोलाउन आको हो भनि सोध्दा जाली कुलराजले नभएका कुरालाई बढाई रुँदै सुनाउँछ । भीमसेनले त्यसको सबै कुरामा विश्वास गरि यो संसारबाट बिदा लिने निर्णय गर्दछन् ।

यी माथिका अन्य पात्रसँग भएका कुराको आधारमा रणजङ्गको चरित्र जेठी रानीको सहयोग र समर्थनमा सर्वस्वफिर्ता, भारदारी शक्ति बढेको देखिन्छ । रणजङ्ग जेठी रानीको समर्थन र सहयोगले बापवैरीसँग सक्षम भएका छन् । रणजङ्गको अन्याय देख्न नसकी धेरै सिपाहीहरूले जागिर छोडेका छन् । उनी षड्यन्त्र गरेर बैरीसाधना गर्दछन् । यिनी षड्यन्त्रकारी, स्वार्थी, निर्दयी, व्यक्तिका रूपमा देखा पर्दछन् । यिनले आफ्नो बाबुको बदला लिनको लागि जस्तो सुकै तुच्छ कार्य गर्न पनि तयार भएको देखिन्छ ।

### ३.३.२.४ रणजङ्गको दुःखान्त चरित्र

दुःखान्त चरित्रका रूपमा हेर्दा रणजङ्गको चरित्र जीवानुरूप, चारित्रिक एकरूपताका आधारमा हेर्न सकिन्छ । रणजङ्ग पहिला उच्च वर्गका भए पनि पछि सर्वस्वहरण भएपछि उनी टुहुरा र गरिव भएका थिए । पछि जेठी रानीको चाकरीबाट सर्वस्वफिर्ता पाएपछि पुन : धनी र उच्च वर्गका व्यक्तिका रूपमा चिनिन्छन् । रणजङ्गले आफूलाई मन नपरेको व्यक्तिलाई घृणा र ईर्ष्या गर्ने भएकाले उनी प्रतिकूल स्वभावका व्यक्तिका रूपमा चिनिन्छन् । रणजङ्गले आफ्ना शत्रुसँग बदला लिनको लागि विभन्नि किसिमका षड्यन्त्र गरेको पाइन्छ । जसले गर्दा नाटक दुःखान्त र द्वन्द्व भएको छ । चाकरी गरी जेठी रानी र राजालाई आफ्नो पक्षमा पारी भीमसेनलाई बालहत्या जस्तो झूटो अभियोग लगाई थुनामा राख्दछ । निर्दोष देखिएका भीमसेनलाई पुनः जालसाजी प्रमाण राजा समक्ष पेश गरी थुनाउँदछन् । रङ्गनाथ, कान्छी रानी र सभासदहरूले भीमसेन आई कायल हुनुपर्दछ भन्दा राजा आफैले मुद्दा हेर्छु भन्दा रणजङ्ग आफ्नो षड्यन्त्रको सबै पोल खुल्छ भन्ने डरले भीमसेनलाई झुटो कुरा सुनाई सेरिन बाध्य बनाएको छ । रणजङ्गको चरित्रमा यही प्रवृत्तिले आन्तरिक र बाह्य द्वन्द्वले नाटक दुःखान्त भएको छ ।

### ३.३.३ राजेन्द्रको चरित्रमा द्वन्द्व

राजेन्द्रको चरित्रमा आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्व र दुःखान्तताको विश्लेषण उनले नाटकमा गरेको मानसिक क्रिया, पारस्परिक क्रिया र उनका बारेमा अन्य पात्रले व्यक्त गरेका प्रतिक्रियाका आधारमा गर्न सकिन्छ । यहाँ राजेन्द्रको चरित्रमा पाइने द्वन्द्व र दुःखान्तताको बारेमा विश्लेषण गरिएको छ ।

### ३.३.३.१ राजेन्द्रको आन्तरिक द्वन्द्व

राजेन्द्रको भूमिका नाटकको सुरुदेखि अन्त्यसम्म रहेको पाइन्छ । राजेन्द्र यस नाटकका प्रमुख पात्रका रूपमा देखा पर्दछन् । यिनी प्रत्यक्ष रूपमा नभएर अप्रत्यक्ष वा अन्य पात्रसँग गरेका संवादको बारेमा गरिएको पाइन्छ । राजेन्द्र कच्चा उमेरका सोझा व्यक्ति, शासन आफै चलाउन खोजे पनि शासन गर्ने क्षमताको कमि, स्वतन्त्र निर्णय गर्न सक्ने क्षमताको अभाव, पहिलो अङ्कमा राजेन्द्रले राजकुमारको पास्नीमा भीमसेनलाई चौसल्ला

वकस दिँदा भीमसेनले राजासँग सरकारको नून खाएको धेरै भइसक्यो, अहिले सम्म केही गर्न सकेको छैन भन्दा राजेन्द्रले भीसेनलाई तेरा विरुद्धमा कुरा सुनाउनेहरूलाई भीमे हाम्रो हुकुम मान्छ, देशको सम्पूर्ण उत्तरदायित्व अब हामीसँगै छ, भनेर उत्तर दिन्छ भन्दछन् । रणजङ्गलाई सर्वस्वफिर्ता दिएपछि भीमसेनले राजालाई अब मेरा शत्रु बढे, म चीनको राजदूत भई जान पाऊँ भन्दा राजाले तिमी नभए यो राज्य कसले सम्हाल्छ भन्दछन् । राजाले भीमसेनलाई तेरो चित्त दुँयो कि, तेरो भार हलुका गर्नको लागि मात्र केही काम बाँडेको हो भन्दछन् (पृ. १५) ।

दोस्रो अङ्कमा राजेन्द्रको भूमिका छैन । तेस्रो अङ्कमा राजेन्द्र बिरामी कान्छो छोरो निको हुन्छ हुँदैन भन्दै रङ्गनाथसँग कुरा गर्दै चिन्तित भएका छन् । चौथो अङ्कमा राजा छोराको मृत्युले शोकमा परी आँसु चुहाइरहेका छन् । राजकुमारको मृत्यु भीमसेनले गराएको र उनलाई दण्डित गरिएको र तैँले फौजी मुख्तियारी पाएको कुरा सबै कलकत्तामा खबर पठाउने भनि रणजङ्गलाई टिपाउन पठाउँछन् । रङ्गनाथले धाईहरूलाई केही कुरा सोध्न पाउँ भन्दा रणजङ्गले पहिला हुन्छ भन्न नसके पनि पछि रङ्गनाथले अनुरोध गरेपछि हुन्छ भनि स्वीकृति दिन्छन् । जगत्नैनीले र चित्रीले राम्ररी जवाफ दिन नसक्दा रणजङ्ग रिसले क्रुद्ध हून्छ । अङ्क पाँचमा राजाको भूमिका छैन । अङ्क छमा रणजङ्ग र जेठी रानीले भीसमेनका विरुद्धमा तयार पारेका जालसाक्षी कागत र साक्षीमा राजाले विश्वास गरेको पाइन्छ । राजाले भीमसेनलाई काजीको मुकुण्डो लगाएर वास्तविक राजा हुन खोज्ने, बुबाज्यू र बज्यैज्यूको र म सानो हुँदा जथाभावी खायो, उसरी अहिले जेठा महारानी र मलाई बिताउँला अनि कान्छा महारानी र सुरेन्द्रहरू अरु बच्चा लिएर खेलाई गुलियो मुख पारेर आफू मुख्य भई राजकाज चलाउँला भन्ने सोचेको होला भनि आरोप लगाउँछन् । सभामा राजा भीमसेनले आफ्ना कुरा गरेको बेलामा भीमे तँ पहिले यसो किन गर्दथिस् भन्ने विचार लागेको थियो, सबै बुझे तँ चिल्लोमतिको कालसर्प पो रहेछस्, त्यागीतुल्य बनीकन पछि हटेर फणामा विष जम्मा गरी ठुङ्दो रहेछ भन्दा भीमसेन के प्रमाण छ भन्दछन् । राजाले धेरै कागत भेटिए, नमानी नहुने साक्षी प्रमाणहरू देखिए त्यसैले तँ पक्का अपराधी होस् भन्ने ठानेर जन्मकैद तोक्यौं भन्दछन् । भीमसेनले विना दोष सजाय भयो, पहिले ती साक्षीहरू किन चुपचाप वसीरहे यो कागत कसको कल्पवृक्षमा फले भन्दछन् (पृ. ८७) ।

सभामा दुवै रानीले झगडा गरेपछि राजाले घरभित्रको रिस चौबाटमा लगि मान्छेहरूलाई हँसाउँछौं, म बोलाऊँ, म यो सारा भस्म पारिदिउँ भनि कराउँछन् । एकदेवलाई तँलाई सँधै भोकै राखी सुत्न पनि नदिइ, सँधै बचाइराखेर नित्य मारिरहे पनि कहिल्यै चित्त बुझ्दैन भनि रिसाउँछन् । राजाले सभासद् र एकदेवका कुरा सुनेपछि भीमसेनलाई डाक्न पठाई मुद्दा आफै हेर्छु भन्दछन् । सातौं अङ्कमा पनि राजाको कुनै भूमिका रहेको पाइँदैन । आठौं अङ्कमा राजाले भीमसेनलाई म तँलाई डाक्न पठाई तेरो मुद्दा म आफैले फेरी हेरी भारदारी कचहरी जम्मा गरी सुनाउने भनेको, तँ भने आफै मुर्ख भई सेरिने, म तैंले ल्याएको बग्गीमा चढी तँलाई भेट्न आएको के गरिस् यस्तो । कान्छी मुखेनीको माया लाग्दैन निर्दयी सबै बिराम ठहरी जन्मकैद परे पनि पत्नीलाई पनि सँगै राखिदिने थिएँ भन्दछन् (पृ. ११५) । रणजङ्गले नभएको आरोप लगाएपछि भीमसेन घाँटीमा लगाएको पत्ती र टाँका च्यात्तचुत्त पारी मिल्काउँछन्, मर्न आँटेका भीमसेनलाई नाउले सम्हाल्न खोज्दा राजा रिसाएर भैगो मर्न छोडिदे भन्दछन् ।

यी माथिका मानसिक क्रिया र भनाइबाट राजाका चरित्रमा पाइने आन्तरिक द्वन्द्वको विश्लेषण गर्न सकिन्छ । राजेन्द्र नाटकमा कच्चा उमेरका सोझा व्यक्ति, आफै शासन चलाउन इच्छुक, शासन गर्ने क्षमताको अभाव, प्रशासनिक कुशलता साँचो र झुटो छुट्याउन सक्ने क्षमताको अभाव भएका राजाका रुपमा देखिन्छन् । उनले आफू राजा भएपछि प्रधानमन्त्री भीमसेन थापाको अधिकार कटौती गरी अरुलाई बाडी भीमसेनलाई अङ्गरक्षक लिएर समेत नहिड्न आदेश दिन्छन् । उनले आफू भन्दा ठूलो र लोकप्रिय भएर देशको शासन गर्ने भीमसेनप्रति ईर्ष्या गर्दछन् । उनमा उच्चाहम् भएकाले भीमसेनलाई जसरी भए पनि आफूभन्दा कमजोर पार्न चाहन्छन् । बाहिरबाट जति आदर्श राजाका रूपमा चिनिए पनि भित्र भने भीमसेनसँग रिस र डाह गरेको देखिन्छ । यसरी राजामा उनकै इद र उच्चाहम बीच द्वन्द्व रहेको पाइन्छ । उसको इद प्रबल भएकै कारण जसरी भए पनि भीमसेनलाई शक्तिहीन बनाउन खोज्दछन् । नाटकको सुरुदेखि अन्तिम सम्म यो द्वन्द्व प्रकट भएको देखिन्छ । जेठी पत्नी इदको रूपमा र कान्छी पत्नी उच्चाहम्को रूपमा रहेको पाइन्छ । राजाले सुरुमा भीमसेनलाई चौसल्ला बकस दिन्छन् र रणजङ्गलाई पनि सर्वस्वफिर्ता दिई भीमसेनको अधिकार कटौनी गरेकोमा भीमसेनको चित्त दुखेको बुझी उनलाई सम्झाउँछन् । राजाले भीमसेनको राजभक्ति र देशभक्तिको प्रशंसा गर्दै यसो भन्दछन् :

तँ त धरहरा वीरहरूमा, भुसियाहरू
देख्छु, जिस्क्याउँदै भुक्तै खेद्छन् तेरो यताउति
सोझो बाटो लिइ हिँड्छस् तँचाहिँ गजराज झैँ । (पृ. ११)

राजाले उता भीमसेनका बापवैरीलाई पनि खुसी पार्दछन् । भीमसेन आफ्ना शत्रु बढेको देखेर चीनको राजदूत भएर सुतेका ऐसियालाई जगाउँछु भन्दा राजाले तँ नभएर कसले शासन गर्दछ भनि उनको प्रशंसा गर्दछन् । उनी एकदेवको औषधी आफ्नो छोरालाई खुवाउन चाहँदैनन् तर सबैले भनेपछि भो भन्न पनि सक्दैनन् । छोराको मृत्यु  पछि राजा शोकमा परि भीमसेनहरू प्रति अलिकति पनि दया राख्दैनन् । उनी भीमसेनलाई नसोधी, कायल नगराई रणजङ्गको जाली कुरामा विश्वास गरी दण्डित गर्दछन् । कलकत्तामा पठाउन लागेको चिठीमा राजाले रणजङ्गले फौजी मुख्तियारी पाएको कुरा पनि उल्लेख गर्न भन्दछन् । उनले भीमसेनमा भएको फौजी लोकप्रियताप्रति ईर्ष्या भएको थाहा पाइन्छ । यस अवस्थामा राजा विवेक पूर्ण शून्य रहेको पाइन्छ ।

रङ्गनाथले राजालाई दोषीहरू कायल नभई फैसला गरिएकाले न्याय पूर्ण नभएको भन्दा पनि राजाको हुकुम फिर्ता हुँदैन । रङ्गनाथले दोहोऱ्याएर साक्षीहरूलाई केर्न पाउँ भनि अनुरोध गरेपछि मात्र मन नलागे पनि स्वीकृति दिन्छन् । धाई र द्वारेले भीमसेन अपराधी हो भनि सन्तोषजनक जवाफ नदिएको हुँदा राजा रिसाएर खुट्टा बजार्दै हिड्छन् । भीमसेनहरू निर्दोष सावित भई छुट्दछन् भने रणजङ्ग सत्तामा पुगेपछि मुद्दा उल्टाएर बालघातको अभियोग लगाई पुनः थूनामा राखिएका भीमसेनहरूलाई दण्डित गर्न तयार हुन्छन् । उनले रणजङ्ग र जेठी पत्नीले बनाएको कागत र साक्षीमा पूर्ण विश्वास गर्दछन् । सभामा दोषीहरूको कुरा नसुनी जेठी रानीलाई दण्ड तोक्न पठाउँछन् ।

यहाँ राजाको इद प्रबल भएको देखिन्छ । सबैले भीमसेनलाई सभामा बोलाउनै पर्छ भनेपछि मात्र बाध्य भएर राजाले भीमसेनलाई सभामा बोलाउन पठाउँछन् । सभामा आएका भीमसेनका पक्षविपक्षमा बोल्ने आफ्ना पत्नीहरूसँग क्रुद्ध भई यो सारा भस्म पारिदेऊ म बौलाऊ भन्दछन् । सभामा इबीबाट तयार पारिएको मुद्दामा किन निष्पक्ष साक्षी राखिएन भनेर कुरा गर्दा राजा बोल्दै बोल्दैनन् । भीमसेनले प्रजा सबै समान हुदपर्दथ्यो पाँडे किन साख र थापाहरू किन कुसाख भए भन्दा पनि राजा बोल्न सक्दैनन् । सभामा सबै दोषीहरू भनिएकाहरू निर्दोष छन् भनेपछि राजा बाध्य भएर भीमसेनको मुद्दा आफै हेर्छु भन्दछन् ।

मर्न लागेका भीमसेन नेर गएर नाउरले समाल्न खोजदा भैगो मर्न दे भनि इद र उच्चाहम् प्रबल देखिन्छ । राजेन्द्रमा सुरु देखि नै आन्तरिक द्वन्द्व र कुण्डा दुवै भएको पाइन्छ । उनी सानै भएर शासन गर्न नसके पनि शासन गर्ने इच्छा भने भएको पाइन्छ । बालिग अवस्थादेखि नै शासन भार आफ्नो हातमा लिए पनि शासन गर्ने क्षमता उनमा पाइदैन । उनी भीमसेन विना कसरी शासन गर्ने भन्ने द्विविधामा परेको देखिन्छ । उनका दुई वटी रानीहरूले भारदारहरूलाई आफ्नो पक्षमा पारी सत्ता कायम गर्न खोज्दछन् । राजाले उनीहरूलाई बराबर राख्न पनि सक्दैनन् । राजामा जेठी रानीको प्रभाव बढी परेको देखिन्छ । राजा व्यक्तिगत र द्वन्द्वगत कुण्ठा बढी भएको पाइन्छ । राजामा शासन गर्ने योग्यता कमी भएको छ । यही व्यक्तिगत कुण्ठाको कारण हो । उनले कुनै पनि प्रधानमन्त्रीको विश्वास गर्न नसकि प्रधानमन्त्री फेरिरहन्छन् । राजामा अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल र अनुकूल-प्रतिकूल द्वन्द्व भएको पाइन्छ । राजाले दुवै पत्नीको विश्वास गर्नाले थापा र पाँडे खलकलाई समान दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । उनले जेठी पत्नी र रणजङ्ग, कान्छी पत्नी र रङ्गनाथ दुवैले भनेको कुरामा पूर्ण विश्वास गर्दछन् । यो अनुकूल-अनुकूल द्वन्द्वको उदाहरण हो ।

राजाले भीमसेन र एकदेवलाई एक मनले मन पराए पनि अर्को मनले भने मन नपराएको देखिन्छ । उनले दुवै पत्नीहरू मिलेको हेर्न छुट्टाछुट्टै भारदार बनाउन दिन्छन् जसले गर्दा यो अनुकूल-प्रतिकूल द्वन्द्वको उदाहरण हो । राजाले भीमसेन अपराधी हुन् भने पनि सभासद्हरूले भीमसेन अपराधी होइनन् भन्ने कुरा गर्दा यिनी दुवै पक्षका लागि प्रतिकूल भएको देखिन्छ । राजा मुद्दा हेर्न मन नलागे पनि रङ्गनाथ र सभासद्का कुराले गर्दा हेर्न बाध्य हुन्छन् । यी प्रतिकूल-प्रतिकूल द्वन्द्वका उदाहरण मानिन्छन् । राजाले कुनै पनि कुराको निर्णय आफै गर्न नसक्नु र पत्नीहरूलाई पनि आफ्नो नियन्त्रणमा राख्न नसक्नु, भारदारलाई पनि समान व्यवहार नगरी पक्षपात गर्नु यो द्वन्द्वले उनको चरित्र गतिशिल, प्रभावकारी र स्वभाविक किसिमको देखिन्छ । उनले भीमसेन र एकदेवलाई दोषी बनाई आफ्नो कमजोरी लुकाउन खोज्दछन् । आन्तरिक द्वन्द्वले नै उनको चरित्र प्रतिकूल बनेको पाइन्छ । उनी भीमसेनसँग प्रतिस्पर्धा पनि गर्दछन् ।

### ३.३.३.२ राजेन्द्रको बाह्य द्वन्द्व

राजेन्द्रको अन्तरक्रिया पहिलो अङ्कदेखि नै सुरु भएको छ । राजाले आफ्ना छोराको पास्नीमा भीमसेनलाई बकस दिँदा भीमसेनले सरकारको नून खाएको धेरै भइसक्यो, भने जस्तो अझै केही गर्न सकेको छैन भन्दछन् । राजाले भीमसेनलाई तेरा विरुद्ध कुरा गर्नेहरूलाई अब हाम्रो हुकुम मात्र मान्छ, देशको शासन मैले चलाएको छु, उसको अब अङ्गरक्षक लिएर हिँड्दैन भनेर भन्दछन् । राजाले भीमसेनलाई हाम्रो हनुमानढोका सुनको बनाइस्, कम्पु खडा गरिस्, चाँडतोडाले पल्टनै उघारिस, बादशाही बाजाले नून थपिस्, तँ पुरानो मान्छे होस, मेरा बुबा र म तेरै काखमा हुर्क्यौं, तैंले राजकाज सम्हालेको पनि तेत्तीस वर्ष भयो, तँ स्वदेशका लागि लड्ने वीर पुरुष होस् भनी प्रशंसा गर्दछन् । कान्छी रानीले भीमसेनलाई महाराजाले तिमीलाई बिर्सिबक्सेको छैन भनेपछि राजाले भीमसेनलाई तेरो प्रशंसा जति गरे पनि कम हुन्छ, कान्छी रानीले यी सबै कुरा सम्झाइन् र मैले तँलाई यो बकस दिएको हुँ भन्दछन् । राजाले रणजङ्गलाई सर्वस्वफिर्ता दिएपछि भीमसेनले आफू चीनको राजदूत भई जान पाउँ भनि विन्ति गर्दा तँ गइस् भने यो राज्य कसले सम्हाल्छ । तेरो चित्त दुख्यो कि तेरो भार हलुका होला भनेर केही काम झिकेर अरुलाई बाँडेको मात्र हो तेरा विरुद्ध कुरा गरेमा म सुन्दिन भन्दछन् । अहिले कान्छा छोरालाई सन्चो छैन, वैद्यहरूसँग सल्लाह गरी उपचार गरी चाँडै निको भएपछि चीन जाने कुरामा विचार गरौंला भनि सम्झाउँछन् । दोस्रो अङ्कमा भने राजाको भूमिका छेन ।

तेस्रो अङ्कमा राजा रङ्गनाथ, रणजङ्गलाई बिरामी छोरालाई हर्न भनि पठाउँछन् र उनीहरूले औषधी गर्दै छन् निको हुन समय लाग्दछ भनि सान्तोना दिन्छन् । चौथो अङ्कमा राजकुमारको मृत्यु हुन्छ । भीमसेनलाई बालहत्याको आरोप लगाई दण्डित भएको खबर कलकत्ता तयार गरेको चिठीमा रणजङ्गले फौजी मुख्तियारी पाएको कुरा लेख्न पठाउँछन् । राजाले रङ्गनाथसँग हामीले दिएको दण्ड कम वा बढी के भयो भनेर सोध्दछन् । रङ्गनाथले धाई र चित्रीसँग कुरा गर्न खोज्दा तिनीहरूलाई बोलाउन पठाउँछन् । धाई र चित्रीले रङ्गनाथलाई चित्त बुझ्दो उत्तर नदिँदा राजा रिसले क्रुद्ध भई त्यहाँबाट खुट्टा बजार्दै हिड्दछन् ।

अङ्क पाँचमा भने राजाको कुनै भूमिका रहेको छैन । अङ्क छमा सभामा राजाले भीमसेनको मुद्दा फैसला गर्न रणजङ्गले तयार पारेका कागत पढी सबैलाई सुनाई

भीमसेनहरू अपराधी हुन् भनेर प्रमाणित गरि रानीलाई सजाय तोक्न लगाउँछन् । कनकसिंहलाई रानीले भनेको कुरा सबै टिप्नू भनि अह्राउँछन् । सभामा सभासद्, रङ्गनाथ र कान्छी रानीले दोषीहरूलाई सभामा ल्याई बोल्न दिनुपर्दछ, कायल गराउनुपर्दछ, तबमात्र राजाले दिने सजाय निष्पक्ष हुन्छ भनि प्रतिवाद गर्दछन् । राजाले सबैका कुरा सनेपछि बाध्य भएर भीमसेनलाई बोलाउन सहमति दिन्छन् । उनी भीमसेनलाई सभामा बोलाई तँ अपराधी होस् भन्दछन् । भीमसेनले के प्रमाण छ भन्दा जेठी रानीलाई देखाई कोखको घाउ बोल्दछ र अर्को तेरो अपराध प्रमाणित गर्न धेरै कागजात र साक्षीहरू भेटिए, त्यसैले जन्मकैदको निर्णय तोकेको हो भन्दछन् ।

राजाले निष्पक्ष रूपमा निर्णय गर्न नसक्दा सभामा दुवै रानी बीच भनाभन हुन्छ । त्यो देखि राजाले रिसाएर यो सारा भष्म पारी दिउँ, म बोलाऊँ भन्दछन् । उनले एकदेवसँग पनि रिसाएर तँलाई जनि मान्छे मारे पनि थोरै हुन्छ भन्दछन् । सभामा सबैले भीमसेनलाई दिएको दण्ड अन्याय भयो भनेपछि राजाले मुद्दा हेर्ने भन्दछन् । राजाले मुद्दा आफै हेर्ने भएपछि रानी डराएर भोलि हेरे पनि हुन्छ आजै किन हतार गर्नु पऱ्यो भन्दछिन् । राजाले कुलराजलाई भोलि भीमसेनलाई बोलाएर ल्याउनु भनि हुकुम दिन्छन् । अनि रानी र रणजङ्गले अर्को षड्यन्त्र रच्न थाल्दछन् । अङ्क सातमा राजाको कुनै पनि कार्यव्यापार छैन ।

अङ्क आठमा राजा भीमसेन घाँटी सेरेर नौ दिनसम्म बाँचिरहेको हुन्छ । त्यहाँ भेट्न जान्छन् र भीमसेनलाई आँखा खोल्न लगाई राजाले म तेरो मुद्दा आफै हेर्ने भनेको थिएँ, तैले किन यस्तो मुर्ख्याई काम गरिस्, तेरो सबै बिराम ठहरिई जन्मकैद भएको भएपनि तँसँग तेरी कान्छी पत्नीलाई सँगै राखिदिने थिए भन्दछन् । भीमसेनले त्यो कुरा सुनि, बोल्न नसकी रणजङ्ग र कुलराजलाई क्रुद्ध भई हेर्दछन् । उनीहरूले राजालाई झुटा कुरा लगाएको सुन्न नसकी दुवै हात पसारेको राजाले देख्दछन् र यो लेखेर केही भन्छ कि भनेर कुलराजलाई कलम र कागत ल्याउन पठाउँछन् तर भीमसेनले त्यो अन्याय सहन नसकी घाँटीको पत्ती र टाँका च्यातेर मर्न खोजेको देखि नाऊहरू तिनलाई बचाउन खोज्दा राजाले भैगो छोडिदे मर्न भन्दछन् । भीमसेनको लास बाहिर बढाएर अब प्रकृतिले नै न्याय गरोस् भन्दछन् । राजालाई एउटा केटाले चिठी दिन्छ त्यो चिठी पढ्न रणजङ्गलाई नदिई हतारिँदै आएका रङ्गनाथलाई दिन्छन् । माथवरसिंहले भीमसेनहरू निर्दोष छन्, उनीहरूलाई जालसाजी गरेर फसाइएको

हो, उनी अन्यायमा नपरुन् र महाराजले पछुतो गर्न नपरोसु भनेर पठाएको चिठी सुनेर माथवरसिंहलाई नै झिकाएर मन्त्री बनाउने निर्णय गर्दछन् ।

माथिका राजेन्द्रका चरित्रमा रहेका अन्तरक्रियाका आधारमा पारस्परिक द्वन्द्वको विश्लेषण गर्न सकिन्छ । भीमसेनसँग राजेन्द्रको सबैभन्दा बढी द्वन्द्व भएको छ भने एकदेव, दुवै पत्नीहरू, रङ्गनाथ, धाई र द्वारे जगत्नैनी र चित्री, सभासद् आदिसँग पनि द्वन्द्व भएको पाइन्छ । यिनले विपरीत विचार, आफ्नै भाग्य वा नियतिसँग पनि द्वन्द्व गर्नु परेको छ नाटकको सुरुदेखि अन्त्यसम्म राजा र भीमसेनको सम्बन्ध अनुकूल-प्रतिकूल किसिमको रहेको पाइन्छ । राजेन्द्र प्रतिकूल शक्तिका रूपमा देखिन्छ भने भीमसेन अनकूल शक्तिका रूपमा देखिन्छन् त्यसैले यी दुबै बीचको सम्बन्ध स्वतः द्वन्द्वात्मक बनेको छ । नाटक सुरु हुनुभन्दा पहिले नै राजाले आफू बालिग भएपछि शासन गर्ने क्षमता नहुँदै शासनसत्ता आफैले सञ्चालन गर्न थालेको र भीमसेन रहेको प्रधानमन्त्रीको अधिकार कटौती गरेर अरुलाई बाडेको पाइन्छ । भीमसेनका विरोधीहरूले भीमसेनका विरुद्धमा राजालाई अनेक कुरा सुनाएकाले राजाले भीमसेनका अधिकार कटौती गर्न थालेका हुन्छन् । राजाले भीमसेनलाई आफ्नो सत्ता कायम गर्न राजा र जेठी रानीलाई मारी कान्छी रानी र नाबालक राजकुमार साथमा राखी राज्यको नायक बन्न चाहन्छन् भनि आरोप लगाउँछन् । राजाले भीमसेनका शत्रुका कुरामा विश्वास गरि दण्डित गर्दछन् । भीमसेन निर्दोष साबति भएर छुटे पनि रणजङ्गले तयार पारेको जालसाजी कागत र साक्षीमा विश्वास गरि पुन : सजाय तोक्न पठाउँछन् ।

सभामा सबैको कुरा सुनेपछि राजा बाध्य भएर आफैँ भीमसेनको मुद्दा हेर्न तयार हुन्छन् राजाले मुद्दा हेर्न नपाई रणजङ्गको नयाँ षड्यन्त्रमा परि भीमसेन सेरिन्छन् । राजा शासन सत्ता सञ्चालन गर्ने अनुभवन नभएका, कुनै कुराको निर्णय गर्न नसक्ने र अरुका कुरामा निर्भर रहने, राज्यको सर्वोच्च शक्ति भएर पनि त्यसको प्रयोग गर्न नसक्ने देखिन्छन् भने भीमसेन राजभक्त, देशभक्त, राज्यसञ्चालनको अनुभव भएका त्यसैले यी दुवैको विचार विपरीत भएकाले वर्गीय द्वन्द्व पनि भएको पाइन्छ । यी दुवैले एक अर्कालाई विश्वास पनि गर्दैनन् । राजाले भीमसेनलाई मन नपराए पनि भीमसेन विना राज्य सञ्चालन गर्न सक्दिैन भन्ने डर पनि छ । राजाले भीमसेनलाई प्रशंसा गर्दछन् तर भीमसेनलाई सत्ताबाट हटाएपछि भने भीमसेनका राम्रा पक्षको कुरा नै गर्दैनन् । राजाको एकदेवसँग पनि द्वन्द्व

भएको पाइन्छ । राजाले बिरामी छोराको उपचार एकदेवबाट गराउन नचाहेपनि अरुको सल्लाहले एकदेवलाई बोलाउन बाध्य हुन्छन् । राजा प्रतिकूल र एकदेव अनुकूल शक्तिका रूपमा देखिएकाले यी दुवैको सम्बन्ध द्वन्द्वात्मक भएको छ । एकपटक निर्दोष भएर छुटेका एकदेव पुन : मुद्दा उल्टाएर दोषी बनाइएका एकदेवलाई राजाले तँलाई जति मान्छे मारे पनि थोरै हुन्छ भनि आक्रोस् व्यक्त गर्दछन् ।

राजाले आफ्ना पत्नीहरूसँग पनि द्वन्द्व गर्नु परेको छ । जेठी पत्नीसँग उनको सम्बन्ध अनुकूल जस्तो भएको छ किनभने दुवै प्रतिकूल चरित्रका हन् । कान्छी पत्नीसँग अनुकूल हुन सक्दैनन् किनभने कान्छीको चरित्र अनुकूल छ । जेठी पत्नीले राजालाई भन्दा बढी रणजङ्गलाई विश्वास गर्दछिन् । कान्छी पत्नी भीमसेनलाई दण्डित गर्ने कुरामा सहमति हुदैनन् । राजाले कुनै पनि महत्त्वपूर्ण काम रङ्गनाथलाई नसोधी गर्दछन् पछि काम ठीक भयो भएन भनि सोध्दछन्, त्यसैले राजाको सम्बन्ध रङ्गनाथसँग अनुकूल-प्रतिकूल किसिमको भएकाले यी दुवैको बीच द्वन्द्व देखिन्छ । राजाले भीमसेनलाई दुवै पटक दण्डित गर्दा रङ्गनाथले त्यसको विरोध गर्दछन् । राजाले सभामा भीमसेन अपराधी हो भने पनि सभासद्हरू भने भीनसेन निर्दोष छन् भनि राजाको विरोध गर्दछन् । राजा धाई र द्वारेसँग पनि रिसाउँछन्, किनभने उनीहरूले भीमसेन अपराधी हुन भनेर भन्न सक्दैनन् । न्याय दिनको लागि राजा सबैको लागि बराबरी हुनुपर्दछ तर राजा त्यस्तो हुन सकेका छैनन् आफ्नी जेठी पत्नी र रणजङ्गका कुरामा पूर्ण विश्वास गर्दछन् ।

राजा बालिग अवस्थामा नै राज्यको शासनसत्ता आफ्नो हातमा लिन्छन् तर राज्य सञ्चालतन गर्ने क्षमता उनमा अभाव छ । उनले कुनै पनि कार्यको निर्णय आफै गर्न सक्दैनन्, कुन राम्रो र नराम्रो पनि छुट्याउन नसकी सबैलाई समान व्यवहार गर्दा भीमसेनका शत्रु बढेका छन् । राजा भीमसेनलाई चौसल्ला बकस र रणजङ्गलाई सर्वस्वफिर्ता गर्दछन् र दुवैका बीच द्वन्द्व झन् चर्कन्छ । भीमसेन चीनको राजदूत भएर देशको सेवा गर्ने कुरा राजा समक्ष व्यक्त गर्दछन् । राजाले तँ विना राज्य सञ्चालन गर्न असम्भव छ भनि उनको प्रशंसा गर्दछन् र पहिला छोरालाई उपचार गरी निको बनाउनु पछि विचार गरौंला भन्दछन् तर छोराको मृत्यु हुन्छ । रणजङ्गका कुरामा विश्वास गरी निर्दोष भीमसेनहरूलाई दण्डित गर्दछन्, पछि निर्दोष भनि छुटेपछि रणजङ्गले पुन : मुद्दा उल्टाएर थुनेपछि जन्मकैदको निर्णय गर्न लगाउँछन्, चारैतिरबाट यसको विरोध हुन्छ, फेरी राजा आफैले मुद्दा

हेर्ने निर्णय गरेपछि रणजङ्गले अर्को षड्यन्त्र रच्न सुरु गर्दछन् र भीमसेनलाई सेरिन बाध्य बनाउँछन् । राजाले विषम परिस्थिति र नियतिसँग द्वन्द्व गर्नु परेको छ ।

### ३.३.३.३ अन्य पात्र र राजेन्द्रको चरित्र

पहिलो अङ्कमा कान्छा राजकुमारको पास्नीमा कान्छी रानीले भीमसेनलाई चौसल्ला बकस दिन पठाउँछिन् भने उता जेठी रानीले पनि रणजङ्गलाई सर्वस्वफिर्ता दिन भन्दछिन् । राजाले दुवै रानीले भनेको मान्दछन् । रणजङ्ग र भीमसेन बीच शत्रुता बढ्दछ । दोस्रो अङ्कमा भीमसेनले एकदेवालाई तिमीले राजवैद्य भएर तीस वर्ष काम गरे पनि राजाबाट कहिल्यै जस पाउन सकेनौं, अरुका कुरा सुनेर राजाले तिम्रो औषधी सेवन नगरे पनि राजकुमारको उपचार गर्नुपर्दछ भनि उनलाई सम्झाउँछन् । पाँचौं अङ्कमा चौसठ्ठी वर्ष सम्म निमेकको सोझो पारेका भीमसेनको यस्तो अवस्था देखेर सिपाहीहरूले जागिर छोडेर हिडदछन् । राजाले अरुका कुरामा विश्वास गरेर भीमसेनलाई दण्डित गरेको देखि अप्रत्यक्ष रूपम भए पनि राजाकै विरोध गर्दछन् । छौटौं अङ्कमा रङ्गनाथले सभामा बोलाएर भीमसेनहरूलाई कायल गराउनु पर्छ, अनि मात्र दण्ड दिनुपर्दछ भनि राजासँग कुरा गर्दछन् । राजालाई न्यायपूर्ण निसाफ गर्नुपर्दछ भनि आग्रह गर्दछन् । राजाले पत्नीका कारण निष्पक्ष रूपमा निसाफ गर्न सक्दैनन् । भीमसेनले राजालाई एउटाको भर पर्दा अन्याय हुन्छ, त्यसैले महारानी दुवैलाई काँटाका दुइ थाल बनाएर आफू मूल खम्बा भई निष्पक्ष जाँच गर्नुपर्दथ्यो भनि यसो भन्दछन् :

राजाले त प्रजा सबै
पुत्र सम्झी सबैमाथि समान हुनुपर्दथ्यो !
कसरी साख भो पाँडे, थापा किन कुसाख भो ?
साङ्ग्रो मन हुँदो हो त महापुरुषको अगि
नेपाल कसरी जम्थ्यो यस्तरी ? (पृ. ९१)

भीमसेनले राजालाई निष्पक्ष रूपमा न्याय दिन नसके भोलि पछुताउनु पर्ला भनि त्यहाँबाट बाहिर निस्कन्छन् । सातौं अङ्कमा तिलङ्गाले भीमसेन भएको कोठामा आएर हिजो काजीलाई यता ल्याएपछि दरवारमा धूमधाम भयो भन्ने सुनियो । आज फेरि काजीलाई डाक्ने भन्ने सुनेको छु । भीमसेनले अब फेरि डाकेर पूर्पक्ष गर्लान् र बरु ज्यानै लिनलाई

डाके मात्रै हो भन्दछन् । तिलङ्गाले हिजो के भो भनि सोध्दा भीमसेनले ढुङ्गाका मूर्ति अगाडि गएर नमस्कार र प्रार्थना गरियो, महाराजको मनमा न्याय आउन खोज्दा जेठी महारानीले त्यसको विरोध गर्थिन् भन्दछन् ।

यी माथिका अन्तरक्रियाका आधारमा राजेन्द्रको चरित्रलाई हेर्दा राजाले आफ्नै मनले नबुझि कान्छी रानीले गुन कहिल्यै विसर्न हुँदैन भनि राजालाई सम्झाई चौसल्ला बकस दिन पठाएर मात्र दिएका हुन् राजाले एकदेवको औषधीमा पनि विश्वास गर्दैनन् अरुले सम्झाएर मात्र एकदेवसँग छोराको उपचार गराउन पठाउँछन् । उनले रणजङ्ग र जेठी पत्नीको कुरामा विश्वास गरि निष्पक्ष रूपमा न्याय दिन सक्दैनन् । राजा आफू दह्रो भई दुवै पत्नीहरूलाई बराबरीमा राख्न नसक्दा प्रजालाई पक्षपाती रूपमा हेर्ने गरेको देखिन्छ । यही प्रतिूल चरित्रले गर्दा नाटक द्वन्द्व समाधान हुन नसकी दुःखान्तमा परिणत हुन्छ ।

### ३.३.३.४ राजेन्द्रको दुःखान्त चरित्र

राजेन्द्रको चरित्रलाई हेर्दा उनि चारित्रिक एकरूपता, उच्च वर्ग, जीवनानुरपता पात्रका रूपमा देखा पर्दछन् । नाटकको सुरु देखि अन्त्य सम्म उनले गरेको कार्य प्रतिकूल चरित्रको देखिन्छ । उनको प्रतिकूल चरित्रले गर्दा भारदारहरूमा ठूलो द्वन्द्व भएको पाइन्छ । सत्ता र शक्तिको लागि अनेकौं षड्यन्त्रहरू रचेको देखिन्छ, त्यही षड्यन्त्रमा विश्वास गरि एकदेव जस्ता परोपकारी वैद्य र भीमसेन जस्ता राजभक्त, देशभक्त र स्वाभिमानी प्रधानमन्त्रीलाई बालहत्याको अभियोग लगाई दण्डित गरिन्छ । सभामा यसको विरोध गरेपछि राजा आफैले मुद्दा हेर्ने निर्णय गर्दछन् र रणजङ्गले अर्को षड्यन्त्रको रचना गरि भीमसेनलाई सेरिन बाध्य बनाउँछन् । राजाले निष्पक्ष रूपमा मुद्दा नहेर्दा यो नाटक दुःखान्तमा परिणत भएको छ । यसको प्रमुख कारण राजा नै हुन् । राजको निर्णयहीनता, पक्षपातीपन, हृदयहीनता, शासकीय असक्षमता, विवेक हीनता आदिको कारणले नाटक दुःखान्तमा परिणत भएको हो ।

## ३.३.४ दुःखान्त नाटकमा द्वन्द्वगत विशेषता

यो नाटक प्रतिकूल शक्ति र अनुकूल शक्तिका रूपमा देखा परेको छ । अनुकूल शक्तिका रूपमा देशभक्त, राष्ट्रप्रेमी, निस्वार्थी, मिलनसार आदिलाई हेर्न सकिन्छ भने

षड्यन्त्रमुखी, स्वार्थी, प्रतिशोधी, सत्तालोलुप आदिलाई प्रतिकूल शक्तिको रूपमा हेरिन्छ । यी दुवै पक्षबीच पारस्परिक द्वन्द्व भएको छ यहाँ पात्रहरूको आन्तरिक द्वन्द्व र पारस्परिक द्वन्द्व समान रूपमा प्रस्तुत भएको पाइन्छ । यस नाटकका प्रमुख पात्रहरू, भीमसेन, रणजङ्ग र राजेन्द्र हुन् । भीमसेन अनुकूल चरित्रका रूपमा देखा पर्दछन् भने रणजङ्ग र राजेन्द्र प्रतिकूल चरित्रका रूपमा देखा पर्दछन्, जसले गर्दा द्वन्द्व एक अर्कामा चर्किदै गएको छ । एक पक्षले यो द्वन्द्व चर्काउने र अर्को पक्षले द्वन्द्वलाई साम्य पार्ने प्रयास गरेको देखिन्छ । यो नाटकलाई पारस्परिक द्वन्द्वका दृष्टिले हेर्दा राजा र प्रधानमन्त्री पाँडेखलक र थापाखलक वा बापवैरी भारदाहरू, सौता, सौता र तिनका पक्षधरहरू, राजा र बैद्य, षड्यन्त्रकारी र सत्यवादी पक्ष आदिका बीचमा द्वन्द्व भएको पाइन्छ ।

प्रवृत्तिगत द्वन्द्वका दृष्टिले हेर्दा छलकपट, जालखेल, आवेग, षड्यन्त्र, पद लोलुपता, दरबारिया, जालझेल। चारित्रिक अनैतिकता, न्यायहीनता, राजभक्ति, देशभक्ति, शासनसत्ताप्रतिको मोह, मिलनसारिता, त्याग, इमानदारिता, बलिदान, निःस्वार्थता, विवेक आदिका बीचमा द्वन्द्व भएको पाइन्छ । यी द्वन्द्वहरूले नै पात्रहरू स्वाभाविक, गतिशिल, दुःखान्तीय र कारुणिक बनेका छन् । यस नाटकलाई भीमसेन, राजेन्द्र र रणजङ्ग बीचको त्रिकोणात्मक द्वन्द्वले गर्दा दुःखान्तमा परिणत भएको छ । भीमसेन पहिले जस्तै राजा र देशको सेवा गर्न चाहे पनि राजाले भीमसेनको अधिकार कटौटी गरि आफै लिई अरुलाई बाँड्दछन् । राजाले रणजङ्गलाई सर्वस्वफिर्ता दिन्छन् । रणजङ्गले राजाबाट सर्वस्वफिर्ता पाएपछि शक्तिशाली भई भीमसेनसँग बदला लिन थाल्दछन् । यसरी विपक्षीय द्वन्द्व बढ्दै गएपछि राजा र रणजङ्ग एकातिर र भीमसेन अर्कातिर भएर एक आपसमा द्वन्द्व चर्किदै गएको छ । रणजङ्ग भीमसेनलाई खतम पार्ने कुरामा लागि भीमसेनसँग बदला लिन्छ् । यस द्वन्द्वले प्रतिकूल पात्रलाई पक्षपाती, पूर्वाग्राही, विवेकहीन, प्रतिशोधी, दुःखान्तकारक बनाएको छ भने अनुकूल पात्रलाई कारुणिक, सहानुभूतियोग्य दुःखान्त बनाएको छ। प्रतिकूल सहायक पात्रहरूले देशभक्त, इमान्दार, राजभक्त, कर्तव्यनिष्ठ र स्वाभिमानी व्यक्तिलाई अवरोध गरि विनाशका मुखमा पुऱ्याउने कार्यमा सहयोग गरेको देखिन्छ भने अनुकूल सहायक पात्रहरूले भीमसेनका जीवनमा आएका बाधालाई हटाउने प्रयास गरेका छन् ।

यस नाटकमा प्रमुख पात्रहरू इद, अहम् र उच्च अहम्, चेतन र अचेतन मन बीको द्वन्द्व, कुण्ठा, अनुकूल - प्रतिकूल, अनुकूल -अनुकूल र प्रतिकूल-प्रतिकूल बीच द्वन्द्व भएको

पाइन्छ । यी द्वन्द्वले नै उनीहरूलाई स्वाभाविक र जीवन्त बनाएको पाइन्छ । प्रमुख पात्रहरूका विपरित इच्छा, आकाङ्क्षा, अभिरुचि, स्वभाव नै यस द्वन्द्वका प्रमुख कारक बनेको पाइन्छ । अनुकूल चरित्रको हार वा पतन र प्रतिकूल चरित्रको जित भएकाले नाटक त्रासद्, कारुणिक र दुःखान्त बनेको छ । नाटककारले संसार जालीको रङ्गशाला र भलाको अग्निकुष्ठ हो भनेर दुःखान्तको कारक नियति हो भनेका छन् । यो नाटक द्वन्द्वका कारण दुःखान्तमा परिणत भएको छ ।

### ३.४ परिवेशमा द्वन्द्व

**भीमसेनको अन्त्य** नाटक नेपालको राजनीतिक इतिहासमा आधारित भई भीमसेनको आत्महत्यालाई विषय बनाएर लेखिएको नाटक हो । यो नाटक देशभक्त, राजभक्त र स्वार्थी, निर्दयी बीचको द्वन्द्वमा मुछिएको छ । यस नाटकको परिवेश काठमाडौंको हनुमानढोका राजदरबारमा र काठमाडौंका केही ठाउँमा भएको पाइन्छ । यो नाटक राजा र भारदारहरू बीचको द्वन्द्वमा आधारित छ । यो नाटक वि. सं. १८९४ श्रावणदेखि १८९६ सम्म भीमसेनले के कस्ता विपरित परिस्थितिसँग सामना गर्नु पर्‍यो र कसरी आत्महत्या गर्न बाध्य भए भन्ने कुराको बारेमा प्रस्तुत गरिएको परिस्थितिगत परिवेश हेर्दा नेपालको राजनीतिमा भारदारहरूबीच मनमुटाव बढेको षड्यन्त्र चल्न थालेको सत्ता र शक्ति प्राप्त गर्न गुटबन्दी बनेको, राजाले देशको शासनभार राम्ररी चलाउन नसक्नु, रानीहरूले भारदारहरूलाई आ-आफ्नो पक्षमका पारी पक्ष बलियो बनाई शासनमा आफ्नो प्रभुत्व जमाउने प्रयास गर्नु, विदेशी शक्तिसँग युद्ध गर्न नसकी सन्धि गर्न बाध्य हुनु, यो नाटकमा नेपालमा बेलायति सिको गरी सैनिकसेवामा परिवर्तन गरिएको, ईर्ष्या र द्वेष बढी जातिय एकता कमजोर हुदै गएको आदि परिस्थितिका सङ्केत हुन् । कान्छा राजकुमारलाई हत्या गरेको आरोप लगाई भीमसेन थापालाई हटाएर दण्ड सजाय तोकिन्छ । रणजङ्गले भीमसेनसँग आफ्नो बाबु काटेको बदला लिन दाउ हेरेर बसेका थिए । जेठीरानीको चाकरी गरी राजाबाट सर्वस्वफिर्ता पाइ भीमसेनसँग बदला लिन राजकुमारको मृत्युलाई आधार बनाउँछन् र मसँग बदला लिन भीमसेनले राजकुमारको हत्या गर्न लगाएको हो भनि भीमसेनलाई आरोप लगाउँछ । राजाले भीमसेनलाई म र जेठीरानीको हत्या गरेर राजकुमारलाई राजगद्दीमा राखी पहिले जस्तै आफैं शासन गर्न खोज्दछस् भनि आरोप लगाउँछन् ।

त्यस्तै राजा र रणजङ्ग दुवैले भीमसेनको राजनीतिक व्यक्तित्व नष्ट गरि थुनामा राख्दछन् । कान्छी रानी र रणजङ्गले छुट्नलाई सहयोग गरे पनि रणजङ्ग सत्तामा पुग्नेवित्तिकै मुद्दा उल्टाएर फेरी भीमसेनलाई थुनाउँछन् । जालसाजी कागजात र साक्षी तयार पारी अपराधि हो भनि दण्डसजाय तोक्दछन् तर कान्छी रानी, रङ्गनाथ र सभासद्हरूले विपक्षीलाई कायल नगरी दण्ड सजाय तोक्न हुदैन भनि विरोध गर्दछन् । भीमसेनले सभामा आई त्यो जालसाजी कागत सही नभएको कुरा बताएपछि राजा बाध्य भएर मुद्दा आफै हेर्ने निर्णय गर्दछन् । तर जेठी रानी र रणजङ्गले अर्को षड्यन्त्रको रचना गरि भीमसेनलाई सेरिन बाध्य बनाउँछन् । यी सबै विपरीत परिस्थितिबाट षड्यन्त्रकारी, प्रतिशोधात्मक र अन्योलपूर्ण राजनीतिक परिवेश प्रस्तुत भएको पाइन्छ । यो नाटकको वातावरण त्रासद, कारुणिक, दुःखान्त छ । पहिलो अङ्कमा राजा रानी छोराको पास्नीमा खासै खुसी देखिदैनन् । राजालाई कसरी आफै शासन गर्ने भन्ने चिन्ता छ भने रानीलाई कसरी आफ्नो पक्ष बलियो बनाउने भन्ने तिर लागेको देखिन्छ । रणजङ्गहरू भीमसेनसँग प्रतिशोध गर्न भनि दाउ हेरि बसिरहेका छन् । भीमसेनले शत्रुहरूले प्रश्रय पाउन थालेको देखेर दुःखीत भएका छन् । दोस्रो अङ्कको वातवारण पनि अविश्वासमा आधारित भएको छ ।

तेस्रो अङ्कमा षड्यन्त्र र कान्छा राजकुमारको मृत्यु हुन लागकाले वातावरण त्रास र दुःख हुन लागेको छ । चौथो अङ्कमा कान्छा राजकुमारको मृत्युले राजा रानी शोकमा परि भीमसेनजस्ता बिना अपराधी दण्डित हुन परेको छ भने भाजुमानको मृत्यु भइसकेको हुनाले वातावरण त्रासपुर्ण भएको छ । पाँचौ अङ्कमा भीमसेनहरू निर्दोष भई छुटेपनि रणजङ्ग सत्तामा पुगेपछि मुद्दालाई उल्टाएर पून : थुनामा राख्दछन् र सिपाही भीमसेनको अन्याय सहन नसकी जागिर छोड्दछन् ।

छैटौं अङ्कमा अत्यन्त द्वन्द्वपूर्ण वातावरण सिर्जना भएको छ । विपरीत पक्षहरूसँग आरोप, झै झगडा भनाभनले वातावरण त्रासद र दुःखद भएको छ । सातौं र आठौं अङ्कमा निरासपूर्ण विनाशको वातावरण सिर्जना भएको छ । त्यसैले यो नाटकमा सम्पूर्ण परिवेश द्वन्द्वपूर्ण भई दुःखान्तमा परिणत भएको छ । यही परिवेशका कारण वातावरण दुःखान्त बनेको छ ।

## ३.५ निष्कर्ष

समको **भीमसेनको अन्त्य** नाटक २०१२ सालमा लेखेर २०१३ सालमा मुद्रित भएर प्रकाशन हुन नसकेको र २०२८ सालमा आएर मात्र प्रकाश भएको नाट्यात्राको तेस्रो चरणको उल्लेख्य कृति हो । यो नाटक द्वन्द्वका दृष्टिले उच्च कोटीको नाटक हो । यो नेपालको ऐतिहासिक र राजनीतिक यथार्थमा आधारित ऐतिहासिक नाटक हो । यो नाटकमा दरबारिया षड्यन्त्र र भारदारहरूको वैरीसाधना बनाएर दरबारका दुई ठूला भारदार थापा र पाँडेबीचको झगडालाई देखाइएको छ । भीमसेन झगडा नगरी मेलमिलाप गर्न खोज्दछन् भने पाँडेहरू वैरीसाधना गरी प्रतिशोध लिन चाहन्छन् । त्यसैले यो नाटक द्वन्द्व भई दु:खान्तमा परिणत भएको छ । यो नाटकको कथानक आठ अङ्कमा विभाजित भएको छ । पहिलो अङ्कमा द्वन्द्वको परिचय र आरम्भ भएको छ भने दोस्रो र तेस्रो अङ्कमा द्वन्द्वको विकार भएको छ । यिनीहरू आदि भागअन्तर्गत पर्दछन् । यसमा द्वन्द्वको आरम्भ र विकासको अवस्था देखापरेको छ । चौथो, पाँचौ र छैटौ अङ्क मध्यमाग द्वन्द्वको चरमोत्कर्षको अवस्था देखापरेको छ । सातौं र आठौं अङ्क अन्त्यभागको सङ्घर्षह्रास र उपसंहारको अवस्था देखापरेको छ ।

यस नाटकको पहिलो अङ्कमा पात्र र विषयको परिचय गराउनुका साथै विषय र द्वन्द्वको आरम्भ भएको छ । भीमसेनसँग बदला लिन दाउ हेरेर बसेका बापवैरी रणजङ्ग र कूलराजसँग कान्छा राजकुमारको पास्नीमा भीमसेनको भेट हुनु, कान्छी रानीले राजालाई पास्नीमा चौसल्ला बकस दिन आग्रह गर्नु, जेठी रानीले रणजङ्गहरूलाई सर्वस्वफिर्ता दिन पठाउनु, भीमसेन शत्रुता बढेको देखि आफु चीनकोराजदूत भई जाने आग्रह गर्नु, तहिले चीत्त दुखाइस् तलाई हल्काको लागि मात्र काम बाडेको हो कान्छा राजकुमारको उपचारपछि चीनको राजदूत बनाउने कुरामा विचार गरौंला भन्दछन् । यहाँ राजा र प्रधानमन्त्री, रणजङ्ग, कुलराज र भीमसेन, जेठीरानी र भीमसेन, जेठी रानी र कान्छी रानी बीच द्वन्द्व सुरु भई करुणा, त्रास, र द्वन्द्वको आरम्भ हुन्छ । दोस्रो अङ्कमा एकदेवले दरबारबाट अपजस भएको हुँदा कान्छा राजकुमारको उपचार गर्न नजाने निर्णय गर्दा भीमसेनले जीवन र मृत्युको भन्दा आफ्नो हितको लागि राजी बनाएर ल्याउँछन् । तेस्रो अङ्कमा कान्छा राजकुमारको बिरामी अवस्थामा चिन्तित भएका राजा रानीलाई एकदेवले दवाई गरेपछि निको हुन्छ भनि आश्वासन दिन्छन् । कुलराजले जगत्नैनीलाई अरु कसैले नभन्नु भनि जेठी रानीको शत्रु

भीमसेन र एकदेवले कान्छा राजकुमारलाई उपचार गर्ने क्रममा विष दिन सक्छन् । राजकुमारलाई केही भयो भने उनीहरूलाई निर्मूल पार्नु पर्दछ भनि झुटो कुरा गर्दछ । भीमसेनलाई अपराधी बनाउन षड्यन्त्र रच्नु, भीमसेन, एकदेव र भाजुमानले औषधी ख्वाउन खोज्दा जगत्नैनीले शङ्का गरी रोक्नु र रुदै हिड्नु यसमा कुलराजको षड्यन्त्र सफल हुने सङ्केत देखा पर्दछ । त्यसैले कूतुहलता, त्रास र करुणा प्रकट भएको छ ।

चौथो अङ्कमा रणजङ्गहरूले कान्छा राजकुमारको मृत्युलाई आधार बनाई भीमसेन, एकदेव र भाजुमानलाई थुनाई राजाबाट दण्ड सजाय तोक्न पठाउनु, राणजङ्गले फौजी मुख्तियारी प्राप्त गर्नु रणजङ्गले भीमसेनहरूलाई कायल गराएर मात्र दण्ड सजाय दिन पठाउनु । पाँचौ अङ्कमा निर्दोष सावित भई छुटेका भीमसेनलाई आफू सत्तामा पुगेपछि पुन मुद्दा उल्टाएर फेरी दण्ड सजाय तोक्न लगाउँछ । छैटौं अङ्कमा राजाले रणजङ्ग र जेठी रानीले तयार पारेको जालसाजी कागत र साक्षीहरूमा विश्वास गरी भीमसेन अपराधी सावित गरि जेठी रानीलाई सजाय तोक्न पठाउँछन् । रङ्गनाथले भीमसेनलाई सभामा बोल्न नदिई दण्ड दिँदा न्याय निष्पक्ष हुन सक्दैन भनेपछि राजाले भीमसेनलाई बाध्य भएर बोलाउन पठाउँछन् । सभामा आएका भीमसेनलाई राजा, रणजङ्ग र जेठीरानीले राजद्रोह, देशद्रोह र बालहत्याको आरोप लगाउँदा भीमसेनले के प्रमाण छ भन्दछन् ।

सभामा सबैले भीमसेन माथि अन्याय भयो भनेपछि राजा बाध्य भएर मुद्दा आफै हेर्ने निर्णय गर्नु सातौं अङ्कमा भीमसेनले कुलराजको कुरामा विश्वास गरि सेरिन बाध्य हुन्छन् । आठौं अङ्कमा रणजङ्ग भीमसेन माथि गरेको षड्यन्त्रको बारेमा सबै कुरा माथवरले थाहा पाउँछन् कि भनेर चिन्ति हुनु, नौ दिनसम्म मर्न नसकेका भीमसेनलाई राजा हेर्न आउँदा रणजङ्गले नभएको झुटो कुरा गरेको सुनेर उनी सहन नसकी घाँटीको पत्ती च्यात्तचुत्त पारि मर्दछन् । यहाँ सबै प्रकारका द्वन्द्वको अवसान भएको छ । यो नाटकको कथानक द्वन्द्वले कुतुहलता, विकासशील, परिणाममुखी र दुःखान्त बनेको छ । यो ऐतिहासिक नाटक हो । यस नाटकको कथानक ऐतिहासिक र राजनीतिक घटनामा आधारित रहेको छ । यस नाटकमा भीमसेन थापाको जीवनमा आइपरेको राजनीतिक सङ्कटलाई प्रस्तुत गरिएको छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

पहिलो परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सिमाङ्कन, शोधविधि, सामाग्री सङ्कलनविधि, शोधपत्रको रूपरेखा जस्ता विषयमा चर्चा गरिएको छ ।

दोस्रो परिच्छेदमा द्वन्द्वको परिचय, द्वन्द्वको पूर्वीय र पाश्चात्य मान्यता अनुसार परिभाषा, द्वन्द्व आन्तरिक र बाह्य गरी दुई प्रकारका छन् । आन्तरिक द्वन्द्वको सम्बन्ध मनसँग हुन्छ । यसमा पात्रहरूबीचको मानसिक प्रक्रियासँग आन्तरिक द्वन्द्वको सम्बन्ध रहेको पाइन्छ भने बाह्य द्वन्द्वको सम्बन्ध भौतिक जगतसँग रहेको छ । त्यसैगरी नाटकमा पूर्वीय, पाश्चात्य र नेपाली गरी तीन प्रकारका द्वन्द्व प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा समको **भीमसेनको अन्त्य** नाटक महत्त्वपूर्ण मानिन्छ । यो नाटक ऐतिहासिक र राजनीतिमा आधारित भएको छ । यो राजनीतिक रूपमा दरबारिया शासनशत्तामा आधारित द्वन्द्व प्रधान नाटक हो । यो नाटक दरबारिया र भारदार बीचको द्वन्द्वमा आधारित छ । यो नाटकको द्वन्द्व राजा र भीमसेन, रणजङ्ग र भीमसेन, जेठीरानी र भीमसने, जेठी रानी र कान्छी रानीका बीचमा द्वन्द्व भएको देखिन्छ । एकले अर्कालाई आरोप लगाउने गरेको पाइन्छ । यो आठ अङ्कको विभिन्न पात्रहरू बीचमा भएको द्वन्द्वको बारेमा प्रस्तुत गरिएको छ । भीमसेन र रणजङ्ग बीच प्रतिशोधको द्वन्द्व भएको पाइन्छ । यो द्वन्द्व सत्ता लोलुपकोबारेमा भएको छ । बाह्य र आन्तरिक दुवै किसिमको द्वन्द्व प्रस्तुत गरिएको छ । यस नाटकमा बाह्य द्वन्द्व नै प्रमुख र प्रभावकारी रूपमा देखा परेको पाइन्छ । यस नाटकमा बाह्य द्वन्द्वले भन्दा आन्तरिक द्वन्द्वले विशेष महत्त्व पाएको छ । यहाँ सत्य र शक्ति बीचको द्वन्द्व भएको छ ।

## ४.२ निष्कर्ष

समको **भीमसेनको अन्त्य** नाटक २०२८ सालमा प्रकाशित भएको नेपालको ऐतिहासिक र राजनीतिक यथार्थमा आधारित रहेको पाइन्छ । यस नाटकमा दरबारिया षड्यन्त्र र भारदारबीचको द्वन्द्वलाई विषय बनाइएको छ । यो नाटकको कथानक आठ अङ्कमा विभाजित छ । पहिलो, दोस्रो र तेस्रो अङ्क आदि भाग, चौथो, पाँचौ, छैटौं अङ्क मध्यभागमा र सातौं र आठौं अङ्क अन्त्य भागमा पर्दछन् । पहिलो अङ्कमा कान्छा राजकुमारको पास्नीमा भीमसेनको भेट बापवैरी रणजङ्ग र कुलराजसँग हुनु, राजाले कान्छी रानीको आग्रहमा भीमसेनलाई चौसल्ला बकस र जेठी रानीको आग्रहमा रणजङ्गलाई सर्वस्वफिर्ता गर्नु, राजाले भीमसेनको अधिकार कटौती गरेकाले भीमसेन चीनको राजदूत भएर देशको सेवा गर्ने इच्छा व्यक्त गर्नु, राजाले कान्छा राजकुमारलाई निको भएपनि त्यसमा विचार गरुला भनि आश्वासन दिनु यसमा द्वन्द्वको आरम्भ भएको छ । दोस्रो अङ्कमा भीमसेनले एकदेवलाई फकाएर औषधी गर्न पठाउँछन् ।

तेस्रो अङ्कमा एकदेवले दवाई गरेपछि बिरामीलाई निको हुन्छ भन्ने कुरामा विश्वास गर्दछन् । कुलराजले जगत्नैनीलाई जेठी रानीका शत्रु भीमसेनहरूले राजकुमारलाई विष खुवाउन सक्छन् राजकुमारलाई केही भयो भनि तिनीहरूलाई निर्मूल पार्नु पर्दछ भनेर झुटो पड्यन्त्र गर्न थाल्दछन् । भीनसेनले राजकुरमालाई औषधी खुवाउन खोज्दा जगत्नैनीले शङ्का गरी रुँदै हिड्नु, चौथो अङ्कमा राजकुमारलाई विष खुवाएर मारेको अभियोग लगाई भीमसेन, एकदेव र भाजुमान थुनि दन्डित गर्नु, रणजङ्गले फौजी मुख्तियारी पाउनु, रङ्गनाथले पाँडे र थापाहरूको कलहले देश सङ्कटमा पार्ने कुरा गर्दा कान्छी रानीले न्यायका लागि लड्ने आश्वासन दिनु ।

पाँचौ अङ्कमा भीमसेन निर्दोष भएर छुटे पनि रणजङ्ग सत्तमा पुग्ने वित्तिकै पुरानो मुद्दा उल्टाएर पुन : थुनामा राख्दछन् । भीमसेनहरूलाई अन्यायमा परेको देखि सिपाहीहरू जागिर छोड्न बाध्य हुन्छन् । छैंटौं अङ्कमा सभामा राजाले रणजङ्ग र जेठी रानीले बनाएको जाली कागजात साक्षीमा विश्वास गरी रानीलाई दण्ड तोक्न पठाउँछन् । सभामा भीमसेनमाथि अन्याय भयो भनि सबै जना कराउँदा राजा बाध्य भएर मुद्दा आफै हेर्ने निर्णय गरेपछि जेठी रानीले भोलि भनेर रोक्नु, रणजङ्गले अर्को नयाँ षड्यन्त्र रचेर भीमसेनलाई सिध्याउन खोज्दछन् । यो द्वन्द्वको चरमोत्कर्षको अवस्था हो । अन्त्य भागको सातौं अङ्कमा

कुलराजले भीमसेनलाई तपाईकी पत्नीले जेठीरानीसँग बाझेको आरोपमा तपाई र तिलङ्गाका अगाडि टुडिखेलमा नाङ्गै पारेर नचाउने भएका छन् भनेर झुटो कुरा गर्दछ र सहानुभूति प्रकट गर्दछ । भीमसेनले कुलराजको कुरामा विश्वास गरि आफ्नो इज्जत जोगाउन र पत्नी, राजा र देशको इज्जत जोगाउनको लागि आत्महत्या गर्ने निर्णय गरी झ्यालको सिसाले घाँटी सेरीन पुग्दछन् । यसले कथानकलाई सङ्घर्षह्रासको अवस्थामा पुऱ्याएको छ ।

आठौं अङ्कमा रणजङ्गले भीमसेन माथि गरेको षड्यन्त्र सफल भए पनि त्यसको बारेमा माथवरसिंहले थाहा पाए कि भनेर चिन्तित भएका छन् । नौ दिनसम्म बाचिरहेका भीमसेनलाई भेट्न गएका राजालाई रणजङ्गले भीमसेनले गरेको अपराध नलुक्ने भयो भनेर सेरिएका हुन भनेर आरोप लगाउँछन् । यो सुनेर भीमसेनले त्यसको विरोध गर्न नसकी घाँटीको पत्ती र टाँका च्यातचुत पारी भीमसेन मर्दछन् । माथवरसिंहले राजालाई निर्दोष भीमसेनलाई दण्ड दिएर पछुताउनु पर्ला भनेर पठाएको पत्र सुनी देश चलाउन उनैलाई बोलाउने निर्णय गर्दछन् । यसले कथानक र द्वन्द्वको पनि अवसान र अन्त्य भएको छ । करुणा र त्रास भएकाले नाटक दु:खान्तमा परिणत भएको छ । यो नाटकको कथानक द्वन्द्वले नै कुतुहयुक्त भएको छ । यो नाटक भारदारका बीच एक आपसमा भएको झगडाले नेपाल अप्ठ्यारो अवस्थामा पुगेको र नेपालको देशभक्त सपूतको विनाश भएको कुरालाई नाटकले प्रस्तुत गरेको छ । १८९४ देखि १८९६ सालसम्मको अवधिमा भीमसेन थापाका जीवनमा आएका सङ्कटलाई देखाउने ऐतिहासिक विषयमा लेखिएको कथानक पूर्ण र विश्सनीय छ । रणजङ्गको वैरीसाधना सफल भएको छ । राजनीतिक षड्यन्त्र र पक्षपातहीनता, शत्रुता र मित्रता जस्ता दुई विपरीत विचारलाई द्वन्द्वात्मक रूपमा प्रस्तुत गरिएको छ । यो नाटक अनुकूल शक्ति र प्रतिकूल शक्तिबीचको द्वन्द्व हुँदा प्रतिकूल द्वन्द्वले जितेर यो नाटक दु:खान्त बनेको छ । द्वन्द्वका दृष्टिले पहिलो, तेस्रो, छैंटौं, सातौं र आठौं अङ्क महत्त्वपुर्ण मानिन्छ ।

नेपालकको तत्कालीन षड्यन्त्रपूर्ण दु:खत राजनीतिक अवस्थालाई बुझाएको छ । यस नाटकका प्रमुख पात्रहरु भीमसेन, राजेन्द्र र रणजङ्ग हुन् । भीमसेन अनुकूल चरित्रका रूपमा देखिन्छन् भने राजेन्द्र र रणजङ्ग प्रतिकूल चरित्रका रूपमा देखिन्छन् । राजेन्द्रमा उच्चाहम्, व्यक्तिगत कुण्ठा र द्वन्द्व बढी मात्रामा पाउन सकिन्छ । उनमा अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल र अनुकूल र प्रतिकूल द्वन्द्व पाउन सकिन्छ । राजेन्द्रको भीमसेन, रङ्गनाथ र कान्छीरानीसँग पारस्परीक द्वन्द्व छ । राजेन्द्रले विषम परिस्थिति र नियतिसँग पनि द्वन्द्व गर्नु

परेको छ । त्यसैले उनको चरित्र स्वाभाविक, गतिशील र जीवन्त बनेको छ । भीमसेन प्रमुख पात्र हुन् । उनीमा जीवनमूल र मृत्युमूल प्रवृत्तिबीच द्वन्द्व भएको पाइन्छ । भीमसेनमा उच्चाहम् प्रवाह भए पनि अन्तर्द्वन्द्वगत कुण्ठा पनि पाउन सकिन्छ । भीमसेनले रणजङ्ग, राजेन्द्र, र जेठीरानीसँग पारस्परिक द्वन्द्व गर्नु परेको छ । भीमसेनले पत्नी, राजा र देशको लागि आत्मघात गरेका छन् । उनी सोभ्रा र स्वाभिमानी भएकाले उनको चरित्र सहानुभूतियोग्य छ । रणजङ्ग भीमसेनका बापवैरी हुन् र उनमा प्रतिशोधको भावना जागृत भएको छ । रणजङ्गमा अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल र अनुकूल-प्रतिकूल द्वन्द्व पाउन सकिन्छ । रणजङ्गमा हीनताग्रन्थि भएकाले अर्कालाई दोष लगाएर आफ्नो दोष लुकाउन खोज्दछ । रणजङ्ग भीमसेन, रङ्गनाथ, कान्छी रानी र राजासँग द्वन्द्व गर्दछ । यी सबैले नै उनको चरित्र स्वाभाविक, गतिशील र जीवन्त बनेको छ । उनी स्वार्थी स्वभावका छन् ।

यो नाटक ऐतहिासिक परिवेशमा आधारित छ । यसले तत्कालीन नेपालको षड्यन्त्रमूलक अन्योलपूर्ण, अस्थिर र अनिश्चित परिवेशलाई देखाएको छ । यो नाटक द्वन्द्वपूर्ण र दुःखान्त भावानुकूल बनेको छ । यो नाटक दुःखान्तीय परिवेश र द्वन्द्वका दृष्टिले हेर्दा नाटकीय कथानक द्वन्द्वले नै कुतुहलपूर्ण विकासशील र परिणाममुखी भएको छ । द्वन्द्वले नै परिवेश कारुणिक र त्रास भएकाले नाटक दुःखान्तमा परिणत भएको छ । बुदागत रुपमा शीर्षक यस प्रकार छन् ।

१. बालकृष्ण सम (१९५९-२०३८) बहुआयामिक व्यक्तित्व भएका साहित्यकारका रूपमा चिनिन्छन् । उनको समग्र व्यक्तित्वको निर्माण र विकास द्वन्द्वलाई नै प्रमुख कारक तत्त्वको रूपमा लिइन्छ । उनको व्यक्तित्व निर्माण पारिवारिक वातावरणबाट भएको छ । आफ्ना पूर्वजहरू हजुरबुबा र हजुरआमा, बुबा र आमाका चरित्रमा विपरित स्वभावबाट नै बालकृष्ण समको चरित्रको निर्माण भएको हो । घरायसी वातावरणबाट नै साहित्यिक रुचि जागेर कविताको रचना गर्न थालेको देखिन्छ ।
२. भीमसेनको अन्त्य नाटकको कथानक आठ अङ्कमा विभाजित छ । यसलाई संरचनात्मक दृष्टिले हेर्दा पहिलो, दोस्रो र तेस्रो अङ्क आदि भागमा पर्दछ । पहिलो अङ्कमा द्वन्द्वको परिचय र आरम्भ भएको छ भने दोस्रो र तेस्रो अङ्कमा द्वन्द्वको विकास भएको छ । चौथो, पाँचौ र छैटौं अङ्कहरू मध्यभागमा पर्दछन् । यसमा द्वन्द्वको

चरमोत्कर्षको अवस्था देखिएको छ । सातौं र आठौं अङ्क अन्त्य भागमा पर्दछन् । यसमा सङ्घर्षह्रास र उपसंहारको अवस्था देखिएको छ ।

३. यो नाटकमा करिव बीस जना पात्रहरू छन् । भीमसेन, रणजङ्ग र राजेन्द्र प्रमुख पात्र हुन् भने रङ्गनाथ, जेठी रानी, कान्छी रानी, कुलराज, एकदेव आदि सहायक पात्र हुन् । अरु सबै गौण पात्र हुन् । भीमसेन, एकदेव, रङ्गनाथ, कान्छी रानी अनुकूल चरित्र र राजा, रणजङ्ग, जेठीरानी, कुलराज प्रतिकूल चरित्रको भूमिकामा देखिन्छन् ।

४. यस नाटकका प्रमुख पात्र भीमसेन हुन् । उनी अनुकूल चरित्रका रूपमा रहेका छन् । उनको चरित्र अन्तर्द्वन्द्वप्रधान छ । उनका जीवनमा मृत्युमूल र जीवनमूल प्रवृत्तिबीच द्वन्द्व भएको छ । भीमसेनमा इदभन्दा अहम् र उच्चाहम् प्रबल देखिन्छ । त्यसैले उनी नैतिक र इमान्दार व्यक्तिका रूपमा चिनिन्छन् । उनमा अन्तर्द्वन्द्वगत कुण्ठा देखिन्छन् । भीमसेन अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल र अनुकूल-प्रतिकूल द्वन्द्वमा परेका छन् । उनले विपरीत परिस्थिति, नियति र प्रकृतिसँग पनि द्वन्द्व गर्नुपरेको छ । यो द्वन्द्वले नै उनको चरित्र स्वभाविक, गतिशील र जीवन्त बनेको छ । पारस्परिक द्वन्द्वले उनलाई स्वाभिमानी, राजभक्त र देशभक्त प्रधानमन्त्रीका रूपमा चिनाएका छन् । उनको चरित्र कारुणिक, त्रासद, सहानुभूतियोग्य र दुःखान्त बनेको छ ।

५. रणजङ्ग अर्का प्रमुख चरित्रका रूपमा चिनिन्छन् । उनमा प्रतिकूल चरित्र भएकाले घृणा, क्रोध, झगडा, विनाश र मृत्यु आदि भाव प्रकट भएका छन् । उनमा पर्यावरणगत कुण्ठा र अनुकूल-अनुकूल, प्रतिकूल-प्रतिकूल र अनुकूल-प्रतिकूल द्वन्द्व छन् । उनमा हीनताग्रन्थि भएकाले अर्कालाई दोष लगाएर आफ्नो दोष लुकाउन खोज्छन् । उनले आफ्ना बापवैरी भीमसेनसँग षड्यन्त्र गरेर बदला लिन्छन् जसले गर्दा भीमसेन सेरिएर मर्छन् । यिनले विपरीत परिस्थिति र नियतिसँग पनि द्वन्द्व गर्नुपरेको छ । यी अन्तर्द्वन्द्व र पारस्परिक द्वन्द्वबाट उनी स्वार्थी, पक्षपाती, निर्दयी, प्रतिकूल चरित्रका कारणले नाटक दुःखान्त भएको हो ।

६. राजेन्द्र यस नाटकका अर्का प्रमुख पात्र हुन् । राजा बालिग भएकाले भरखर राजा भएका छन् । उनीमा कुन साचो कुन झुटो छुट्याउन सक्ने क्षमता छैन । उनमा उच्चाअहम् भएकाले भीमसेनमाथि आफ्नो राजस्व प्रदर्शन गर्दछन् भने इद प्रबल भएकाले बाहिर आदर्श राजा हुन खोजे पनि सफल हुन सक्दैनन् । राजामा शासकीय अयोग्यताले व्यक्तिगत कुण्ठा भएको देखिन्छ । उनमा अनुकूल-अनुकूल, प्रतिकूल-

प्रतिकूल, प्रतिकूल-अनुकूल द्वन्द्व पाउन सकिन्छ । यिनै द्वन्द्वले गर्दा उनी कुनै पनि कुराको निर्णय आफै गर्न सक्दैनन् । उनको चरित्र स्वाभाविक, गतिशील, प्रभावकारी र प्रतिकूल बनेको छ । उनको सबैभन्दा बढी द्वन्द्व भीमसेनसँग भएको देखिन्छ । उनले विपरीत परिस्थिति र नियतिसँग पनि द्वन्द्व गर्नु परेको छ । यिनै विशेषताले गर्दा नाटक दुःखान्त बनेको छ ।

७. यो ऐतिहासिक यथार्थ र वास्तविक परिवेशमा आधारित स्थानगत, समयगत र परिस्थितिगतले महत्त्वपूर्ण नाटक मानिन्छ । यो नेपालको १८९४ देखि १८९६ सालसम्मको काठमाडौंको हनुमानढोकाको राजदरबार र त्यही वरिपरि घटेको ऐतिहासिक र राजनीतिक घटना र परिवेशमा आधारित भएको छ । यसले तत्कालीन परिस्थितिको अन्योलपूर्ण, षड्यन्त्रमूलक राजनीतिक परिवेशलाई प्रस्तुत गरिएको छ । यो नाटकको सम्पूर्ण परिवेश प्रस्तुत गरिएको छ । यो नाटकको सम्पूर्ण परिवेश द्वन्द्वपूर्ण र दुःखान्त भावानुकूल बनेको छ । यस नाटकको वातावरण त्रासद र कारुणिक भएकाले नाटक दुःखान्त भएको हो । यो नाटक कथानक संरचना र द्वन्द्व, दुःखान्तीय चरित्र र द्वन्द्व तथा दुःखान्त परिवेश र द्वन्द्वका दृष्टिले हेर्दा कथानक द्वन्द्वले कूतूहलपूर्ण, विकासशील र परिणाममुखी बनेको पाइन्छ । यस नाटकको चरित्र द्वन्द्वले गतिशील, स्वाभाविक र जीवनानुरूप बनेको छ भने परिवेशगत द्वन्द्वले कारुणिक, त्रासद र दुःखान्त भावानुकूल बनेको छ जसले गर्दा यो नाटक दुःखान्तमा परिणत भएको छ ।

# सन्दर्भसूची


अधिकारी, इन्द्रविलास (२०५६), **पश्चिमी साहित्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५०), **विचार र व्याख्या**, दोस्रो सं, ललितपुर : साझा प्रकाशन ।

. . . (२०५२), **नाट्य र रङ्गमञ्च**, काठमाडौं : रुमु प्रकाशन ।

. . .(२०५५), **दुःखान्त नाटकको सृजना परम्परा**, काठमाडौं : ने.रा.प्र.प्र. ।

. . .(२०५५), **नाटकको अध्ययन**, ललितपुर : साझा प्रकाशन ।

. . . (२०६५), **समको दुःखान्त नाट्यचेतना**, ते.सं. ललितपुर : साझा प्रकाशन ।

कार्की, कर्णबहादुर (२०५९), **'भीमसेनको अन्त्य' नाटकको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

कोइराला, कुमारप्रसाद (२०६६), **केही आधुनिक नाटक र नाटककार**, काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

. . .(२०६६), **समका दुःखान्त नाटकमा द्वन्द्वविधान**, विद्यावारिधी शोधप्रवन्ध, त्रि.वि, कीर्तिपुर ।

गुरुङ्ग, आशा कुमारी (२०७३), **'भीमसेनको अन्त्य' नाटकमा परिवेश विधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनको सैद्धान्तिक परम्परा**, भाग १, ललितपुर : साझा प्रकाशन ।

थापा, अशोक (२०६५), **नाट्य समीक्षा र अन्य समालोचना**, काठमाडौं : न्यू हीरा बुक्स इन्टर प्राइजेज ।

दाहाल, छन्दविनोद (२०४२), **समका ऐतिहासिक नाटकको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर ।

नगेन्द्र, महेन्द्र चतुर्वेदी (२०१४), **अस्तुका काव्यशास्त्र**, इलाहवाद : भारती भवन ।

पन्त, अर्जुनदेव (२०६२), **वेदान्त दर्शनसार**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पोखरेल, रामचन्द्र (२०६२), **नेपाली नाटक सिद्धान्त र समीक्षा**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, कृष्णप्रसाद (२०५८), **फ्रायड र मनोविश्लेषण** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, ताना (२०६२), **सम र समका कृति,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५६), बालकृष्ण समका नाट्य प्रवृत्ति, **गरिमा** वर्ष १७, अङ्क ६, पूर्णाङ्क १९८, पृ. ६८-७४ ।

श्रेष्ठ, कृष्णदास (२०५३), **द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गहरूबारे,** काठमाडौं : जनसाहित्य प्रकाशन केन्द्र ।

सम, बालकृष्ण (२०५७), **भीमसेनको अन्त्य**, (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, देवीप्रसाद (२०६४), **समको सुखान्त नाट्यकारिता**, काठमाडौं : एकता बुक्सन डिस्ट्रिव्युटर्स प्रा.लि. ।

हड्सन विलियम हेनरी (सन् २००२), **एन इन्ट्रोडक्सन टु द स्टडी अफ इङ्गलिस लिटरेचर,** दिल्ली : रबिन बुक, पृ.१८८ ।